# परिच्छेद : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक '**पश्चिम दाङमा प्रचलित लोककथाको सङ्कलन, अध्ययन र विश्लेषण** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषय स्नातकोत्तर द्वितीय वर्षको दसौँपत्रको आवश्यकता पूर्तिका लागि गरिएको छ ।

## १.३ विषय परिचय

मानव सभ्यताको इतिहासमा अभिव्यक्तिगत प्रथम सोपानका रुपमा जन्मेको जेठो साहित्य नै लोकसाहित्य हो । पूर्वीय वाङ्मयमा 'लोक' शब्दको प्रयोग वैदिककाल वा सोभन्दा पनि पूर्वदेखि हुँदै आएको छ । यो शब्द संस्कृतको 'लोकृ' दर्शने धातुमा 'धञ' प्रत्यय जोडेर बनेको यस धातुको अर्थ हेर्नु वा देख्नु हुन्छ जसको 'लट' लकारमा अन्य पुरुष एकवचनको रुप 'लोकते' हुन्छ । यसकारण लोकशब्दको अर्थ देख्ने अर्थात देखिनेवाला हुन्छ ।

यसरी लोकसाहित्य लोकजीवनको ऐना हो । जनसाधारणको हृदयको भावोदगार हो । जनसाधारणले भोगेका जीवन र जगतको अनुभव र अनुभूति यसमा पाइन्छ ।

लोकसाहित्यमा विभिन्न विधाहरु हुन्छन् । विभिन्न विद्वानहरुले विभिन्न आधारमा लोकसाहित्य विधाको वर्गीकरण गरेका छन् जो निम्नानुसार प्रस्तुत गरिन्छ :

१. भाषिक अभिव्यक्तिका आधारमा

२. संस्कार अनुष्ठानका आधारमा

३. प्रस्तुतिका दृष्टिले

४. विषयवस्तुका आधारमा

लोकसाहित्यको वर्गीकरण गर्दा विभिन्न आधारहरु अपनाइएपनि विषयवस्तुका आधारमा गरिने वर्गीकरण विधागत वर्गीकरण हो । विधागत वर्गीकरण गर्दा लोकसाहित्यका ६ वटा विधा देखिन आउँछन् । तिनलाई यसरी प्रस्तुत गरिन्छ ।

१. लोकगीत

२. लोककथा

३. लोकगाथा

४. लोकनाटक

५. उखानटुक्का

६. गाउँखाने कथा

**लोककथा :**

लोकसाहित्यको दोस्रो महत्वपूर्ण विधा लोककथा हो । लोककथा विभिन्न अवसरमा घटित घटनाहरुको नाटकीय ढङ्गले चित्रण, वर्णन गरिएको हुन्छ । आफ्ना अनुभवहरु अरुसँग भन्ने र सुन्ने क्रममा विकसित भएका लोककथाको लागि वक्त र स्रोता दुबैको आवश्यकता पर्दछ । यस्ता लोककथाले स्रोतालाई मुग्ध पार्दछ । यस्ता लोककथाहरु प्राय काल्पनिक अतिमनोरञ्जनात्मक र कतै धार्मिक र आपदेशिक प्रवृत्तिका हुन्छन् । भूत, प्रेत, धामी, झाक्री, बोक्सी जानुटोना आदि समेत समावेश भएका यस्ता लोककथाहरु रोचक हुन्छन् । यिनको भाषा कथन गद्यात्मक हुन्छ । शैली वर्णनात्मक हुन्छ । यहाँ लौकिक, अलौकिक, सम्भव, असम्भव आदिको कुनै सीमा हुँदैन । ती सबैका साधारिकरण भई रसात्मक अनुभूति प्राप्त भएको हुन्छ । यसप्रकार लोकजीवन तथा मानिसका अनुभवका अवशेषहरुलाई समय र स्थान अनुसार समेट्दै सुरक्षित गर्दै प्रस्तुत गर्ने एउटा सङ्ग्रहालयको रुपमा लोककथालाई लिन सकिन्छ ।

लोककथाको वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ :

(क) शिल्पविधानका आधारमा-

(अ) घटनाप्रधान लोककथा

(आ) चरित्रप्रधान लोककथा

(इ) परिवेशप्रधान लोककथा

(ख) विषयवस्तुका आधारमा-

(अ) पौराणिक लोककथा

(आ) सामाजिक लोककथा

(इ) किंवदन्तीमुलक लोककथा

(ई) अतिप्राकृतिक लोककथा

(इ) पशुपंक्षी लोककथा

यसका साथै भावका आधारमा, उद्देश्यका आधारमा पनि बर्गीकरण गर्न सकिन्छ ।

## १.४ समस्याकथन

लोकसाहित्यको क्षेत्रमा लोककथाको आफ्नै पहिचान र महत्व छ । लोककथाको क्षेत्रमा विभिन्न समयमा विभिन्न विद्वानहरुले सङ्कलन, अध्ययन र विश्लेषण गरेतापनि दाङ जिल्लाको पश्चिम क्षेत्रमा पर्ने पञ्चकुले गा.वि.स. पुरनधारा गा.वि.स. बाघमारे गा.वि.स. क्षेत्रमा प्रचलित रहेका, त्यहाँका जनताको ढुकढुकी लोककथा जो आजसम्म उक्त क्षेत्रमा गएर ती कथाहरुलाई सङ्कलन, अध्ययन र विश्लेषण गर्ने काम कसैले पनि गरेको देखिंदैन । आजको सन्दर्भमा समाज र समाजका बौद्धिक वर्ग आफ्नो क्षेत्रमा कलासंस्कृतिलाई विकसित र समृद्ध गराउन लागिरहेको सन्दर्भमा अहिलेसम्म यस क्षेत्रमा पाइने लोककथाको अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ । प्रस्तुत शोधले यसैलाई समस्याको रुपमा लिएको छ ।

- यस क्षेत्रमा पाइने लोककथाको प्रवृत्ति कस्तो छ ?
- यी कथाको वर्गीकरण कसरी गर्न सकिन्छ ?
- यी कथाले दिने मूल सन्देश के हुनसक्छ ?
- लोकसाहित्यको क्षेत्रमा पश्चिम दाङका कथाको के महत्व छ ?
- लोककथालाई के कसरी व्याख्या, विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

कुनै पनि कार्यको उद्देश्य हुन्छ । उद्देश्य विहिन कुनै कार्य गरिदैन । यदि उद्देश्य विहिन कुनै कार्य गरियो भने त्यसको खासै अर्थ र महत्व हुँदैन । अझ भनौ. समस्या कथनमा उठेका प्रश्नको उत्तर खोज्ने काम नै शोधकार्यको उद्देश्य हो जसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- लोककथाको स्वरुप र विशेषता पहिचान गर्ने ।
- लोककथाको विभिन्न कोणबाट अध्ययन गर्दै वर्गीकरण गर्ने ।
- सङ्कलित लोककथाले दिने मूल सन्देश पहिचान गर्ने ।
- सङ्कलित लोककथाको विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्ने ।
- पश्चिम दाङमा पाइने लोककथाको सङ्कलन र विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली लोककथाको सङ्कलन अध्ययन र विश्लेषणको इतिहास यति लामो छैन । लोककथाको क्षेत्रमा समर्पित भएर लाग्ने र लोककथाको सङ्कलन गर्नेमा वोधविक्रम अधिकारी, ललितजङ्ग सिंजापति सवर्णशमशेर, इमानसिंह चेमजोङ, करुणाकर वैद्य आदिको ठूलो योगदान रहेको छ ।

(क) वोधविक्रम अधिकारी

वोधविक्रम अधिकारीद्वारा सम्पादित १२ लोककथाको सङ्ग्रह नेपाली दन्त्यकथा (१९९६) आजसम्मको एउटा प्रसिद्ध सङ्कलन हो । संस्थागत रुपमा लोककथाको सङ्कलनमा रुचि देखाउने यो ऐतिहासिक प्रयास थियो ।

(ख) ललितजङ्ग सिजापति

यिनले लोककथाको सङ्कलनमा ठूलो योगदान गरेका छन् । यिनको दन्त्यकथामाला (२००३) मा ५६ वटा लोककथा सङ्कलन छन्, साथै नेपाली ऐतिहासिक कथा सङ्ग्रह (२००८) मा जात्रा पर्वसँग सम्बन्धित २० कथाहरु छन् ।

(ग) सुवर्णशमशेर जवराको दन्त्यकथा २००५ मा परम्परासँग सम्बन्धित नौं कथाहरु छन् ।

(घ) जुजुराम कुस्लेको सुनौलो कथा २०१६ मा नेपाली लोककथाको सङ्कलन प्रकाशित छ ।

(ङ) इमानसिंह चेमजोङको किराँती दन्त्यकथा २०२१ मा किराँत सम्बन्धी १९ दन्त्यकथा प्रचलित छन् ।

(च) तुलसी दिवसको सम्पादनमा (२०३२) मा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट नेपाली लोककथा (२०३२) प्रकाशित भयो । यसमा १३२ वटा लोककथाहरु सङ्कलित छन् ।

(छ) धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा संयुक्तरुपमा लेखिएको नेपाली लोकसाहित्यको विवेचनामा (२०४१) लोककथाबारे व्यापक चर्चा गरिएको छ ।

यसका साथै रत्न पुस्तक भण्डार, बालकोसेली प्रकाशन, एकता प्रकाशन, सेतो गुराँस र अन्य केही प्रकाशनले पनि लोककथाको सङ्कलन र प्रकाशनले पनि लोककथाको सङ्कलन र प्रकाशनमा केही काम गरेको देखिएतापनि राप्ती अञ्चलको दाङ जिल्लामा पश्चिम क्षेत्रमा अवस्थित तीनवटा गा.वि.स. (१) पञ्चकुले गा.वि.स. (२) वाघमारे गा.वि.स. (३) पुरन्धारा गा.वि.स. जुन गा.वि.स.ले पूर्वदाङ र मध्यदाङ भन्दा फरक किसिमको संस्कृति बोकेको पाइन्छ । उक्त क्षेत्रमा परापूर्वकालदेखि प्रचलनमा रहेका तर उक्त क्षेत्रमा गई त्यहाँको सामाजिक परिवेशमा उभिएर लोककथाको सङ्कलन अध्ययन विश्लेषण गर्ने कार्य कसैले पनि नगरेकोले पश्चिम दाङमा पाइने लोककथाको अध्ययन, सङ्कलन र विश्लेषण गर्न यस शोधको आवश्यक छ ।

## १.७ शोधको औचित्य

लोककथाको सङ्कलन, अध्ययन र विश्लेषण लोकसंस्कृति एवम् लोकसाहित्यको संरक्षण र विकास गर्न लोकसाहित्य सम्बन्धी चेतना बृद्धि गर्न अहिलेको परिवेशमा अत्यन्तै आवश्यक छ । नेपाली भाषा नेपाली साहित्य लोककथा एवम् लोक सुशेलीको संरक्षण गर्नु अहिलेको आवश्यकता हो । अझ आफ्नो एवम् क्षेत्र वरपर पाइने यस्ता लोकसम्पत्तिरुपी लोककथालाई संरक्षण गर्न सकिएन भने लोप भएर जाने भएकाले लोप हुनबाट जोगाउनु तिनको सङ्कलन, अध्ययन र विश्लेषण गर्न जरुरी भएकाले समग्र नेपाली लोकसाहित्य र लोककथाको पहिचान जोगाउन, गरिमा अभिबृद्धि गर्नमा सहयोग पुऱ्याउने किसिमले यी लोककथाको खोज, अध्ययन र विश्लेषण हुन औचित्यपूर्ण महत्व राख्दछ । यसको पुष्टि पूर्वकार्यको समीक्षाले पनि गरिसकेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

पश्चिम दाङमा पाइने लोककथाको सङ्कलन, अध्ययन र विश्लेषण, सङ्कलित लोककथाको स्वरुप, परिभाषा, आन्तरिक संरचना र बाह्य संरचना, विशेषता, विभिन्न धारामा वर्गीकरण, यसको अध्ययन परम्पराका साथै नेपाली लोकसाहित्यको क्षेत्रमा यी लोककथाको योगदानको अध्ययन विश्लेषण सङ्कलित लोककथाको सीमा क्षेत्रमा रहेर गरिएको छ । यो अध्ययन विश्लेषण यिनै कथाको सेरोफेरोमा सीमित रहेको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र शोधविधि

(क) सामग्री सङ्कलन

यस शोधकार्यको लागि आवश्यक तथ्य र सम्बद्ध अन्य सामग्रीहरु सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुबै प्रकारका स्रोतको सहयोग लिइनेछ । शोधपत्र तयार गर्ने सन्दर्भमा निम्नानुसार प्राथमिक र द्वितीय स्रोत प्रयोग गरी सामग्री सङ्कलन गरिनेछ ।

(अ) शोधकार्यको प्राथमिक स्रोत अन्तर्गत शोधनायक स्वयम् सम्बन्धित क्षेत्रमा गई सम्बन्धित जानकार व्यक्तिसँग लोककथाको बारेमा आवश्यक जानकारी लिइनेछ ।

(आ) शोधकार्यको द्वितीय स्रोतमा लोककथाको बारेमा विस्तृत जानकारीका लागि विभिन्न पुस्तक, पत्रिका तथा पुस्तकालयको अध्ययन गरी सामग्री सङ्कलन गरिनेछ ।

(ख) शोधपत्रमा नेपाली लोककथालाई अध्ययन विश्लेषण गर्ने तरिका अनुरुप सङ्कलित कथाको अध्ययन विश्लेषण हुनेछ । कृतिको अध्ययन विश्लेषणको लागि कृतिपरक समालोचना प्रणाली अँगालिनेछ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित एवम् सुसंगठित रुपमा प्रस्तुत गर्नको लागि जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकता अनुसार ती परिच्छेदलाई शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोधपपरिचय

परिच्छेद दुई : दाङ जिल्लाको परिचय

परिच्छेद तिन : लोककथाको सैद्धान्तिक स्वरूप

परिच्छेद चार : सङ्कलित कथाको अध्ययन र विश्लेषण

परिच्छेद पाँच : उपसंहार

# परिच्छेद : दुई
# दाङ जिल्लाको परिचय

## २.१ दाङ जिल्लाको परिचय

नेपाल एशिया महादेशमा अन्तर्गत दक्षिण एशियामा पर्ने देश हो । हिमालको काखमा अवस्थित सानो भू-परिवेष्ठित राष्ट्र नेपाल दक्षिण एशिया र मध्य एशियालाई सम्बृद्ध गर्ने श्रृङ्खलाको रुपमा रहेको छ । भू-आकारमा सानो भएता पनि विश्वका अन्य कतिपय देशहरुको तुलनामा भौगोलिक, साँस्कृतिक र प्राकृतिक आधारमा सम्पन्न छ । प्रशासनिक सुविधाको लागि नेपाललाई पाँच वटा विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा विाजन गरिएको छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्रका ५ वटा जिल्लाहरु मध्येको दाङ जिल्लाको पनि एक हो । यसको सामान्य परिचय निम्न शीर्षक, उपशीर्षकमा बाँडेर गरिएको छ ।

### २.१.१ नामाकरण

दाङ जिल्लाको नाम कसरी रहन गयो भन्नेवारे खासै अनुसन्धान हुन सकेको छैन तथापि चलिआएको किंवदन्ती अनुसार परापूर्वकालमा दाङको सकौरा भन्ने ठाउँमा राजधानी बनाएर दंगीशरण नामका राजाले गर्दथे ।[१] उनकै नामवाट अर्थात दंगीशरण वाट अपभ्रंश भएर यसको नाम दाङ रहन गएको हो भन्ने छ ।

### २.१.२ ऐतिहासिक पृष्ठभूमि

यस जिल्लाको ऐतिहासिक सन्दर्भलाई खोतल्दा दाङ भन्नाले दाङ र देउखुरी दुई उपत्यकालाई सम्झनु पर्दछ । दाङ जिल्ला मध्य-पशिममाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने राप्ती अञ्चलको भित्री मधेशमा पर्ने जिल्ला हो । पृथ्वीनारायण शाहाले नेपाल एकीकरण गर्नु भन्दा अगाडि वाइसे राज्य अन्तर्गत पर्ने यो जिल्लाको पहिलेको शासनको केन्द्रविन्दु सल्यानको फलावाङ थियो । पश्चिममा खस राज्यको पतन पश्चात वाइसे राज्यको स्थापना हुनेक्रममा यी राज्य स्थापना भएका थिए ।[२]

---

[१] ज्ञानेश्वर भट्टराई, विश्वज्ञान कोश (२०५८) ।

[२] दाङ जि.वि.स. द्वारा प्रकाशित स्रोतका आधारमा ।

दाङ राज्यका प्रथम राजा दङ्गीशरण थिए ।[३] वि.स. १२०० तिरको आरम्भमा दङ्गीशरणकै नेतृत्वमा थारु राज्य सञ्चालन गरेको थियो । दाङ सुकौरालाई राजधानी वनाएर राज्यसञ्चालन गरेको पाइन्छ । वि.स. १८४८ मा विशाल नेपालमा गाभिनु अघि दाङमा दुईवटा राज्य सञ्चालन भएको देखिन्छ । वि.स. १५ औ शताब्दीतिर जुम्लाका चल्लवंशीय राजाले दङ्गीशरणको राज्यमा आक्रमण गरी गुहार खोला देखि पूर्वको भू-भाग आफ्नो कब्जामा लिई राज्य सञ्चालन गरेका थिए ।[४] १५औँ शताब्दीदेखि दाङमा गुहार खोला देखि पश्मिमतिर दङ्गीशरणको राज्य र पूर्वतिर पूर्वतिर चल्लवंशी राजाको राज्य रहेको कुरा इतिहासकारहरुले वताएका छन् । मल्लको अपभ्रश छल्ल भयो त्यबाट छिल्ली वन्यो । यो शब्द आजसम्म प्रचलनमा छ । छिल्लीकोटका प्रथम मल्लवंशी राजा मेघनाथ थिए अन्तिम राजा विश्वनाथ शाहा थिए । तत्पश्चात समय र परिस्थितिलाई मध्यनजर गर्दे वि.स.१८४८ मा यो राज्य विशाल नेपालमा गाभिएको थियो भने दङ्गीशरणको नेतृत्वमा जर्गेना भएको थारु राज्यमा १२ पुस्ता पछि थारुकी महारानीले मदलसाले आफ्नो उत्तराधिकारी मणिक पारखलाई वनाएको जसलाई मणिक्य परीक्षक भनेर इतिहासमा चिनिन्छ । उनका उत्तराधिकारी रत्नपरीक्षकका छोरा नभएकाले छोरीको विवाह वझाङी राजा शक्तिसिंहका कान्छा छोरा दलिसिंहलाई दाङ सुकौरामा डोलाजी झिकाइ विवाह गराइ राज्य भिषेक गराएको देखिन्छ । दाङ सुकौरा राज्यमा तदुपरान्त क्रमशः[५] १. दलिसिंह वि.स. १५५०
२. सिकान्दर सिंह ३. भावासिंह ४. देवासिंह ५. अनुपसिंह ६. उद्योतासिंह
७. तेजसिंह ८. नवसिंह (वि.स.१८२०) ९. दलेलसिंह १०. दानवहादुर (सिंह)
११. दीर्घराज (सिंह) राजा भए त्यसपछि यो दाङ राज्य विशाल नेपालमा वि.स. १८४६मा सम्मिलित भएको पाइन्छ ।

## २.१.३ राजनैतिक तथा प्रशासनिक विभाजन

दाङ जिल्ला प्रशासकीय विभाजन अन्तर्गत मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलमा पर्ने एउटा जिल्ला हो । वि.स. २०१९ सालमा नेपाल अधिराज्यको संविधान लागु भएपछि दाङ र देउखुरीलाई अलग-अलग प्रशासनले हेर्ने व्यवस्था मिलाइएको थियो ।[६] देउखरी क्षेत्रका क्षेत्रको प्रशासन सञ्चालन पूर्वको तौलिहवा क्षेत्रका प्रशासनको निर्देशन जिल्लाको उपत्यकाको प्रशासन सञ्चालन सल्यान जिल्लाको फलावाङवाट हुन्थ्यो । वि.स.

---

[३] प्रा. डा. सुवेदी राजाराम, दङ्गीशरण थारुराजा सुकौरा महोत्सव (२०६३), पृष्ठ १२ ।
[४] प्रा. मजगैया श्रीधर, मजगैया वंशावली (वि.सं. २०५८) ।
[५] युवामञ्च, २०६२ माघ ।
[६] दाङ जिल्ला : एक चिनारी, जि.वि.स., दाङ, २०६७ ।

२०२५  सालमा प्रमुख जिल्ला अधिकारीको व्यवस्था भएपछि एउटै प्र.जि. अ.ले प्रशासन सञ्चालन गर्ने व्यवस्था रहेको छ । दाङ जिल्लालाई वि.स.२०१९ साल देखि वि.स.२०३३ सालसम्म ३८ वटा गाउँपञ्चायतमा विभाजन गरिएको थियो । वि.स. २०३७ सालमा गा.प. को सङ्ख्या विस्तार गरी ४० वटा गा.वि.स. वनाइयो ।

नेपाल अधिराज्यको  संविधान २०४७ लागुहुनु पूर्व दाङ जिल्लाबाट राष्ट्रिय पञ्चायतको संसदमा २ जना सदस्यले प्रतिनिधित्व गर्दथे ।

२०४७ सालको संविधान लागु भएपछि त्रिभुवननगर नगरपालिकाको घोषणा भयो अनि दाङ जिल्लालाई ४ वटा निर्वाचन क्षेत्र र १३ इलाकामा विभाजन गरियो । प्रजातन्त्र पुनः स्थापना पछि वि.स. २०४८ सालमा भएको निर्वाचनमा ४ वटा स्थानमा संसदीय निर्वाजन भएको थियो । २०६३ को अन्तरिम संविधानमा ५ क्षेत्रमा गरिएको छ । संविधान सभाको निर्वाचनमा ५ क्षेत्र गरिएको छ । दाङ जिल्लामा पाँचवटा निर्वाचन क्षेत्र अन्तर्गत पर्ने ३९ गाउँ विकास समिति र दुई नगरपालिका रहेका छन् ।

निर्वाचन क्षेत्र नं. १ [७]

यसक्षेत्रमा रामपुर गोवरडिया गंगापरसपुर, कोइलावास,गढवा, चौलाही, संतवरिया, वेला, राजपुर र  सोनपुर गा.वि.स रहेका छन् ।

निर्वाचन क्षेत्र नं. २

यस क्षेत्रमा रामपुर, लक्ष्मीपुर, हाँसीपुर, लोहारपानी, काभ्रे, सैधा, स्यूजा, लालमटिया, सिसहनिया रहेका छन् ।

निर्वाचन क्षेत्र नं.३

यस क्षेत्रमा हापुर, नारायणपुर, ढिकपुर, घोराही न.पा घर्ना सौडियार रहेका छन् ।

निर्वाचन क्षेत्र नं. ४

तुलसीपुर नगरपालिका वार्ड नं. १ देखि ६ सम्म डुरुवा, मानपुर, विजौरी, फूलवारी, हलवार तरीगाउँ, उरहरी रहेको छन् ।

[७] दाङ जिल्लाको चिनारी, ऐजन् ।

निर्वाचन क्षेत्र नं. ५

यस क्षेत्रमा पुरनधारा, वाघमारे, पञ्चकुले धनौरी शान्तिनगर, पवननगर, हेकुली, गोल्टाकुरी र तुलसीपुर नगरपालिका वडा. नं. ७ देखि ११ सम्म रहेका छन् ।

## २.१.४ भौगोलिक स्थिति

भौगोलिक अवस्थिति दृष्टिले दाङ नेपालको तराई प्रदेशको खास गरेर हिमालपर्वत श्रृङ्खला भन्दा तल र चुरेपर्वत श्रृङ्खलाभन्दा माथि महाभारत पर्वत श्रृङ्खलामा रहेको छ यस जिल्लामा अग्ला अग्ला पर्वत लेक डाँडाहरु रहेका छन् भने साथमा खोला र नदीको वहावक्षेत्र सम्म परेको वेसी फाँटहरु समथरभूमी  र टारहरु रहेको छन् । यरी हेर्दा दाङ जिल्ला भौगोलिक दृष्टिले समान नभई असमान रुपमा रहेको देखिन्छ ।

## २.१.५ क्षेत्रफल र सिमाना

अक्षांशका हिसावले २७°३६ उत्तरी आक्षांश देखि २८°२९ उत्तरी अक्षांश र देशान्तरका हिसावले ८२°२ पूर्वी देशान्तरदेखि ८२°५ पूर्वी देशान्तरसम्म फैलिएको दाङ जिल्लाको क्षेत्रफल २९५५ वर्ग कि.मि. रहेको छ । समुद्र सतहवाट २१३ मिटर उचाइदेखि २०५८ मिटर उचाइ सम्म रहेको छ । दाङ जिल्लाको लम्बाई पूर्व पश्चिम ९० कि.मि. र उत्तर दक्षिण ७२ कि.मि. जति रहेको छ ।[८] यस जिल्लाको सिमाना पूर्व कपिलवस्तु र अर्घाखाची, पश्चिम सुर्खेत, वाँके उत्तर सल्यान, रोल्पा, प्यूठान वाग्लुङ र दक्षिणमा भारतसँग जोडिएको छ । यस जिल्लाको सबैभन्दा होचो स्थान सिहनियाको भानपुर २१३ मिटर र अग्लो स्थान अर्खले हाँसीपुर २०५० मिटर छ ।

## २.१.६ धरातलीय स्वरुप

दाङ जिल्लाको धरातलीय स्वरुप एक नासको छैन धरातलीय स्वरुपको आधारमा दाङ जिल्लालाई दुई भागमा वाड्न सकिन्छ ।[९]

१. देउखुरी क्षेत्र                २. दाङ क्षेत्र

[८] दाङ जिल्ला : एक चिनारी, जि.वि.स., दाङ, २०६७ ।

[९] ऐजन् ।

### २.१.६.१ देउखुरी क्षेत्र

दाङ जिल्लाको ३५% क्षेत्र देउखुरीले ओगटेको छ । यस जिल्लाका अधिकांश जनसङ्ख्या भित्री मधेश भाग अन्तर्गत नै बसोबास गरेको पाइन्छ अलिक उचाइ क्षेत्रमा भने मानिसको वसोबास न्यून पाइन्छ । यस भागमा पाखो बारी कम र खेत वढी हुने हुँदा यहाका बासिन्दाले मकै धान गहुँ भट्मास खेती वढी गर्दछन् । कागती, नासपति, आँप, लिची, लगायतका फलफूलहरु यस भागमा पाइन्छन् । यस क्षैत्रमा राप्ती पारिको क्षेत्र र राप्ती वारिको क्षेत्र गरी राप्ती नदीले दुईभागमा छुट्याएको छ ।

### २.१.६.२ दाङ क्षेत्र

दाङ जिल्लाको झण्डै ६५% क्षेत्र दाङ क्षेत्रले ओगटेको छ । पहाडको केही नदी र खोलाको किनारमा रहेका वेसीहरु र टारहरु समथल भू-भागहरु यहाँका महत्वपूर्ण क्षेत्रहरु हुन । यस भागमा उच्चताप सिचाईको सुविधा मलिलो माटोका कारण कृषि उत्पादनमा अगाडि रहेको छ । यी भू-भागहरुमा धान, गहुँ, मकै, उत्पादन हुन्छ । आलु काउली बन्दा जस्ता तरकारी खेती हुन्छन् भने कटहर केरा, आँप, लिची जस्ता फलफूल उत्पादन हुन्छ ,

### २.१.७ हावापानी

दाङ जिल्लाको धरातलीय स्वरुप एकनास नभएकोले हावापानी पनि फरक पाइन्छ । यहाँको हावापानी समशीतोष्ण मनसुनी हावापानी पाइन्छ ।

### २.१.७.१ समशीतोष्ण मनसुनी

समुद्र सतहबाट २१३ मिटरदेखि २०५८ मिटर सम्मको उचाइमा यस किसिमको जलवायु पाइनछ । हिउँदमा न्यानो रहने यस क्षेत्रमा ग्रीष्ममा ३५$^{\circ}$सम्म तापक्रम पुग्दछ ।

### २.१.८ नदीनालाहरु

दाङ जिल्लामा प्रशस्त नदीनाला तथा खोलाहरु छन् । जिल्लाभित्रमात्र नभएर स्वदेश तथा विदेशमा समेत नाम कमाएका राप्ती, बबई जस्ता पवित्र नदी यसै जिल्लामा पर्दछन् । यी नदीलाई एक पवित्र तीर्थस्थलका रुपमा लिइदै आएको छ । धार्मिक पुराणहरुमा समेत उल्लेखित भएका यी नदीहरु नेपालदेखि भारतसम्म बग्ने गर्दछन् । यस जिल्लाका अन्य नदीहरुमा पातुखोला गुहारखोला सेमारखोला, रानीघाट आदि प्रख्यात छन् ।

### २.१.९ वनजङ्गल

दाङ जिल्ला वनजङ्गलका दृष्टिले अगाडि यहाँको हावापनी विविधता भएकोले गर्दा जंगलमा विभिन्न किसिमका वोटविरुवा पाइन्छन् , कृषि पशुपालनको आवश्यकता पूर्ति गर्ने मुख्य साधन वनजंगल नै हो । त्यसैले यहाँका वासिन्दासँग वनजङ्गलको घनिष्ठ सम्बन्ध रहेको छ । यस जिल्लाको तल्लो भेग जंगल सिसौ चिउरी, टुनी,शिरीष, तिजु जस्ता रुखहरु पाइन्छन् उपल्लो भेगतिर भने गुराँस कटुस खर्सु साभ्का घनेरो, सिमल, मनिकाठ, लाकुरी दवदवे आदि रुखहरु पाइनछन् ।[१०]

यस जिल्लाका जंगलहरुमा विभिन्न प्रकारका जडीवुटीहरु पाइन्छन् । तर सही तरिकाले खोज अनुसन्धान र सदुपयोग भएको पाइँदैन । यहशाँका नडविुटीको यपयोग हुनसकेमा स्वदेशी तथा विदेशी मुद्राको आजन हुनसक्ने थियो । यस्तै यहाँका जंगलमा बाघ, चितुवा, मृग, हरिण, मलसाप्रो, खरायो जस्ता जनावर, काग, कोईली ढुकुर, जुरेली, सारी, सुगा, न्याउली, कोकल, कालिज, लुइचे आदि पंक्षीहरु पाइन्छन् । जंगलहरुमा विभिन्न सामुदायिक वन प्रख्यात छन् । आजभोलि भने व्यापक वनविनाश हुँदै गएकाले जंगली जनावर र पंक्षीहरु लोप हुने अवस्थामा छन् । दाङ जिल्लामा जम्मा वन क्षेत्र २०१९०० हेक्टर चरन क्षेत्र ८५९१ हेक्टर निजीवन २६४ वटा १३७ हेक्टर सामुदायिक वनसङ्ख्या ४३८८६२२९५ हेक्टर) महिला सामुदायिक वन ५९ (२४६२ हेक्टर) धार्मिक वन ३ सामुदायिक वन क्षेत्रफल ९२२९५ हेक्टर रहेको छ ।

### २.१.१० तीर्थस्थलहरु

ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरु यस जिल्लामा प्रशस्त छन् । यस जिल्लाका प्रमुख तीर्थस्थलहरु मध्य[११]

| | | |
|---|---|---|
| १. वाह्रकुनेताल | २. शीतलपुर मन्दिर | ३. अम्विकेश्वरी मन्दिर |
| ४. छिल्लीकोट | ५. विजौरी शिवालय | ६. राधाकृष्ण मन्दिर |

आदि प्रमुख तीर्थस्थलहरु हुन माघेसंक्रान्तिमा बाह्रकुने दहमा मेला लाग्दछ । जहाँ देशका विभिन्न ठाउँवाट मानिस दहमा नुहाउन आउँछन् ।

---

[१०] दाङ जिल्ला : एक चिनारी, जि.वि.स. दाङ, २०६७ ।

[११] ऐजन् ।

### २.१.११ पर्यटकीय स्थलहरु

दाङ जिल्लामा थुप्रै पर्यटकीय स्थलहरु छन् जो प्रचारकको अभावभर ओझेलमा परेका छन् मोटामोटी रुपमा पर्यटकीय स्थलहरुको विवरण यस प्रकार रहेको छ ।[१२]

१. पुरनधारा झरना- दाङ जिल्लाको पश्चिममा पर्ने पुरनधारा गा.वि.स. मा पर्ने यो झरना ३० मिटर जति उचाइवाट वग्ने गर्दछ ।

२. छिल्लीकोट विजौरीदेखि उत्तरतर्फको पहाडमा अवस्थित छिल्लीकोटमा प्रयानी राजाको दरवार रहेको छ ।

३. जखेडा ताल - देउखरी उपत्यकामा अवस्थित यो ताल वनभोडा क्षेत्रको रुपमा चिनिन्छ ।

अन्य ऐतिहासिक पर्यटकस्थल र धार्मिक स्थलहरु

| | |
|---|---|
| १. सिद्ध गोरक्ष रत्न नाथ मठ | - चौधेरा |
| २. वगारवावा | - रिहार |
| ३. पाण्डेश्वर शिवमन्दिर | - धारपानी |
| ४. चमेरेगुफा | - हलवार |
| ५. सवारीकोट | - लक्ष्मीपुर |
| ६. रामजानकी मन्दिर | - कोइलावास |
| ७. गौरीताल | - टरीगाउँ |

## २.२ सामाजिक जनजीवन

मानिस समाजिक प्राणी हो । समाज र मानवजीवन एक सिक्काका दुईपाटा हुन् । भन्ने सकिन्छ । नेपाल वहुभाषिक, वहुसांस्कृतिक वहुजातीय एवं बहुधार्मिक राज्य भएकोले दाङ जिल्लाको जनजीवन पनि नेपाल भित्रको एक अंगमा र्पछ । समाजमा रहेको जातजाति, धर्म भाषा, पेशा रहन सहन संस्कृति संस्कार लवाइ खवाईको चित्रण नै सामाजिक जनजीवन अन्तर्गत पर्दछ ।

---

[१२] ऐजन् ।

## २.२.१ जातजाति

दाङ जिल्लामा जातीयताको हिसावले हेर्दा ब्रहमण क्षेत्री, वैश्य शुद्र चारे वर्णका मानिसहरुको वसोबास भएको पाइन्छ ।[१३] ती जातिहरुमा क्षेत्री, ब्राहमण्म, मगर थारु नेवार मुस्लिम, कामी, दमाई, यादव, ठकुरी, सार्की, सन्यासी, वोटे जातजातिका मानिसहरु वसोवास गर्दछन् । दाङ जिल्लाका मुख्य वासिन्दाको ठूलो हिस्सा ब्राह्मण र क्षेत्रीले ओगटेको देखिन्छ । पुरुष प्रधान समाज यहाँको विशेषता मान्न सकिन्छ । आजभोलि भने महिलाहरु पनि सामाजिक कार्यमा अग्रसर हुन थालेका छन् ।

## २.२.२ धर्म

दाङ जिल्लाका अधिकांश मानिसहरुले मान्ने धर्म हिन्दु धर्म हो । यहाँका वासिन्दा हिन्दु धर्म मान्ने भएकोले हिन्दु धर्म अनुसार नै आफ्नो प्ररम्परा र संस्कृतिको जर्गेना गरेका छन् ।[१४] हिन्दु धर्मका साथसाथै यहाँ केही मात्रामा अन्य धर्म मान्ने नागरिकहरु पनि रहेका छन् । जसको विवरण निम्ननुसार छ ।

| धर्म | २०५८को जनसङ्ख्या | प्रतिशत २०४८ | प्रतिशत २०५८ |
|---|---|---|---|
| हिन्दु | २८५०७० | ९९.५७ | ९६.१० |
| वौद्ध | १०९५६ | ०.२६ | ३.६९ |
| इस्लाम | ४१९ | ०.९ | ०.१४ |
| क्रिश्चियन | ११३ | ०.०३ | ०.०४ |
| अन्य | ९६ | ०.०५ | ०.०३ |

## २.२.३ भाषा

दाङ जिल्लामा विभिन्न जातजातिका नागरिकहरु बसोवास गरे पनि यहाँका अधिकांश नागरिकहर मातृ भाषाको रुपमा नेपाली भाषा नै प्रयोग गरी वोलेको पाइन्छ । मगर जातिको वाहुल्यता रहेको क्षेत्रमा भातृभाषाका रुपमा मगराँती र नेवार जातको वाहुल्यता भएको क्षेत्रमा नेवारी भाषालाई मातृभाषाका रुपमा प्रयोग गर्ने गर्दछन् । तर मगर र नेवारहरु अन्य जातीय समुदायसँग नेपाली राष्ट्र भाषालाई माध्यम भाषाका रुपमा प्रयोग

[१३] दाङ जिल्ला : एक चिनारी, जि.वि.स., दाङ, २०६७ ।
[१४] पूर्ववत् ।

गरेर वोल्ने गर्दछनन् । नेपाली भाषा वोल्ने क्रममा केही मगर गुरुङ नेवारहरुले 'त' लाई ट/ड वनाएर वोलेको पनि पाइन्छ । कामी, दमाई,सार्की आदिले आउँछ -आन्छ। पिंध-पेध, विहान-वेन। मलाई-माला, चोया-चोए जस्ता केही शब्दको आफ्नै प्रकारले प्रयोग गर्दछन् तापनि उनीहरुको यस्तो प्रयोग सामान्य नै लाग्दछ ।

### २.२.४ पेसा

दाङ जिल्लाका मानिसहरुको मुख्य पेसा भनेको कृषि नै हो । जिल्लाका ८०% जनता कृषिमानै निर्भर छन् तापनि अधिकांश पहाडी भागमा सिंचाईको असुविधा भएकाले खेतीयोग्य जमिनको अभावमा आशातित उब्जनी हुन सकेको छैन ।[१५] तर पनि अधिकांश समय कृषि पेसामानै विताउनु पर्ने वाध्यता छ । कृषिवाहेक व्यापार, प्रशासनिक क्षेत्र, वैदेशिक रोजगार आदि पेशामा संलग्न टन् । जातिगत हिसाबले गर्दा यस जिल्लाका ब्राह्मणको पेशा पण्डित्याँइ र जागिर छ । क्षेत्री मगर गुरुङ पल्टनमा भर्तीहुने र कमैमात्र प्रशासनिक क्षेत्रमा कार्यरत छन् । दमाई, कामी सुनार,कुमाल, क्रमश फलामको काम गर्ने, लुगा सिउने गहना बनाउने र माटाका भांडा बनाउने गर्दछन र कोही मानिसहरुले डकर्मी र सिकर्मीको काम गर्दछन् । यसरी दाङ जिल्लामा मानिसहरुले जीविकोपार्जनका लागि विभिन्न पेसामा लागेको पाइन्छ ।

### २.२.५ रहनसहन

दाङ जिल्लाको रहनसहन नेपालका अन्य क्षेत्रसँग समानुपातिक नै देखिन्छ । ग्रमीण क्षेत्रमा परम्परागत जीवनशैली नै देखिन्छ ।[१६] सहरी क्षेत्रमा आयातित जीवनशैलीलाई सस्त-सुस्त अङ्गीकार गदै गएको देखिन्छ । आधुनिकताको अनुशरण गरे तापनि परम्परागत सामाजिक जीवन भने यथावत नै यापन गरेको देखिन्छ । सरल, स्वावलम्वी, परिश्रमी,र सहयोगी यहाँका मानिसहरुले आपत विपत परेको समयमा एकले अर्कालाई अत्यन्त सहयोग गरेको पाइन्छ । यहाँका धेरै जसो घर एक तले, कही दुईतले तीनतले पनि पाइन्छ । व्यापारिक केन्द्रहरुमा पिलर सहितका पक्की घरहरु पनि निर्माण भइरहेको छन् ।

#### २.२.५.१ संस्कार

---

[१५] ऐजन् ।
[१६] ऐजन् ।

मानिसको गर्भधानदेखि मृत्युपर्यन्त गरिने विभिन्न विधिविधानलाई संस्कार भनिन्छ । हिन्दु धर्म अनुसार १६ संस्कार उल्लेख गरिएतापनि जनतालेसबै संस्कारलाई मानेको पाइदैन यहाँका मानिसहरुले मानिएका संस्कारहरुमा गर्भाधान भएपछि जातकर्म जन्मेको छेठौ दिनमा एघारौ दिनमा न्वारन ५ महिनामा अन्नप्रासन्न गर्दछन् । यस्तै युग कर्म व्रतवन्ध विवाह र मृत्युपछि मृत्यु संस्कार गर्ने गरेको पाइन्छ । यहाँका वासिन्दाहरु पुरातन संस्कारमा विश्वास गर्ने हुँदा समयको आधुनिकीकरणबाट टादै वसेर अझै पनि धामी झाँक्री वाइ, वोक्सी, लागो भागो मसान माथि विश्वास गर्ने गर्दछन् । [१७]

### २.२.५.२ लवाइखवाई

दाङ जिल्लामा मानिसहरुले केही मात्रामा जात र धर्म अनुसारको लवाइ-खवाइ गरेतापनि समग्रमा हेर्दा सवै मानिसको एकै सिसिमको जस्तो देखिन्छ ।[१८] यहाँको लवाइ खवाइमा आर्थिक अवस्थाले प्रभाव पार्ने गरेको छ । उच्च आर्थिक अवस्था भएका व्यक्तिहरुले फेसन अनुसार महंगा कपडा लगाउने तथा कम आयश्रोत भएका व्यक्तिहरुले सस्तो मूल्यका कपडा लगाउने गर्दछन् । समग्रमा भन्दा लोग्ने मानिसहरु दौरा सुरुवाल टोपी, कमिज इस्टकोट, पाइन्छ जाँगे कोट, धोटी, जस्ता लुगा लगाउँदछन् । आइमाईहरुले धोती चोलो, पटुका, पछ्यौरा, मेक्सी, बलाउज, लुंगीका साथै सनका गहंना लगाउने गर्दछन् । स्कुल जाने केटीहरुले कमिज, मिड्डी कुर्ता सुरुवाल लगाउने गर्दछन् ।

यस जिल्लाको मुख्य खेतीधान, मकै र गहुँ भएकाले यहाँका मानिसहरुको मुख्य खाना भात मकैको आटो र रोटी हो । दुध, दही, ध्यूँ, माछामासु आदिलाई तागतिलो र पोषिलो खाने कुराका रुपमा लिइन्छ । यहाँ चाडपर्व अनुसार विभिन्न प्रकारका खानेकुरा खाने प्रचलन छ । जस्तै दसैमा मासु, रोटी केरा, तिहारमा रोटी, फलफूल तीजमा खीर, दही, घ्यू र माघेसङ्क्रान्तिमा खिचडी रोटी, तरुल आदि खाने प्रचलन छ ।

### २.२.५.३ चाडपर्व

अधिकांश दङ्गालीहरु हिन्दु धर्मावलम्वी भएको हुँदा यहाँका मुख्य चाडपर्वहरु दसैं तिहार, तीज हुन् ।[१९] थकित जीवनलाई केही समयकोलागि विश्रान्ति दिने क्रममा यहाँ चाडपर्वहरु धूमधामसँग मनाउने र खर्च गर्ने प्रचलन रहेको छ । दसैं असोज महिनामा

---

[१७] ऐजन् ।
[१८] ऐजन् ।
[१९] ऐजन् ।

मनाउने चाड हो । आश्विन शुक्ल प्रतिपदा देखि पूर्णिमा सम्ममा दसैं मनाउने गरिन्छ । दसैंमा भगवतीको मन्दिरमा बली चढाएर मासु खाने गरिनछ । तिहारमा दिदीबहिनीको हातबाट टीका लगाउने देउसी खेल्ने गरिन्छ । तीजलाई महिलाले ठूलो पर्वको रुपमा लिने गर्दछन् अन्य पर्वमा हरिसयनी एकादशी साउने सक्रान्ति शिवरात्रि, चैतेदसै देवाली, आदि रहेका छन् दाङमा थारु जातिको उल्लेख्य बसोबास भएकोले माघमा माघीपर्व, धुमधामसँग मनाउने गर्दछन् । [२०]

## २.३ जनसङ्ख्या

दाङ जिल्ला भित्री मधेशमा पर्ने जिल्ला भएकोले यहाँको जनसङ्ख्या वढिनै छ । वि.स. २०५८ सालको जनगणना अनुसार दाङ जिल्लाको जनसङ्ख्या ४६२३८० रहेको छ । जनसङ्ख्याको विवरण यसप्रकार छ ।[२१]

| जनसङ्ख्या | २०५८ |
|---|---|
| घरधुरी | ८२४९५ |
| पुरुष संख्या | २२८९५८ |
| महिला संख्या | २३३४२२ |
| कुल जनसङ्ख्या | ४६२३८० |
| ज्नसङ्या वृद्धिदर | २.६ |
| ज.घ.प्रतिवर्ग कि.मी | १५६.४७ |

## २.४ शिक्षा

दाङ जिल्लामा धेरै पहिले देखिनै गुरुकुल शिक्षाबाट शिक्षा आर्जन गने प्रचलन भए पनि विधिवत रुपमा सर्वप्रथम वि.स. १९८९ मा जनतापाठशाला स्थापना भएको पाइन्छ । दाङमा औपचारिक शिक्षाको सुरवात यसै पाठशालाको स्थापना सँगसगै भएको पाइन्छ । त्यसपछि विस्तारै शिक्षा क्षेत्रमा बामे सर्न थालेको दाङ जिल्लामा हाल आएर शैक्षिक क्षेत्रमा निकै उल्लेखनीय प्रगति भएको छ । दाङ जिल्लाको कुल साक्षरता प्रतिशत हेर्दा महिला

---

[20] ऐजन् ।

[२१] दाङ जिल्ला एक चिनारी, जि.वि.स., दाङ, २०६७ ।

साक्षरता प्रतिशत हेर्दा महिला साक्षरता ४६.९% र पुरुष साक्षरता ६९.३% देखिन्छ । दलित साक्षरता प्रतिशत महिला २% र पुरुष ४% रहेको देखिन्छ । यसरी यस जिल्लाको कुल साक्षरता प्रतिशत ५८% देखिन्छ भने दलित साक्षरता प्रतिशत ६% देखिन्छ । ३ टेक्नीकल इन्टिच्युट १ आर्युवेद चिकित्साशास्त्र अध्ययन संस्थान र १ संस्कृत विश्व विद्यालय रहेका छन् १ महेन्द्र बहुमुखी क्यापस र ६ निजी क्याम्पस रहेका छन् । दाङ जिल्लाको शैक्षिक झलक यसरी यहाँ प्रस्तुत गरिएको छ ।[२२]

(क) विद्यालय विवरण

| विवरण | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. |
|---|---|---|---|---|
| सामुदायिक | ४१३ | ११७ | ७४ | ३१ |
| संस्थागत | ८४ | १९ | ५६ | १७ |
| जम्मा | ४९७ | १३६ | १३० | ४८ |

(ख) शिक्षक विवरण

| विवरण | प्रा.वि. | नि.मा.वि. | मा..वि. |
|---|---|---|---|
| दरवन्दी | १२४० | २७८ | २२२ |
| राहत | ४५५ | १३४ | ५६ |
| जम्मा | १६९५ | ४१२ | २७८ |

## २.५ स्वास्थ्य

स्वास्थ्य दृष्ठिले दाङ जिल्ल अस्पतालको स्थापना वि.स. २०३१ सालमा घोराहीमा भएको हो अहिले प्राय सवै गा.वि.स. हरुमा स्वास्थ्य उपचारका लागि विभिन्न स्वास्थय केन्द्रहरु स्थापना भएका छन् । जसको कारण सामान्य उपचारको निम्ति धेरै टाढा जानु पदैन । जिल्ला भरमा स्वास्थ्य सेवा प्रदान गर्न स्थापना भएका संस्थाहरुलाई निम्नानुसार देखाउन सकिन्छ ।[२३]

---

[२२] शैक्षिक क्यालेण्डर, जिल्ला शिक्षा कार्यालय, दाङ, २०६८ ।

[२३] दाङ जिल्लाको एक चिनारी, जि.वि.स., दाङ, २०६७ ।

१. राप्ती अञ्चल अस्पताल तुलसीपुर १

२. राप्ती उपक्षेत्रीय अस्पताल घोराही १

३. आयुर्वेदिक चिकित्सालय, विजौरी १

४. प्राथमिक स्वास्थ्य केन्द्र ४

५. स्वास्थय चौकी १०

६. उपस्वाथ्य चौकी २६

७. आयुर्वेदिक औषधालय २

८.निजी क्षेत्रवाट सञ्चालित औषधि पसल १७८

## २.६ यातायात

विकासको मेरुदण्डको रुपमा स्वीकार गरिएको यातायातको विकासको दृष्टिले दाङ जिल्ला धेरै पछि मात्र विकास हुन थालेको देखिन्छ । पहिले दाङका जनताहरु १० दिनको बाटो हिंडेर, नुन मट्टितेल कपडा वोकेर ल्याउथे तर अहिले सडकको विस्तारले यातायात सहज भएको छ । यस जिल्लाका अन्य सड्कहरुमा पाँच निर्वाचन क्षेत्रका २८ वटा गा.वि.स. सडक जोड्ने हरित सडकको तीब्र गतिमा निर्माण कार्य भई रहेको छ । दाङ जिल्लामा हालसम्म सबै गा.वि.स. हरुमा मोटरवाटो पुगिसकेको छ भने १३८ कि.मि कालोपत्रे ग्राभेल २५७ कि.मि कच्ची ४०९२ कि.मि भइसकेको छ । दाङ सल्यान । दाङ सुर्खेत सडक निर्माण कार्य सञ्चालन भइरहेको छ । छिमेकी जिल्ला जोड्ने सड्कहरु पनि सम्पन्न भई रहेका छन् । भौगोलिक अवस्थितिका दृष्टिकोणले रहेका छन् । भौगोलिक अवस्थितिका दृष्टिकोणले यातायात नै एक मात्र महत्वपूर्ण यातायातको साधन रहेको छ ।[२४]

## २.७ सञ्चार

दाङ जिल्लामा जिल्ला हुलाक १ इलाका हुलाक १४ अतिरिक्त हुलाक ३० टेलीफोन लाइन सवै ९००० टेलिफोन सवै पुगेको गा.वि.स. ३९ र न.पा. २ रहेको छन् । [२५]

[२४] ऐजन् ।
[२५] ऐजन् ।

## २.८ विद्युत

दाङ जिल्लामा विद्युत लाइन छोएका गा.वि.स. ३८ ग्राहक संस्था ३०८८९ तथा औद्योगिक ग्राहक सङ्ख्या ४७७ रहेको छ ।[२६]

## २.९ सिंचाई

दाङ जिल्लामा सिचाइ योग्य जमिन ६९९५० हेक्टर र सिञ्चित क्षेत्र ५७८२७ हेक्टर रहेको छ । [२७]

## २.१० कृषि

दाङ जिल्लामा खाद्यान्न वाली उत्पादन २२६३८५ मेट्रिक टन माछापालन उत्पादन ३३२ मेट्रिकटन नगदेवाली तेलहन १३९७० मेट्रिक टन अदुवा ६१३४ मे.ट. खाद्यान्न वाली मे.ट मकै ४४२०० मे.ट कोदो १६० मे.ट जौ ३२ मे.ट रहेको छ ।[२८]

## २.११ खनेपानी

दाङ जिल्लाबाट पाइपबाट खानेपानी सुविधा पाएका घरधुरी ४२.७४ प्रतिशत खानेपानी उपलब्ध भएको जनसंख्या ५३. ८५ प्रतिशत नगरक्षेत्रमा ८० प्रतिशत ग्रामिण क्षेत्रमा ७० प्रतिशत शौचालय प्रयोग गर्ने घरधुरी ३१.६१ प्रतिशत रहेको छ ।

## २.१२ उद्योग कला

उद्योगधन्दाको विकासमा हाम्रो देश नेपाल अन्य विकसित मुलुकको दाँजोमा धेरैपछि परेको छ । दाङ जिल्लामा खासैमात्रमा आधुनिक उद्योगको स्थापना भएको पाइदैन तर परम्परागत रुपमा वाजेको प्रयोगमा जीविकोपार्जनार्थ गरिने यस्ता कलापूर्ण उद्योगहरुमा निङ्गालावाट वनाइने विभिन्न कार्यमा प्रयोग गरिने डोको, नाङ्लो, डालो मान्द्रो , सुप्पो आदि जस्ता सामाग्रीहरु रमाइला र त्यहाँको संस्कृति झल्काउने खालका छन् । अर्को एउटा उद्योग पानी घट्ट हो । पानी मिलमा नदीमा खेर गइरहेको पानीलाई उपयोग गरी प्रयोगमा ल्याइन्छ । पानीवाट चल्ने पानी मिल पनि पश्चिमदाङमा उद्योगको रुपमा स्थापित भएका

---

[२६] ऐजन् ।
[२७] ऐजन् ।
[२८] ऐजन् ।

छन् । यसका साथै विद्युत र डिजेलवाट चल्ने मिलहरु सञ्चालनमा छन् । अन्य उद्योगहरुमा पाउँरोटी उद्योग, वरफ उद्योगका साथै सिमेन्ट उद्योग पनि सञ्चालन हुने क्रममा छन् ।

## २.१३ लोकसाहित्य

लोकसाहित्य जनसाधारणको मुटुको स्पन्दन हो लोकसाहित्यको हिसाबले हेर्दा दाङ जिल्ला न्यादै समृद्धिशाली देखिन्छ । नेपाली लोकसाहित्यका विविध विद्या मध्य धेरै जसो यस क्षेत्रमा प्रचलित छन् । यहाँका प्रमुख लोकसाहित्यका विधाहरुमा लोकगीत लोकनृत्य, लोकगाथा उखान, टुक्का गाउँखाने कथा र नेपाली कथा हुन् ।[२९]

(क) लोकगीत- दाङमा प्रचलित लोकगीतहरुमा तीजसम्बन्धी गीत द्यौसी भैलो सम्बन्धी गीत, दोहोरी गीत, असारेको महिनामा गाइने असारे गीत आदि हुन् ।

(ख) गाउँखाने कथा- गाउँखानेकथालाई प्रहेलिका वा पहेलीपनि भनिन्ज्छ । यस्ता गाउँखाने कथा कसैको बुद्धि जाँच गर्दा अड्को थाप्दा र फुर्सदको समयको उपयोगको रुपमा प्रयोग गरिन्छ । दाङ जिल्लामा विभिन्न किसिमका गाउँखाने कथा प्रचलित छन् । जस्तै दिनभरी सुत्ने, रातभरी उठ्ने के हो ? दाम्लो ।

(ग) लोकनृत्य -लोकनृत्यमा त्यहाँका साधारण नाच पर्दछन । यस्ता लोकनृत्यमा तीजको नाच झयाउरे नाच, मारुनी नाच, लाखेनाच, टप्पानाच सारङ्गीनाच, घाटुनाच, सोरठीनाच, अडि दाङमा प्रचलित नाचहरू छन् ।

(घ) उखान टुक्का - सटिक र नीतिगत रुपमा केहिकुरा भन्नका लागि प्रयोग गरिने उखान टुक्का पनि यस क्षेत्रमा धेरै प्रचलित छन् । जस्तै घोकन्ते विद्या धावन्त खेती ।

(ङ) लोककथा - परापूर्वक कालदेखिनै मौखिकरुमा एक अर्कामा हस्तान्तरण हुँदै आएका दन्त्यकथालाई लोक कथा भनिन्छ । यस्ता कथाहरु पशुपक्षी सस्वन्धी कथा साहस र बहादुरी सम्बन्धी कथा र पौराणिक कथा अर्ति उपदेश सम्वन्धी कथाहरु दाङमा प्रचलित छन् ।

[२९] स्मरिका- २०६४ (दाङ साहित्य संस्कृति प्रतिष्ठान) तुलसीपूर दाङ ।

## निष्कर्ष

दाङ जिल्लाको नेपाल अधिराज्यकको मध्यपश्यिामञ्यल विकास क्षेत्रको अन्तरगत राप्ती अञ्चलको ५ जिल्ला मध्य भित्री मधेशमा पर्ने जिल्ला हो । ३९ वटा गा.वि.स २ वटा नगर पालिका १३ इलाका र ५ निर्वायन क्षेत्रमा विमाजित यस जिल्लामा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । आफनो संस्कृति परम्परामा गौरव गर्ने दाङका जनताहरुमा धार्मिक सहिष्णुता, सहअस्तित्व र आफू-आफू बिचमा समझदारी रहेको पाइन्छ ।

दाङ जिल्लामा प्रचीन समयदेखि हालसम्म आइपुग्दा ऐतिहासिक धार्मिक, शैक्षिक, राजनैतिक दृस्टिकोणले अगाडि रहेको छ । जीवन निर्वाहको प्रमुख स्रोत कृषि भएको यो जिल्लाका मानिसहरुले अन्य स्रोत व्यपार उधोग स्वदेशी तथा वैदेशिक रोजगार रहेको छ । भौगोलिक विकटका कारण ढिलोमात्र यातायातको सुविधा प्राप्त गर्दै गएको यस जिल्लाका मानिसहरु सञ्चार र शिक्षाको क्षेत्रवाट भने अगाडि नै रहेका छन । विकास निर्माणको काममा यो जिल्लाले विभिन्न स्वदेशी तथा विदेशी संघसंस्थाबाट आर्थिक लाभ प्राविधिक सहयोग प्राप्त गरिरहेको छ । यहाँका मानिसहरु विकास निर्माणका कार्यमा एकजुट हुने र आपसी समझदारीका साथ अग्रसर भएको देखिन्छ ।

# परिच्छेद : तिन

# लोककथाको सैद्धान्तिक स्वरुप

## ३.१ लोककथाको परिचय

लोककथा लोकसाहित्यको एक सर्वप्रचलित र लोकप्रिय विधा हो । नेपाली भाषको लोककथा शब्द अङ्ग्रेजीको फोकटेल्स (Folk Tales) को समानार्थ हो । कथालाई हिन्दीमा कहानी भनिन्छ । पाश्चात्य जगतमा पौराणिक कथा वा मिथक (MYTHS) दन्त्य वा जनश्रुती (Legend) नीतिकथा (Fables) र परिकथा (Fairy tales) मा पनि भेद गरिन्छ ।[1]

लोककथा सर्वादेशिक विद्या हो । संसारका सबै भाषा, जात, जाति र क्षेत्रमा लोककथाको अस्तित्व पाइन्छ । लोककथा भन्ने र सुन्ने प्रचलन नभएको ठाउँ र जाति विरलै हुन्छन् । लोककथा एकदेशवाट अर्को देशमा सरेर गए पनि अथवा कतैवाट नआइ आफ्नै देशको उत्पत्ति भएपनि दुवै स्थितिमा लोकथाको चलन सर्वत्र रहेको छ भन्ने ञात हुन्छ । यसमा पाइने अत्यन्त रोचकता र उपयोगिता कारण यो सर्वदेशीय लोकप्रिय विधा बनेको छ । लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन विधा हो । कथा भन्ने र सुन्ने प्रचलन आदिम मानिसको आदिम प्रवृत्तिका रुपमा देखापर्छ । यसरी लोककथा आदिम  प्रवृत्तिसँग गाँसिएर संरक्षित र संवर्द्धित भई व्यापक हुँदै आएको प्राचीन विधाका रुपमा देखिन्छ भन्ने र सुन्नेका बीचमा आगाध सम्बन्ध रहने परिस्थिति कारण यसको गतिशीलतामा कुनै वाधा उपस्थिति नभई निरन्तरता रहेको पाइन्छ । यसलाई वेदभन्दा पूर्ववर्ती मानिन्छ । लोकसाहित्यको अन्त्यन्त महत्वपूर्ण विधा लोककथा भन्न र सुन्न कुनै औपचारिक अवसर चाहिँदैन । यो जुनसुकै समयमा पनि भन्न र सुन्न सकिएता पनि बढी उपयुक्त समय वेलुका राति हो । दिनभरको थकाइ मेटाएर मनोरञ्जन लिने केटाकेटी उत्सुकता मेटाउने र तिनलाई पकाएर सुताउने तथा सबैको बसिबियालो गर्ने दृष्टिबाट यसको ठूलो उपयोगिता र महत्व रहेको छ । मनोरञ्जनका साथै शिक्षा पनि दिने हुँदा यसले लोकजीवनमा अत्यन्त महत्व पाएको छ ।

---

१. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, लोकवार्ता विज्ञान र लोकसाहित्य (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, २०६३), पृ. ३७१ ।

## ३.२ लोककथाको परिभाषा

विविधता व्यापकता प्राचीनता आदिका कारण लोककथाको परिभाषा दिन कठिन कार्य हो । त्यसैले अझैसम्म पनि यसको सर्वमान्य परिभाषा वनेको छैन । आंशिक रुपमा यसलाई परिभाषित गर्ने प्रयासस्वरुप देखिएका केही परिभाषाहरु यस प्रकार छन् ।[२] ती हुन् :

द न्यु इन्साइक्लोपेडिया व्रिटानिका अनुसार - उत्पत्ति जहाँ भएपनि समय र स्थान दुवै दृष्टिले सार्वभौम मौखिक  आख्यानात्मक कथालाई लोककथा भनिन्छ ।

द न्यू क्याम्व्रिज इन्साइक्लोपेडिया - परापर्वकालदेखि ज्ञात रही संसार भर उपलब्ध रहेका र मौखिक रुपमा भनिने परम्परित कथाहरुलाई लोकथा भनिन्छ ।

दन्य कोलम्विया इन्साइक्लोपेडिया- विविध प्रकारका परम्परित आख्यानलाई बुझाउने सामान्य शब्दलाई लोककथा भनिन्छ ।

इन्साइक्लोपेडिया जुडाइका - मुखोच्यारित शब्दद्धारा सम्प्रेषित आख्यानन्तात्मक कथा किवदन्ती ठट्यौली चुड्किला आदिलाई लोककथा भनिन्छ ।

एम.एच. आव्राम्स- रचनाकार अज्ञात रहेको मौखिक रुपमा सम्प्रेषित गद्यात्मक छोटो अख्यानलाई लोककथा भनिन्छ ।

मार्टिन ग्रे- मौखिक रुपमा सम्प्रेषित बेनामे रचनाकारको संक्षिप्त र सारगार्भित कथालाई लोककथा भनिन्छ ।

जे.ए.कडन- मौखिक परम्परावाट प्राप्त अधिकांशकथाहरु लोककथा हुन् ।

लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिनिधित्वनित र निहित हुने गर्दछ ।

- तुलसी दिवस

लोककथा स्वप्निलता र कल्पनाशीलताको काखमा सुतिरहेका आदिम जीवनका सङ्केतहरुलाई हामीले विश्लेषण हेराईले आत्मसा गर्नुपरेको छ ।

- वासुदेव त्रिपाठी [३]

---

२. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृष्ठ ३७२ ।

३. चुडामणि बन्धु, नेपाली लोकसाहित्य (काठमाडौं : एकता बुक्स, २०५८), पृष्ठ २८४ ।

प्रागऐतिहासिक मिचक कथालाई छोडेर परिकथा, पशुकथा, लोककथा र इतिवृत्तिहरु जिल्ला-गाउँहरु र गाउँका बजारमा उत्पन्न हुन्छन् । यिनमा ती महाकालीन वर्गीय स्थितिका अनौठा झल्काहरु पाइन्छन् जसका विषयमा इतिहास अन्धकारमा छ ।

समग्रमा- मौखिक वा श्रुतिपरम्परावाट सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त सारगार्भित एवम् साविक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ ।

## ३.३ लोककथाको स्वरुप

उल्लिखित परिभाषाको आधारमा लोककथाको स्वरुप यसप्रकार रहेको छ ।[४]

१. लोककथा मौखिक वा श्रुतिपरम्परावाट हुर्कदै अगिवढ्छ । यसको सम्प्रषण भन्ने र सुन्ने प्रक्रियावाट हुन्छ । लोककथा भन्ने प्राय : अनुभवी वुढापाका हुन्छन् भने सुन्ने चाहिँ जासुकै पनि हुन सक्छन् ।

२. यो पुरानो पुस्तावाट नयाँ पुस्तामा हस्तान्तरित हुन्छ । प्राचीन कालदेखि नै चलिआएका लोककथा पुरानो पुस्ताबाट क्रमश : नयाँ पुस्तामा सर्दै अद्यावधिक र गतिशील भइरहन्छ ।

३. यसको रचनाकार ज्ञात नभई अज्ञात हुन्छ ।

४. श्रतिपरम्पराबाट आउने हुँदा लोककथा अलिखित हुन्छ केही लोककथा लिखित समेत हुनसक्छ भन्ने मानिएको पनि पाइन्छ ।

५. यो सीक्षप्त हुन्छ । केही लोककथाहरु लमा आकारका भएपनि अधिकांशत : छोटा आकारका हुन्छन् ।

६. यो सारगर्भित हुन्छ । यसमा जीवनका महत्वपूर्ण पक्षको समावेश गरेर जीवन गूद रहस्य खोलिएको हुन्छ ।

७. यो सार्विक हुन्छ । लोकथा भन्ने र सुन्ने प्रचलन विश्वका सबै जात जाति भाषिक समुदाय आदिमा पाइन्छ ।

---

४. ऐजन्, पृष्ठ ३७२ र ३७३ ।

८. यो आख्यानात्मक हुन्छ । यसमा घटना प्रसङ्ग पात्र आदिका माध्यमवाट वर्णनात्मक तथा कालक्रमिक ढङ्गमा कथा भनिएको हुन्छ ।

९. यो गद्यात्मक हुन्छ । पद्यमा समेत आख्यान पाइए पनि यो मूलत : गद्यमा सिर्जिएको हुन्छ ।

१०. यसको आफ्नै संरचना हुन्छ । संरचना भएकाले यसका आदि, मध्य र अन्त्य भागहरु हुन्छन् ।

११. यो परिवर्तनशील हुन्छ । एउटै व्यक्तिले एकभन्दा वढी पटक सुनाउँदा केही भिन्नता आउँछ भने एउटा व्यक्तिवाट सुनेर अर्को व्यक्तिले सुनाउँदा अझ बढी भिन्नता आउँछ । भाषा, शैली, वर्णको ढङ्ग आदिमा परिवर्तन भए पनि यसको मूल विषयवस्तुमा र सर्न्दभमा परिवर्तन हुँदैन ।

## ३.४ लोककथाका विशेषताहरु

लोककथा लोकसाहित्यको एउटा महत्वपूर्ण विधा भएकोले लोकसाहित्यका सामान्य विशेषता लोककथामा पनि पाइन्छ । लोकसाहित्यका अन्य विधाझै अज्ञात रचनाकार मौखिक परम्परा, मूलपाठको अभाव, स्थानीयताको प्रचुरता सामाजिक सम्पत्ति, अवयक्तिकता आदि लोककथाका पनि साझा विशेषता हुन् । यिनका साथै लोककथाको पहिचान गराउने निजी विशेषताहरु निम्नलिखित छन् ।[५]

### (क) आख्यानको प्रधानता

आख्यान लोककथाको सर्वप्रमुख तत्व हो र यसका अभावमा कथाको स्वरुप निर्माण हुँदैन । लोककथा आख्यान हो । आख्यानको संरचना घटना प्रसङ्ग आदिवाट गरिन्छ । यसको पूरा ढाँचा नै घटनाहरुको कालक्रमिक प्रस्तुतिमा अडिएको हुन्छ । घटनाहरुको भूतकालिन ढाँचामा बर्ढानू गर्नु आख्यानात्मकता हो र यो नै लोककथाको मुख्य पहिचान पनि हो । समयक्रममा एकपछि अर्को भई घटित भएका घटनाहरुको संयोजन नै लोककथाको मुख्य विशेषता हो ।

५. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृष्ठ ३७७ र ३७८ ।

### (ख) विषयगत व्यापकता

लेककथामा विषयवस्तुको अत्यन्त व्यापकता पाइन्छ । यसको विषय मानिसका सुख, दुःख, हाँसो, आँसु, प्रेम, घृणा, आशा-निराशा धैर्य, क्रोध मोह, ईष्या, आकर्षण, विकर्षण शत्रुता, मित्रता, अनुराग देष आसक्ति, अनाशक्ति घात, प्रतिघात आदि सबै मूल प्रवृत्तिहरु हुन्छन् यसको विषयवस्तु लौकिक वा अलौकिक जे पनि हुन सक्छ । देवी देवता, राक्षस, भूत प्रेत अलौकिक, मानिस, पशुपक्षी जस्ता लौकिक हावा, पानी, सूर्य माटो जस्ता प्राकृतिक आदि जुनसुकै विषयवस्तुलाई पनि अंगाल्न सक्ने व्यापकता लोककथामा हुन्छ । लोककथाले लोकजीवनका जुनसुकै विषयलाई समेट्ने हुँदा यसको विषयवस्तुको कुनै सीमा हुँदैन ।

### (ग) सुखद समापन

प्राय लोककथाहरु सुखात्मक हुन्छन् । लाककथामा जीवनका जस्तासुकै र जतिसुकै दुःख पीडा, विरह, व्यथा आपत विपत कष्टकर संघर्षविनाश, विषद, हानि, नोक्सानी पराजय आदिको चित्रण गरिए पनि यसको अन्त्यचाँहि प्राय सुखद परिणाममा गरिएको हुन्छ । संयोग, मिलन, प्रापति विजय आदि देखाएर लोककथा टुङ्ग्याइन्छ । केही लोककथाचाँहि दुखान्त पनि हुन्छन् ।

### (घ) अभिप्रायको प्रयोग

लोककथामा विभिन्न अभिप्रायको प्रयोग महत्वपूर्ण ढङ्गमा गरिन्छ र यो यसको खास विशेषता हो अभिप्रायले तन्तुका रुपमा कार्य गरी लोककथाको सिङ्गो संरचना निर्माण गरेको हुन्छ । अभिप्रायले कथाभित्र कथानलाई गतिदिने आकस्मिक मोड ल्याउने चरित्रलाई स्पष्ट्याउने रोचकताको अभिवृद्धि गर्ने आदि कार्य गर्छ भन्ने कथावाहिरका लोक विश्वास रीतिथिति तत्कालीन परिस्थिति मूल्यमान्यता आदिलाई जनाउने कार्य पनि गर्छ । अभिप्रायविना लोककथा बन्दैन भन्ने मान्यता रहेको पनि पाइन्छ ।

### (ङ) उत्सुकताको प्रधानता

लेककथामा उत्सुकताको अत्यन्त प्रबलता रहन्छ लोककथाका श्रोताका मनमा खुल्दुली वा कौतुहलता पैदा गरिरहने हुँदा कथासँगे उसको उत्सुकता पनि बढ्दै जान्छ । उसको मनमा अनि के भयो अनि के भयो भन्ने जिज्ञासा वा कुतूहल पैदा भइरहन्छ । यही उत्सुकताकाकारण उसमा कथाप्रतिको चाख कहिल्यै मर्दैन र एकाग्र भएर सुन्न तत्पर भइरहन्छ । उत्सुकताको अभाव रहेको लोककथा आकर्षक लोकप्रिय र जीवन्त हुँदैन ।

**(च) कल्पनाको आधिक्य**

लोकसाहित्यका अन्य विधाभन्दा लोककथामा कल्पनाको अधिक्य रहन्छ । सामान्यत जुनसुकै लोकथामा कल्पनाको प्रचुरता पाइए पनि अलौकिक, अदभुत, रहस्य रोमाञ्चक आदि भएका कथामा झनै वढी काल्पनिकता अलौकिक अदभूत रहस्य, रोमाञ्चक आदि भएका कथामा झनै वढी काल्पनिकता हुन्छ देवीदेवता, राक्षस भूतप्रेत पिचास, परी, अप्सरा, वीरता, साहस, जादुटुना सम्बन्धी अथवा अप्राकृतिक वर्गका सवै कथामा यो विशेषता अध्यधिक मात्रामा पाइन्छ ।

**(छ) मनोरञ्जनात्मकता**

अधिकांश लोककथामा मनोरञ्जनको प्रधानता रहन्छ । केही लोककथाहरु अर्ती उपदेश दिने खालका शिक्षा वा नीति प्रधान पनि हुन्छन् तर तिनका माध्यमवाट पनि मनोरञ्जनकै उद्देश्य पूरा गरिन्छ । सत्यको वर्णन गर्ने ढाँचामा प्रस्तुत पूराकथाहरुको उद्देश्य पनि सत्यको उद्घाटन गर्दै मनोरञ्जन गर्ने नै रहेको पाइन्छ । लोककथामा सत् असत् तथा अन्य विविध पात्रको सिर्जना पनि अन्तत मनोरञ्जनकै हेतुले गरिएको देखिन्छ ।

**(ज) विशेष आदि अन्त्य**

लोककथाको प्रारम्भ 'एकादेशमा..... वा परापूर्वकालमा.....वा उहिल्यै...धेरैधेरै पहिले....आदि शब्दावलीवाट गरिन्छ भने अन्तय चाँहि 'सुन्नेलाई सुन्को माला भन्नेलाई फूलको माला, यो कथा वैकुण्ड जाला भन्ने वेला तुरुन्त आउला वा यस्तै कुनै सुखवोधक वाक्यबाट गरिन्छ । यसप्रकार समान शब्दावलीगत उठान र बैठान लोककथाको विशेष पहिचान हो ।

**(झ) भाषिक सरलता**

लोककथाको भाषा अत्यन्त सरल सहज र वोधगम्य हुन्छ । यसैले लोककथा वुझ्न सानादेखि ठूला सवैलाई कुनै कठिनाइको अनुभव हुँदैन । अलङकरण र जटिलताको अभाव तथा स्थानिय भाषाको अत्यधिक प्रभाव यसमा पाइन्छ । यसमा जटिल वाक्य भन्दा सरल संरचनाका छोटो छरितो वाक्यहरु प्रयुक्त हुन्छन् । समयक्रममा भाषाको परिवर्तनसँगै लोककथाको पाठमा पनि परिवर्तन भइरहने हुँदा यसको भाषा अधावधिक र गतिशील हुन्छ । यसका विपरित पद्यभाषामा प्राचीनता रहिरहने हुँदा यो दुर्वोध्य पनि हुनसक्छ तर भाषिक

परिवर्तनशीलताका कारण लोककथा दुर्वोध्य हुँदैन । यसको भाषामा पाइने प्रवाह्पूर्णता, प्रभावकारिता जस्ता गुणले यसलाई ज्यादै लोकप्रिय वानाएको छ ।

**(ञ) गद्यको प्रधानता**

लोककथाहरु मुख्यत गद्यमा रचिएका हुन्छन् । कतिपय लोककथाका बीच बीचमा केही पद्यांशहरु प्रयोग गरिए पनि यसको खास विशेषता चाँहि गद्यात्मक हुन्छ ।

**(ट) वर्णनात्मक शैली**

लोककथाको शैली मुख्यत वर्णनात्मक हुनछ । रोचक तथा स्वाभाविक वर्णनलाई लोककथाको प्राण मानिन्छ । केही लोककथाका बीचबीचमा संवाद पनि आउन सक्छ । यस्तै संवादले लोककथामा नाटकीयताको प्रवद्धन गर्दछ । लोककथालाई रसिलो तुल्याउन पद्य वा गीतको प्रयोग हुन पनि सक्छ । यी सबै हुँदाहुँदै पनि वर्णनको रोचकता स्वाभाविकता । सहजता, सरलता सोझोपन नै यसको विशिष्ट शैलीय विशेषता हो ।

## ३.५ नेपाली लोककथाको प्रवृत्ति

बहुभाषिक तथा बहुसांस्कृतिक राष्ट्रका रुपमा नेपालका विभिन्न समुदायमा लोककथाको आ-आफ्नै भाषिक तथा सांस्कृतिक परम्परा हुनाका साथै एक- अर्कावाट लिने प्रवृत्ति पनि छ हिन्दु र वौद्धहरुको शास्त्रीय परम्परावाट आएका  कथाहरु एकातिर छन् भने भारोपेली, भोट वर्मेली र आग्नउर्वशी भाषा-भाषीहरुका आफ्नै परम्पराका लोककथाहरु पनि छन् । नेपाली लोकजीवनमा प्रचलित काठमाडौं उपत्यका पहाडी समुदाय तराई समुदाय तथा किराँती समुदायका लोककथाहरुको विस्तृत अध्ययन हुन बाँकी नै छ ता पनि अहिले सम्मका सङ्कलन तथा अध्ययनका अधारमा नेपाली लोककथाको रुपरेखा बनाउन सकिन्छ ।[६]

नेपाली लोककथालाई सर्वप्रथम दुई वर्गमा छुट्उयाउन सकिन्छ । एकथरी यस्ता कथाहरु पर्नेछन् जो सधैं सत्यका रुपमा सुन्ने र भन्ने गरिन्छ । सुन्नेले कथामा विश्वास गरेर साँचो कथाको रुपमा सुन्छन् भने कथा भन्नेहरु कथालाई आस्थापूर्वक प्रस्तुत गरेर सत्यकथाका रुपमा नै भन्ने गर्छन । यसरी सत्यकथाका रुपमा मानिने कथाहरु पनि दुई प्रकारका छन् । पौराणिककथा र ऐतिहासिक कथाहरु पैराणिक कथाहरु विश्व व्रहमाण्डको सुष्टि, प्रकृति वा अलौकिक शक्ति र ईश्वरसँग सम्बन्धित हुन्छन् भने ऐतिहासिक कथाहरु

६. चुडामणि बन्धु, नेपाली लोकसाहित्य, २०५८, पृष्ठ २९८ ।

चाँहि इतिहासका वीरहरु , विशिष्ट पुरुषहरु, साधु, सन्तका जीवनका घटना वा स्थानसँग जोडिएका हुन्छन् । पौराणिक कथाहरुमा काल्पनिकताको अंशप्रचुरमात्रामा भए जस्तै धार्मिक भावना र आस्थाका पनि मिसिएको हुन्छ भन्ने ऐतिहासिक कथाहरुमा यथार्थको साथ आस्था र कल्पनाको मिश्रण भएको पाइन्छ । कुनै -कुनै समाजमा पौराणिक तथा ऐतिहासिक कथहरुलाई छुट्याउन गाह्रो पर्ने हुँदा एउटै कथालाई कसैले पौराणिक कथा र कसैले ऐतिहासिक कथा भनेको पनि सुनिन्छ ।

हिन्दुहरुको शास्त्रीय परम्परावाट प्रभावित आर्य भाषाभाषीहरु पहाडी क्षेत्र र तराई क्षेत्रमा फैलिएका छन् र तिनका लोकजीवनकै आस्थामूलक पौराण्कि कथाहरु पनि छन् । सृष्टि, प्रकृति र नायक सम्वन्धी मिथकहरु सन्थालहरुको समाजमा पनि जीवित छन् । सीमित रुपमा सङ्कलित भएका किराँती परम्पराका पौराणिक कथाहरुको पनि संसारको सृष्टिका साथ मानव समाजको उत्पत्ति खोला-नाला, पहाड पर्वत पशुपंक्षीको रचनाका साथै सामाजिक मर्यादा र प्रचलनको समेत व्याख्या गरेको पाइन्छ ।

ऐतिहासिक कथाहरुलाई जनश्रुति वा किंवदन्ती भन्न अझ उपयुक्त होला । यस्ता कथाले यथार्थमा टेकेर सत्यकुरा भनेको जस्तो लागे पनि ती सबै कुरालाई सत्य प्रमाणित गर्ने कठिन हुन्छ पौराणिक तथा ऐतिहासिक कथाहरु प्रायः नाम र स्थानसँग सम्वद्ध हुन्छन् । यस्ता कथा प्रारम्भ गर्दा प्राय परापूर्वकालमा अघि अथवा उहिल्यै भनेर थालिन्छ । सिमित अर्थमा परीकथा भनिने नेपाली कथाहरुमा कि त स्वर्गका अप्सरासँगको सम्बन्धवारे कि मर्त्यलोकके असाधारण सुन्दरी राजकुमारीहरुको खोज र प्राप्तीवारे अभियानपूर्ण तथा आश्चार्यजनक घटनाहरु पनि हुन्छन् कतिपय कथाहरुमा नायक लामो यात्रामा निस्कन्छ टाढाटाढा पुगेर सफलता प्राप्त गरी फर्कन्छ । कतिपय कथाहरुमा राक्षसहरु पात्रका रुपमा छन् । काठमाडौं उपत्यका पहाडी । हिमाली क्षेत्र तथा तराईका कथाहरुमा पनि राक्षसहरु छन् धेरै जसो कथाहरुमा राक्षसलाई मारेको वा वशमा पारेको वा हराएको देखिन्छ । भूत-प्रेतका कथाहरुमा सेता र काला भूतहरु हुन्छन् भूतहरुको स्वभाव र विशेषता भिन्न भिन्न भएता पनि नेपाली लोककथामा यिनलाई मान्छेलाई विरामी वनाउने सताउने पात्रको रुपमा कथामा देखापर्छन । तन्त्र-मन्त्र टुना-मुना झारफुक आदि कार्यका साथै जादु गर्ने र मोहनी लगाउने कुरा पनि लोककथाहरुमा आउँछ ।

अतिमानवीय चरित्र भएका परी, देवकन्या, राजकुमार र राजकुमारी जस्ता पात्रहरु र अतिरञ्जनात्मक घटनाले भरिएका कथाहरुले श्रोतालाई सम्मोहित गरेर अनौठो स्रसारमा लैजान्छन् । नेपाली समाजले नीतिकथाको लामो परम्परालाई वहन गर्दै आएको छ ।

लोकजीवन वाटै शास्त्रीय परम्परामा ठाउँ जमाएका कथाहरुको संस्कृत साहित्यमा विशेष भूमिका पाइन्छ । बृहत्कथालाई पैसाबाट संस्कृतमा नेपालीकै बुद्धस्वामीले चौथो शताब्दीतिर रुपान्तरित गरेको पाइन्छ । पञ्चतन्त्र र हितोपदेशको परम्परासँग मात्र होइन नेपाली समाज आफ्नो तन्त्राख्यान परम्परसँग पनि परिचित थियो । वौद्ध जातका कथाहरुसँग पनि नेपाली वौद्ध परम्पराको परिचय थियो । यिनका साथै हिमाली, पहाडी र तराई क्षेत्रमा प्रचलित नीतिकथाहरु छन् । केही नीति कथामा पशुपंक्षीपात्रले मानवलाई धेरै कुरा सिकाउने गरेको पनि पाइन्छ । पशु, पंक्षीले मानिसको भाषा वोलेतापनि यस्ता कथाहरुको उद्देश्य नैतिक शिक्षा दिनु नै देखिन्छ ।

नेपाली समाजमा बुद्धिमानी वढ्याइँ र चलाखीका कथाहरुका साथै मूख्याइँका कथाहरु पनि छन् । वाठाहरुले समस्याको समाधान गर्छन र अरुको भलो गर्छन, केहीवाठाहरु आफ्नै लाभमात्र हेर्ने अरुको कुभलो सोच्ने, सोझालाई ठग्ने गर्दछन् । ख्याल ठट्टा र मनोरञ्जनका क्रममा भनिने कथहरु कुनै ठाउँ कुनै जाति र व्यक्तिसँग सम्वद्ध कथहरु पनि आउँछन् यस्ता कथाहरु भन्दा 'एकादेशमा' र सुन्नेलाई सुनको माला भनि रहनु पर्दे । यस्ता कथाहरु छोटा हुन्छन् र भन्नेहरुलाई आवश्यकता अनुसार जोडजाड र थपघट गरी भनेका हुन्छन् ।

## ३.६ लोककथाका तत्वहरु

लोककथाको निर्माण गर्न आवश्यक सामग्रीलाई लोककथाका तत्व भनिन्छ । तत्वलाई उपकरण अवयव संरचक आदि पनि भनिन्छ । यिनको आवश्यक संयजन र व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । कथाको निर्माणमा आवश्यक हुने र अभावमा कथाको संरचना निर्मित हुँदा यस्ता तत्वलाई अनिवार्य तत्व भनिन्छ ।[७] लोककथाका अनिवार्य तत्वहरु निम्न लिखित छन् :

### १. कथानक

कथानक लोककथामा घटनाहरुको योजना तथा व्यवस्थापनलाई कथानक भनिन्छ । कथानकमा घटनाहरुको व्यवस्थापन वा विन्यास उत्सुकता र संशय जगाउने ढङ्गबाट

७. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल, लोकवार्ता विज्ञान र लोकसाहित्य (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, २०६३), पृ. ३७५ र ३७६ ।

गरिएको हुन्छ । लोककथाको कथानकमा घटनाहरु कालक्रमिक सम्बन्धवाट परस्पर गाँसिएका हुन्छन् । अनि के भन्ने सन्दर्भबाट कथानक अगि वद्दै जाने हुँदा यसमा घटनाहरुको कालक्रमिक विन्यासले वढी महत्व पाएको हुन्छ । कथानकको विषयवस्तु जे पनि हुन सक्छ । मुख्यत : पौराणिक, किंवदन्तीमूलक काल्पनिक स्वैरकाल्पनिक अतिप्राकृतिक सामाजिक, मानवेत्तर आदि जुन स्रोतवाट पनि कथावस्तु ग्रहण गरिएको हुन्छ । यसमा प्राय आदि, मध्य, अन्तय सवै अङ्ग पूगको पूर्ण कथानक रहन्छ । यसको विकास व्यक्तिक्रकिम नभई कमिक र रेखिए ढङ्गमा अगि वढ्छ ।

## २. चरित्र

लोककथामा पाइने व्यक्तिलाई चरित्र वा सहभागि भनिन्छ । प्रत्येक पात्रको आफ्नो विशिष्ट स्वभाव, प्रकृति र गुण हुन्छ । पात्रहरुको घनिष्ठ सम्वन्ध कथानक घटनाहरुसँग हुन्छ घटनाहरुलाई घटित गराउने माध्यम पात्रहरु भएकोले कथानक र पात्रमा अन्योन्याश्रित सम्वन्ध रहन्छ । लोककथामा पाइने पात्रहरु विभिन्न प्रकारका हुन्छन् । यिनीहरु नरी वा पूरुष पात्र, प्रमुख सहायक वा व्यक्तिगत पात्र हुन्छन् । यी विविध प्रकार मध्य जुनसुकै प्रकारको भए पनि चरित्र प्रस्तुत गर्ने वा देखाउने कार्य कथामा मुख्यत : उसले गर्ने कार्यव्यवहार, उसका कुराकानी समाख्याताको टिप्पणी आदिका माध्यमवाट गरिन्छ चरित्र चित्रण जीवन्त र स्वाभाविक ढङ्गमा गरिएको हुन्छ ।

## ३. परिवेश

लोककथामा पात्रले कियाकलाप गर्ने र घटनाहरु घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ ठाउँ र समयका साथै स्थानविशेषको वा समय विशेषको रीतिथिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक, पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाइ आदि पनि परिवेशभित्र नै आउँछन् । लोककथामा प्राय स्थानीय परिवेशको विशेष महत्व हुन्छ । परिवेशले कथानक र पात्रलाई आधार र स्थल प्रदान गर्दछ र तिनलाई सक्रिय तुल्याउँछ । लोककथाको परिवेश अर्न्तगत सामान्य र विशिष्ट ( ऐतिहासिक) दुवै प्रकारका कथास्थल र कथासमयको प्रयोग गरिएको हुन्छ । एकादेशमा घर, खेत, दैलो, आँगन, आदि सामान्य कथास्थल हुन भने वाङ्गेसाल डाँडो रानी पोखरी, अयोँध्या, विशिष्ट स्थान हुन् । परापूर्वकाल विहान, दिउँसो, राति आदिलाई सामान्य कथा समय मानिन्छ भने नब्वे साल, रातको १२ बजे विशिष्ट कथासमय हुन् । परिवेशले

लोककथालाई भौतिक जगत्को विधिदृश्य उपस्थित गर्छ र लोककथालाई विश्वासनीय तुल्याउँछ ।

### ४. उद्देश्य

लोककथाको प्रयोजनलाई उद्देश्य भनिन्छ । प्रयोजनका अभावमा जुनसुकै वस्तु पनि निरर्थक हुन्छ । लोककथा पसिन प्रयोजन रहित हुँदा त्यसको सार्थकता रहँदैन । लोककथालाई सार्थक तुल्याउन अनिवार्य तत्व नै उद्देश्य हो । लोककथाहरु मुख्यत : मनोरञ्जनको प्रयोजनले सिर्जिएका हुन्छन् । लोककथाले बालदेखि वृद्धासम्म सबै उमेर समुहका मानिसलाई मनोविनोद प्रदान गरी सोद्देश्य पूरा गर्दछ । मनोरञ्जनका अतिरिक्त लोककथाले नीति, उपदेश, शिक्षा दिने उद्देश्य पनि पूरा गरेको पाइन्छ । शिक्षा दिएर पनि मनोरञ्जन प्रदान गर्ने लोककथालाई सवैले ज्यादै मन पराउँछन् । यो तत्व कथानक, पात्र परिवेश स्थल रुपमा देखिने नभएर कथामा अन्तर्निहित भई रहने सुक्ष्म तत्व हो ।

### ५. भाषा

भाषालोककथाको पनि अनिवार्य माध्यम हो लोककथामा प्रयुक्त भाषा सरल, सहज र वोधगम्य हुन्छ । अर्थको दुरुहता हुँदैन । साना देखि ठूलासम्म सवैले सजिलै वुझ्न सक्छन् । वाक्यहरु छोटा छोटा अजटिल र अनुलङ्कृत हुन्छन् । यसमा मुख्यत भाषाको गद्यरुपलाई अंगालिएको हुन्छ । लोककथाको पाठैपिच्छे भाषा परिवर्तन भईरहन्छ समय र स्थानको भेदले भाषामा परिवर्तन भएझै लोककथाका पाठमा पनि परिवर्तनको क्रम चलिरहन्छ ।

### ६. शैली

कथा प्रस्तुत गर्ने ढङ्गलाई शैली भनिन्छ । लोककथामा विषयवस्तु भन्ने व्यक्ति अनसार शैली फरक-फरक हुन पुगे पनि यसमा मुख्यत ? वर्णनात्मक शैली अंगालिन्छ सरल र प्रवाहापूर्ण शैलीमा कथाको कथन रोचक र कुतहलतावर्द्धक ढङ्गले गरिन्छ । लोककथाको शैलीमा अर्थको जटिलता तथा विम्व, प्रतीकको प्रभानता हुँदैन यसको शैली सादा हुन्छ । यसको प्रारम्भ र अन्त्य गर्ने आफ्नै ठप र ढाँचा भएको विशिष्ट शैली हुन्छ । यसमा संवादात्मकताको खासै महत्व नभए पनि घटनाहरुको आकस्मिक मोडका कारण नाटकीय शैलीको पर्याप्तता रहन्छ । दृष्टिविन्दु, संवाद, अभिप्राय आदि पनि लोककथाका तत्वका रुपमा देखापर्दछन । यी तत्वहरु माथिका तत्वकै अनिवार्य तत्व नभएर ऐच्छिक तत्व हुन् ।

## ३.७ लोककथाको वर्गीकरण

लोककथाको अत्यन्त व्यापकता र विविधताका कारण वर्गीकरण गर्ने धेरै गारो छ । असङ्ख्या विषयका असङ्ख्य लोककथा पाइने हुँदा र तिनको वर्णन पनि असङ्ख्य ढङ्गबाट हुने हुँदा यसमा अनेक भेदउपभेद पाइन्छन् । यसको वगीृकरण गर्ने आधारहरु आकार शिल्पविधान, धाव उद्देश्य, विषयवस्तु आदि हुन सक्छन् । यी विभिन्न आधारमा वर्गीकरण गरी नेपाली लोककथाको प्रकारहरुलाई यसरी प्रस्तुत गरिएको छ । [८]

**१. शिल्पका आधारमा नेपाली लोककथाको वर्गीकरण**

(क) घटनाप्रधान लोककथा

(ख) चरित्र प्रधान लोककथा

(ग) परिवेश प्रधान लोककथा

**२. भावका आधारमा नेपाली लोककथाको वर्गीकरण**

(क) प्रेमकथा

(ख) वीरकथा

(ग) करुण कथा

(घ) भक्ति कथा

(ङ) हास्य कथा

(च) अदभुत कथा

(छ) रोमाञ्चक कथा

**३. उद्देश्यका आधारमा नेपाली लोककथाको वर्गीकरण**

(क) मनोरञ्जन प्रधान लोककथा

(ख) नीति प्रधान लोककथा

---

८. चुडामणि बन्धु, पूर्ववत्, पृष्ठ ३७९ ।

**४. विषयवस्तुका आधारमा नेपाली लोककथाको वर्गीकरण**

(क) पौराणिक लोककथा

(ख) सामाजिक लोककथा

(ग) किंवदन्ती मूलक लोककथा

(घ) पशुपंक्षीका लोककथा

उपर्युक्त वर्गीकरणहरु मध्ये तुसली दिवसले गरेको लोककथाको वर्गीकरण केही विस्तृत र पूर्ण देखिएकोले यसैको आधारमा नेपाली लोककथाको वर्गीकरण यसरी गरएको छ ।

१. प्रकृति जगत सम्बन्धी लोककथा

मनव जीवनको प्रकृतिसँगको सम्वन्ध अनादिकाल देखि रहदै आएकोले मकानवले आफ्ना लोककथाको निर्माण गर्ने क्रममा थुप्रै कथाहरु प्रकृतिसँग सम्वद्ध भएका छन् । जस्तै :- पराक्रमी फर्सी, वलवती कन्या, उत्तिस, लालीगुराँस फर्सी र काक्रो आदि यस अन्तर्गत पर्ने कथाहरु हुन् ।

२. पौराणिक एवं धार्मिक लोककथा

पुराण, रामायण, महाभारत, वृत उपासना, धार्मिक अनुष्ठान सवन्धी कथाहरु यस अनतर्गत पर्दछन । जस्तै :- स्वस्थानी व्रतकथा, पुरुषेत्तम महात्मा, तीजको व्रतकथा, आदिसँग सम्वन्धित कथाहरु यस अन्तर्गत पर्दछन ।

३. सांस्कृतिक एवं ऐतिहासिक लोककथा

न्पाल सांस्कृतिक गौरवले निकै धनी देश हो । यस्ता थुप्रै ऐतिहासिक वीर पुरुष, स्थान र घटनाहरु प्रशस्त भएको देश हो । विभिन्न देवी देवता तिनको उत्पत्ती मठमन्दिर निर्माण जात्रा ठाउँ सँग सम्वन्धित कथाहरु सांस्कृतिक कथाहुन भने वीर पुरुष र तिनका साहसिक कार्यसँग सम्वन्धित कथाहरु ऐतिहासिक कथा हुन् ।

४. प्रेमपरक लोककथा

ह्रम्रो समाजमा निकै अगाडिदेखि परी, अप्सरा, राजकुमार युवायूवती आदिका प्रेमसम्वन्धि कथहरुलाई बुनेर वनाएका कथाहरु प्रमपरक लोककथाहुन । जस्तै :- फूल थुँगा रानी, राजा मौना ।

५. उपदेशात्मक र नीतिसम्वन्धी कथा

असल काम गर्नेलाई विजय र खराव काम गर्ने लाई पराजय देखाउँदै पुरस्कार र दण्डको माध्यमवाट उपदेश र नीतिसम्वन्धी शिक्षा दिने उद्देश्यले रचना गरिएका कथाहरु यस अन्तर्गत पर्दछन जस्तै :- बुढो बाबु फाल्ने डोको, इन्साफ गर मुखियाको अर्ति, अन्यायको चोट, पतिव्रता नारी, आदि ।

६. साहस र सुन्याइँ एवं पौरखका कथा

राष्ट्रिय वीरपूरष अजङगका जन्तु जनावर राक्षस आदिसँग सम्बन्धित कथा समुद्रपार गरेका स्वर्ग-मर्त्य विचरण गरेका देशविदेश घुमेका अनि पौरुषत्व प्रदर्शन गरेका कथाहरु यस अन्तर्गत पर्दछन् । साहसी राजकुमार, हाईरानी चाँदनी फलथुँगा रानी आदि कथाहरु यस अन्तर्गत पर्दछन् ।

७. मानवीय स्वभाव एवं प्रवृत्तिका कथा

मान्छे विभिन्न किसिमका स्वभाव देखाएर तिनका माध्यमबाट काम क्रोध लोभ मोह जस्ता प्रवृत्तिको दमन गर्ने उद्देश्यले राखिएका कथाहरु यस अन्तर्गत पर्दछन् ।

८. हास्यव्यङ्ग्यात्मक लोककथा

श्रोतलाई हँसाउने रचना गरिएका कथाहरु यस अन्तर्गत पर्दछन् । यस्ता कथाले श्रोतलाई मरीमरी हसाउनुका साथै समाजका विकृत्ति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य पनि गर्दछन् । जस्तै : लाटो वुङ्गोको कथा, पाँच वचने आमाकी दश वचने छोरी आदि यस्ता कथा हुन् ।

९. अतिमानवीय रुपका कथा

मनवेत्तर पात्रहलाई छनोट गरी तिनका विषयमा बनाइएका कथाहरु यस अन्तर्गत पर्दछन् । यस्ता कथाका पात्र मानवेत्त, अप्राकृतिक, विषम, अद्‌भुत एवम् असम्भव एवम् घटना विवरण पनि अलौकिक र अप्राकृतिक हुन्छ ।

जस्तै :- सुनकेसरी मैयाँ, खीरपाक ताउली, वोक्सी पूजा, आदि ।

१०. दैवी लोककथा

देवतासँग सम्वन्धित लोककथाहरु यस अन्तर्गत पर्दछन् । यस्ता कथाहरु विशेषगरी व्यक्तिले देवी देवताको तपस्या गरी शक्ति प्राप्त गरेको र त्यही शक्तिका माध्यमवाट साहसिक र अचम्मका कामहरू गरेको कुरा बताइएको छ । जस्तैः- राजकुमार र मन्त्री, यमपुरीवाट फर्केर आउने मानिस, दुई दिदीबहिनी आदि हुन् ।

११. विविध लोकथा

उपयुक्त वर्गीकरणभित्र नपरेका विभिन्न जातिका धर्म संस्कृति चालचलन अनुसार कथाहरु विविध अन्तर्गत राख्न सकिन्छ ।

## ३.८ लोककथाको उत्पत्तिसम्बन्धी दृष्टिकोण

लोककथाको उत्पत्ति सम्बन्धि विभिन्न दृष्टिकोणहरु रहेका छन् । यिनमा प्रमुख तथा महत्वपूर्ण दृष्टिकोण निम्नलिखित छन् ।[९]

### १. प्रसारवादी दृष्टिकोण

कुनै वस्तु वा विषयलाई एक ठाउँबाट अर्को ठाउँमा फिंजाइ सर्वत्र पुर्‍याउने प्रक्रियालाई प्रसारवाद भनिन्छ । लोककथाको उत्पत्ति यही प्रसारवादी सिद्धान्त अनुसार भएको हो भन्ने एकथरी विद्धानहरुको मत पाइन्छ । यस तर्कलाई मान्नेहरुका दृष्टिकोणमा लोककथाको उत्पत्ति एक ठाउँवाट अर्को ठाउँमा अथवा एक समुहवाट अर्को समूहमा सर्ने र फिंजिने प्रक्रियावाट भएको हो भन्ने रहेको छ । यस मतका समर्थकहरुको भारत वा मेसोपोटामियाबाट सर्वप्रथम लोककथाको प्रारम्भ भई त्यही वाट संसारभर फैलिएको हो भन्ने दृष्टिकोण अगि सारेका छन् ।

९. प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुईटेल, लोकवार्ता विज्ञान र लोकसाहित्य (काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी), २०६३), पृष्ठ ३७३ र ३७४ ।

### २. प्रकृति सङ्केतवादी दृष्किोण

प्रकृतिलाई प्रतीक बनाएर साङ्केतिक वर्णन गरिने प्रक्रियालाई प्रकृतिसङ्केतवादी दृष्टिकोण भनिन्छ । लोककथाका सन्दर्भमा प्रतीकले प्रकृतिका खासखास रुपको सङ्केत दिन्छ । यस सिद्धान्त अनसार लोककथाको उत्पत्ति प्रकृतिका विभिन्न पक्षलाई प्रतिकका रुपमा व्यक्त गर्ने प्रीक्रयावाट भएको हो भन्ने रहेको छ । लोककथामा दिनको उज्यालो रातको अँध्यारो चन्द्रमाको शीतलता, सूर्यको ताप, पहाडको उचाइ नदीको जलप्रवाहा आदि प्रकृतिका विविध स्वरुपको प्रतिकात्मक प्रस्तुत गरिएको हुन्छ ।

### ३. विकासवादी दृष्टिकोण

संसारभरि नै मानव जातिको विकास विभिन्न ठाउँमा भए पनि समान गतिमा भएको हो भन्ने अवधारणालाई विकासवाद भनिन्छ । लोककथाका सन्दर्भमा यस सिद्धान्तका प्रतिपादक अर्थ र टेलर हुन् । उनका अनुसार सोयाइगत समानताका कारण मानव समाजको विकास सँगै लोककथा पनि सर्वत्र एकनास ढङ्गमा विकसित भएको हो । यसको उत्पत्त कुनै एक ठाउँवाट नभई सवै ठाउँवाट भएको हो भन्ने धारणा रहेको यस सिद्धान्तले लोककथाको उत्पीत्त कुनै एक ठाउँमा भएको हो भन्ने सिद्धान्त्लाई मान्दैन ।

### ५. समन्वयवादी दृष्टिकोण

सबैको पारस्पारिक मेलवाट उत्पन्न भएको हो भन्ने धारणालाई समन्वयवाद भनिन्छ । लोककथाका सन्दर्भमा यसको उत्पत्ति कुनै एक सिद्धान्तबाट नभई सवैका मेलवाट भएको हो भन्ने मानिन्छ । माथिका चारवटै दृष्टिकोण पूर्ण सत्य नभई आंशिक सत्यका रुपमा देखिएका छा् । प्रसारवादी सिद्धान्तले उल्लेख गरेवमोजिम लोककथाको उत्पीत्त कुनै एक ठाउँमा भई अन्यत्र फैलिएको हो भन्ने धारणा उपयुक्त छैन किनभने यसको उत्पीत्त कुनै एक ठाउँमा भएको प्रमाण फैला पर्दैन ।

यस सन्दर्भवाट हेर्दा कुनै एक सिद्धानत्ले लोककथाको उत्पत्तिवारे समुचित प्रकाश नपारेको हुँदा यी सवैका मेलवाट समन्वयवादी सिद्धान्त स्थापित गर्न र सबैका समन्वयवाट लोकथाको उत्पत्ति भएको हो भन्ने मान्नु उपयुक्त देखिन्छ ।

## ३.९ नेपाली लोककथाको सङ्कलन तथा अध्ययन परम्परा

नेपाली भाषको निर्माणका साथ नेपाली लोककथाको स्वीकार गर्न सकिन्छ । भाषाको इतिहास लेख्नेहरुले वि .स १२ औ शताब्दीमा नेपाली भाषाको निर्माण भएको देखिएका छन् र प्राचीन नेपाली भाषाका अभिलेखतिर औल्याएका छन् ।

लोककथाको व्यवहार गर्न भाषालाई लिखितरुपमा आइरहनु पर्दैन । आज पनि कतिपय भाषाहरु अलिखित अवस्थामा छन् । तर तिनमा कथा भन्ने र सुन्ने परम्परा छ । नेपालको हिन्दु-वौद्ध-परम्पराका साथै विभिन्न जनजातीय परम्पराका कथाहरु समाजमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका छन् । लोककथालाई मौखिक परम्पराबाट ग्रहण गरी सङ्कलन र प्रकाशन गर्न थालिएको बि .सं १९९६ देखि नै हो ।

नेपाली भाषाका कृतिहरुमा ऐटन (१८७७) ले अंग्रेजी भाषामा लेखेका व्याकरण पनि पर्दछ । यस कृतिमा मुन्सीका तीन आहानहरु पनि प्रकाशित छन् । बनारसमा पुस्तकहरुको प्रकाशन थालिएपछि बहत्र सुगाको कथा (१८८०) लालहीराको कथा (१८८८) बेताल पंयविंशतिका (१८९३) वीरसिवका (१९४६) प्रल्हाद भक्तिकथा (१९४८) स्वस्थानी व्रतकथा ( १९४८) वेताल पच्चिसी (१९५२) नलदमयन्तीको कथा (१९५५) र अच्चमको वच्चाको कथा (१९५५) अपुर्वमैयाँको कथा बालचन्द्र शर्माका गुलाबकावली हातिमताइकौ कथा (१९८१) सुन्नेकथा सिहाँसन बत्तीसी (१९८२) हरीचन्द्रको कथा वीरबल कौतुक (१९८२) तोतामैनाको कथा (१९८४) मधुमालतीको कथा (१९९६) आदी केही प्रमुख आख्यानात्मक कृति प्रकाशित भएका छन् । तर लोकव्यपहारमा प्रचलित लोककथाहरु सङ्कलन भने विक्रमको विसौ शताब्दीको अन्तिम दशकमा हुन्छ ।

वोधविक्रम अधिकारीद्धारा सम्पादित १२ लोककथाहरुको संप्तह नेपाली दन्त्यकथा ( १९९६) आजसम्मको एउटा प्रसिद्ध सङ्कलन हरे जो लयमे समयसम्म प्रवेशिका विद्यार्थीहरुको पाठ्यपुस्तकका रुपमा रहेयो ।

वि.स. १९९९ मा नेपाली भाषा प्रकासीत समितिले लोककथाको सङ्कलन गरी पठाउनका निम्ति एउटा सूचना जिल्लाहरु मा पठायो । संस्थागत रुपमा लोककथाको सङ्कलनमा रुचि देखाउने यो एतिहासिक प्रयास थियो । ललितजङ्ग सिजापतिको दन्त्यकथामा (२००३) मा २६ ओटा लोककथाको सङ्कलन छ । सिजापतिको नेपाली ऐतिहासिक कथासंग्रह (२००८)मा जात्रा , चाडपर्वसंग सम्वन्धित २० कथाहरु छन ।

यस्तै सुवर्णशमशेर ज. व. रा.को दन्त्यकथा (२००५) मा परम्परासंग सम्वन्धित नौ कथाहरु छन् ।

यस्तै सुवर्णशमशेर ज.व.रा.को दन्त्यकथा (२००५) मा परम्परासंग सम्वन्धित नौ कथाहरु छन् । यस पुस्तकको भुमिकामा दन्त्यकथाको महत्वबारे जोड दिइएको छ र प्रस्तुत दन्त्यकथाहरु सुनेबाट जस्ताको त्यस्तै सारिएको हो भनिएको छ । काजीमान कन्दङ्वाको आठ कथा (२०१०) मा आठैवटा कथा छन् ।

लोककथाका पुस्तकहरु वालवालिकालाई सरल र सुपाठ्य लोककथकहरु दिने उदेश्यले पनि तयार छन् । शिवमणि प्रधान र अमरमणि प्रधानको कथाकहानी (१९५४) एउटा यस्तै प्रकाशन हो जसको प्रयोग दूनपाठकका रुपमा भयो ।

जुजुराम कुस्लेको सुनौला कथा (२०१६) नेपाली लोककथाको संङ्कलन हो । बादलकी रानी (२०१६) कथासंग्रह पनि प्रकाशित भयो । करुणकर वैद्यको नेपाली दन्त्ययकथा संगतह(२०२२) मा वालवालिकाहरका निम्ति १८ ओटा कथाहरुको संङ्कलन छ । हिन्दीमा नेपाली लोककथा (१९६५ई) शीर्षकमा एउटा सङ्कलन गोविन्दयादवले तयार गरेको पाइन्छ । यो नेपालीमा सङ्कलित कथाहरुको सरल हिन्दी रुपान्तर हो यसका दशवटा कथाहर सङ्कलित छन् । इमानसिंह चेमजोङको किराँती दन्त्यकथा (२०२१) मा किराँती समाजमा प्रचलित १९ दन्त्यकथाहरु छन् । ललितजङ्ग सिजापतिको नेपाली लोककथा (२०२४) मा विशेष गरी पौराणिक कथाहरु सङ्कलित छन् । यसमा विशेष गरी काठमाडौँ उपत्यको उत्पत्तीवारेका विविध २५ कथाहरु छन् ।पासाङ गोपर्भाको बुहारी २०२४) मा पनि पूर्वी नेपालमा प्रचलित आठ स-साना लोककथाहरु सङ्कलित छन् ।

केशरलालका कथाहरु अंग्रेजीमा प्रकाशित छन् । ती मध्ये Seven sisters and Nepalese stories (१९६७) मा नेपाली लोककथहरु सङ्कलित छन् । यिनको कथ्भायपि तबभिकया ल्भउर्बा (२०२८) अनि यिचभ बलम भिनभलम या ल्भउर्बा (१९७१) शीर्षकका कथासङ्ग्रह पनि प्रकाशित भएका छन् । हाम्रो संस्कृति पत्रिकाले लोककथाका विशेषङ्कहर प्रकाशित गरी चार मालाहरु निकालेको छ । यसको पहिलो माला (२०२७जेष्ठ )मा ५१ कथाहरु छन् । र प्रत्येक कथाको स्रोत पनि दिइएको छ । लोककथाका विशेषाङ्क, दोस्रोमाला (२०२८जेष्ठ)मा ५२ लोककथा सङ्कलनका नामसहित प्रस्तुत छन् । लोककथा विशेषाङक चौथो माला २०२८ पौष मा २७ ओटा कथाहरु छ । संस्थागत रुपमा लोककथाहरको सङ्कलन र प्रकाशनको यो व्यवस्था ऐतिहासिक महत्व थियो । कर्णाली

लोकसांस्कृति खण्ड ५(२०२८) मा प्रदीय रिमालले वालकथा लगायत १० कथाहरु सङ्कलित गरेका छन् । यी कथाहरु जुम्लावाट सङ्कलित हुन । करणाकर वैद्यको नेपालका लोककथा र किवदन्तीहरु ल्भउबभिकभ ायपि कतयचष्भक बलम भिनभलम ज्ञढठड मा अंग्रेजी भाषामा १८ वटा कथाहर छन् । नेपाली राजकीय प्रज्ञा -प्रतिष्ठानबाट नेपाली लोककथा (२०३२) तुलसी दिवसका सम्पादनमा प्रकाशित भयो । यसमा १३२ओटा लोककथा सङ्कलित छन् । यी कथाहरुलाई १४ शीर्षकहरुमा वर्गीकृत गरिएको छ । यसै सङ्कलनको भुमिकामा तुलसी दिवसले नेपाली लोककथावारे चर्चा गर्दै १० प्रकासमा वर्गीकरण गरेका छन् । नेपाली लोककथा एक चर्चा(२०३३)मा तुलसी दिवसका लोककथा सम्वन्धी लेखहरु सङ्कलि छन् । सन् १९७६मा नगेन्द्र शर्माको नेपालमा लोककथाहरु (ँयपि तबभिक या ल्भउबा) प्रकाशित भयो ।यसका अंग्रेजी भाषामा रुपान्तरित ३१ वटान नेपाली कथाहरु छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीद्धारा संयुक्त रुपमालेखिएको नेपाली लोक सात्यिको विवेचना (२०४१)मा लोककथा वारे पनि चचर्न छ । कर्ण शाक्य र लिन्डनग्तिफितबाट काठमाडौ र वरिवरिका ६१ ओटा कथा सङ्कलित छन् । यसमा कथाहरुको प्रकार रअभिप्रयका प्रकारहरु पनि छुट्ट्याइएका छन् । जापानी नेपाली साहित्यविद हारुहित्तो नोजु(२०४५) ले करणाकर वैद्यका नेपाली दन्त्यकथा सङ्ग्रहका ५ कथाहरुको अनुवाद जापनीभाषामा गरेका छन् । अनुवादकले कथा कथाका शीर्षक र अनुवादवारे पनि चर्चा गरेका छन् । श्री शिवकुमार श्रेष्ठ (२०४७)ले किँराती लोककथाहरुमा किँराती समुदायका (३९)कथाहरु सङ्कलन गरेका छन् । सङ्कलन -कार्यमा श्री श्रेष्ठले गरेको प्रयास प्रशंसनीय छ । ध्रमकृष्ण दीपको नेपालमा चुनिएका लोककथाहरु (१९९३) मा २५ ओटा लोककथाहरु अंग्रेजी भाषमा प्रकाशित छन् । शिवकुमार श्रेष्ठको किँराती लोककथा संगालो २०५१ म किँराती समाजमा ३५ वटा कथाहरु सङ्कलित छन् । भोतीलाल पराजुलीले नेपाली लोककथाका अभिप्रायको अध्ययन (२०५५(मन विद्यावारिवि गरेका छन् ।

## ३.१० पश्चिम दाङमा पाइने लोककथाको परिचय

विश्वमान चित्रमा नेपाल सानो भएता पनि वहुजातिय वहुभाषिक सामाजिक संरचनाले एशियाकै जातिएसंगम स्थलका रुपमा चिनिएको छ । पूर्व मेची देखि पश्चिम महकालीसम्म जातिए संगमका रुपमा चिनिएको छ । नेपाल अधिराज्यका विभिन्न जिल्लाहरु मध्ध दाङ जिल्ला पनि आफ्नै किसिमको मौलिक संस्कृति भएको जिल्ला हो । विकासको

दृष्टिकोणले अन्य जिल्लाको तुलनामा पछाडि परेको भएता पनि लोकसाहित्यको दृष्टिकोणले यो जिल्लालाई धनी मान्न सकिन्छ। लोकसाहित्यका विभिन्न विधाहरुमध्य महत्वपूर्ण विधाको रुपमा रहेको लोककथाको उर्वर भूमि मानिन्छ दाङ जिल्ला । विगतका लोकजिवनका विविधता एवं व्यपकता अवशेषहरुलाई समय र स्थान अनुसार समेटदै सुरक्षित गदै अहिले सम्म यहाँका मानिसको जनजीव्रोमा झुण्डीएको छ । कहिले कसीवियालोको साथकिोरुपमा कहिले बौदिक विलासको सरल माध्यम कहिले जिज्ञाशा कतुहूलता मेट्ने साधन कही मनोरञ्जनका लागि लोककथा सुन्ने र सुनाउने परम्परा पश्चिमी समाजमा आजसम्म पनि जीवन्त छ ।

दाङको पश्चिमी क्षेत्रमा पाइने लोककथामा सामाजिक अर्थिक राजनैतिक कुराको उद्घाटन भएको पाइन्छ। साथै लोकजीवनका हाँसो, आँसु, घातप्रतिघात उत्थन पतन आदि थाह हुन्छ । यहाँका लोककथाहरु आफ्नै हावपानी झरीवााट डाँडा, पखेरा, उकाली, ओराली भञ्ज्याङ सयपत्री आदिमा फुलिरहेका हुन्छन् । यहाँका लोककथाहरु वौदिक एवं नैतिक सन्देश दिने किसिमका रोचक कथावस्तु भएका इतिहास झल्काउने त्यहाँको सामाजिक प्रविृतिलाई समाजमा व्यक्त अन्धविश्वस भग्यवदी प्रवृतिलाई समेटेका हुन्छन् । यस क्षेत्रमा खासगरी मानवीय स्वभाव र प्रवृति सम्बन्धी लोककथाहरु , धार्मिक, लोककथाहरु ऐतिहासिक लोककताहरु प्रेमपरक लोककथाहरु उपदेशात्मक एवं नीतिसम्बन्धी लोककथाहरु साहस र पौरखका लोककथाहरु अतिमानवीय रुपका कथाहरु प्रचलनमा छन् । यसका साथै स्वस्थानी व्रतकथा तीजव्रत कथा एकादशी महात्मा ऋषिपञ्चमी व्रतकथा होली सम्वन्धी कथा यस क्षेत्रमा प्रचलनमा छन् ।

# परिच्छेद : चार

# सङ्कलित लोककथाको अध्ययन, विश्लेषण

## ४.१ अन्यायको चोट कथाको विश्लेषण

तुलसी दिवसको लोककथाको विभाजन अनुसार यो उपदेशात्मक र नीतिसम्वन्धी कथा हो । यो कथा दाङ जिल्लाको पश्चिम क्षेत्रमा अति चर्चित एवं लोकप्रिय रहेको छ । सुन्ने र सुनाउने परम्परामा जीवन्त यस कथाले मानिसले अन्याय गर्नु हुँदैन अन्यायको चोट अन्यायमा पनैले कहिल्यै विर्सदैन भन्ने कुरालाई देखाउन खोजिएको छ ।

प्रस्तुत कथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

१. कथानक

लोककथामा घटनाहरुको योजना तथा व्यवस्थापनलाई कथानक भनिन्छ । लोककथाका तत्वहरुमा कथानक नै प्रमुख तत्व मानिन्छ ।

प्रस्तुत अन्यायको चोट कथा एक नीति कथा हो । कथावस्तु योजनावद्ध छ । सुरु देखि अन्तिम सम्म योजनाको श्रृङ्खला देखापरेको छ । एकादेशमा भन्ने भनाइवाट सुरुगरिएको यस कथामा राजगुरु देवीपत्रले राजकुमार देवेन्द्रलाई अन्यायपूर्वक थप्पड हानेपछि कथावस्तुले नयाँमोड लिएको छ । राजकुमारलाई गुर देवीदत्तले वोलाएर एक्कासी थप्पड हान्छन् । राजकुमारले कुनै गल्ती गरेका हुदैनन् । यसरी आफूले कुनैपनि गल्ती नगरीएको अवस्थामा मलाई किन थप्पड हान्नुभो ? भनेर गुरुसंग थप्पड हान्नुको कारण सोध्छन् । तर गुरले यसको जवाफ २५ वर्षपछि मात्र दिन्छु भन्छन । २५ वर्ष पछि राजकुमार देव्रेद्र राजा हुन्छन् । अनि उनले गुरुसँग त्यही प्रश्न दोहोऱ्याउँछन् । अनि मैले तिमीलाई अन्याय पूर्वक थप्पड हानेकोले २५ वर्षपछि पनि तिमीले बिर्सिएनौ । अहिले तिमी राजा भएका छौं । अन्याय गऱ्यौ र निर्दोषलाई सजाय दियौ भने अन्यायमा पर्नेले त्यसको चोट कहिल्यै बिर्सदैनन् र प्रतिशोध लिइरहन्छन् भन्ने ज्ञान दिनको लागि थप्पड हानेको हुँ भनेपछि राजा पूर्वराजकुमारको जिज्ञासा भेटिन्छ ।

पात्र

लोककथाको अर्को तत्व चरित्र वा पात्र हो । घटनालाई घटित गराउने माध्यम पात्र भएकाले कथानकमा र मात्रको मात्र प्रयोग भएको छ ।

राजा

राजा अत्यन्त प्रतपी न्यायप्रेमी प्रजाप्रेमी र विद्वानको कदर गर्ने प्रजालाई कसरी सुखी राख्न सकिन्छ भन्ने विषयमा चिन्तनशील स्वभावका थिए सिकार जाने उनको शोख थियो । यसै क्रममा उनको मृत्यु भएको घटनालाई देखाएर यिनको भूमिका अन्त्य गरिएको छ ।

२. देवेन्द्र (राजकुमार)

राजकुमार यस कथका प्रमुख पात्र हुन् । यिनकै चरित्रिक सेरोफेरोमा यस कथाको कथावस्तु अगाडि वढेको छ । यिनी जिज्ञासु स्वभावका थिए र अन्याय सहँदैनथे । गुरुले यिनलाई निर्दोष अवस्थामा थप्पड हानेपछि यिनले आक्रोस देखाएनन् र त्यसको चोट पनि सहन सकेनन् । उनले गुरुसँग उनले धैर्यपूर्वक आफूलाई चोट हान्नुको कारण सोधेका थिए । गुरुवाट पच्चीस वर्ष पछि जवाफ दिनेछु भनेपछि राजकुमारले धैर्य गरे तर चोट भुल्न सकेनन् अन्ततः २५वर्ष पछि पुनः सोधे अनि गुरुवाट सही जवाफ पाए पछि उनी शान्त हुन्छन् ।

३. देवीदन्त (राजगुरु)

राजाको दरवारमा राजकुममारलाई शिक्षा दिनको लागि नियुक्त गरिएका राजगुरु हुन् । यिनी अन्य गुरु भन्दा विद्धान देखिन्छन् । यिनलाई राजकुमार जस्ता व्यक्तिलाई थप्पड हान्न सक्ने आँटिलो व्यक्तित्वको भएको न्यायप्रेमी मानिसले जीवनमा कहिल्यै अन्याय गर्नु हुँदैन भन्ने मान्यता भएका वौद्धिक व्यक्तित्वको रुपमा प्रस्तुत गरिएको छ । कथामा कौतुहूलता जगाउन र कथावस्तु लाई नयाँ मोडदिनमा उनको भूमिका महत्वपूर्ण देखिन्छ ।

४. परिवेश

लोककथाको सुन्ने र सुनाउने रमाइलो परम्परा रहेको पृष्ठभूमि सुरुभएको यस कथाले नेपालको मध्य पशिचममा पर्ने पहाडी खण्डको विशाल राज्य एवं दरवारीया परिवेशलाई चित्रण गरेको छ । यसका साथै तत्कालिन समयमा दरबारमा गुरु राखी शिक्षा

दिने परम्परा गुरुले विद्यार्थीलाई शिक्षा दिने क्रममा शारीरिक एवं मानसिक दण्ड दिने परम्परालाई पनि चित्रण गरिएको छ । तत्कालिन राजाहरु सिकार खेल्न जाने तराईमा त्यसमा औलो लाग्नै औलोवाट राजाको मृत्यु भएको घटनालाई चित्रण गर्दै तत्कालिन राजनैतिक एवं दरवारिया परिवेशलाई चित्रण गरिएको यस कथामा प्रस्तुत घटनालाई विश्लेषण गर्दा कृषियुगको सुरुवातको समयमा यसकथाको रचना गरिएको होकी भनेर अनुमान गर्न सकिन्छ ।

५. भाषाशैली

भाषाशैली लोककथाका महत्वपूर्ण तत्व हो । प्रस्तुत कथाको भाषाशैली सरल सहज संप्रेष्य वोधगम्य र सुमधुर शैलीको प्रयोग गरिएको छ । वर्णनात्मक शैली अपनाइएको छ । कथा वस्तुको वर्णनको क्रममा आरम्भमा दरवारीया परिवेशमा दरवारमा राजकुमारले शिक्षा लिने गरेको यसैक्रममा गुरुले उनलाई थप्ड हानेको घटनालाई प्रस्तुत गरेर कथावस्तुलाई रोचक वनाइएको छ । वीचमा कथावस्तुको विस्तार गरिएको छ । अधिकांश ग्रामीण क्षेत्रमा वोलीचालीको रुपमा प्रयोग हुने शब्दहरुलाई प्रयोग गरिएको छ । शास्त्रार्थ, दीक्षा, राज्यभिषेक, मनमस्तिष्क जस्ता तत्सम शब्दहरुको प्रयोग गरिएको छ ।

६. उद्देश्य

प्रस्तुत लोककथाको उघेश्य धार्मिक नैतिक शिक्षा एवं उपदेश दिनु रहेको छ । प्रस्तुत कथनीतिकथा हो । नीति कथाको मूल उद्देश्य नै नैतिकताको पाठ सिकाउनु हुन्छ । यस लोककथामा राजाले राजकुमारलार्य अनाहकमा थप्पड हानेको घटनालाई लिएर राजाले कहिल्यै पनि अन्याय गर्न हुँदेन । निर्दोषलाई सजाय दिनु हुँदैन भन्ने नैतिक शिक्षा दिएका छन् । साथै मानिसले कहिल्यै पनि अन्याय गर्नु हुँदैन र अन्यायमा पर्नेले अन्यायको चोट कहिल्यै विर्सदैन । राजा न्यायप्रेमी, प्रजाप्रेमी हुनु पर्दछ भन्ने ज्ञान, शिक्षा, उपदेश एव. सन्देस दिनु नै यसकथाको उद्देश्य रहेको छ ।

## ४.२ पतिव्रत नारी कथाको विश्लेषण

तुलसी दिवसले गरेको लोककथाको विभाजन अनुसार यो नीति कथा हो । यो कथा दाङ जिल्लाको पश्चिम क्षेत्रमा निकै लोकप्रिय रहेको छ सुन्ने र सुनाउने परम्परामा जीवन्त यस कथाले मानिसले कहिल्यै घमण्ड गर्नु हुँदैन घमण्डले अरुको होइन आफ्नो पतन

गराउँछ भन्ने उपदेश दिएको छ । प्रस्तुत : कथाको विश्लेषण लोककथाका तत्वका आधारमा यसरी गरिएको छ ।

१. कथानक

प्रस्तुत 'पतिव्रत नारी' कथा उपदेशात्मक र नीति सम्वन्धी कथा हो । धेरै पहिलेको कुराहो भन्ने भनाइवाट सुरु गरिएको यस कथाको कथानक योजनावद्ध छ एकादेशमा वस्ने एक ब्राहमण मन्दिर जाँदै गर्दा बाटोमा उनललाई शुद्रले मन्दिरमा चढाइदिनु भनेर फलप्रसाद दिन्छ , उक्त फलप्रसाद ब्राहमण मन्दिर तर्फ लाग्छन् । मन्दिरमा शुद्रले दिएको प्रसाद चढाउन लाग्दा हातवाटै प्रसाद गायब हुन्छ । त्यसपछि कथाले नयाँ मोड लिएको छ । अनि ब्राह्मणले आफूले ल्याएको प्रसाद चढाँउछन् तर देवीले ग्रहण गर्दिनन् । यसघटनावाट ब्राह्मणको मनमा शङ्का उत्पन्न हुन्छ मेरी पत्नी पतिव्रता नभएको कारणले मैले चढाएको प्रसाद देवीले ग्रहण गर्दिनन् तर शुद्रकी पत्नी पतिव्रता भएकोले उसले पठाएको प्रसाद देवीले ग्रहण गरिन भन्ने कुरा उनको मनमा खेल्न थाल्छ । ब्राह्मण श्रीमतीको क्रियाकलापमा शङका गर्ने थाल्छन् । ब्राह्मण यही कुरा शुद्रलाई वताउछन् । शुद्रले आफ्नी पतिव्रता भएकाले देवीले प्रसाद ग्रहण गरेको कुरा भनेछ । ब्राह्मणले पनि आफ्नी श्रीमति पतिव्रता भएको कुरामा जोड दिएछन् । यसरी यहाँ ब्राह्मण र पत्नी शुद्धको बीचमा द्वन्द्वले आफ्नी पत्नीलाई उनले बोकेर ल्याएको तेल पोख्न भन्छ । उसकी पत्नीले त्यसैगरेर पतिको आज्ञापालन गर्छे । यो क्रियाकलाप हेरेर ब्राह्मण शुद्र दुवै ब्राह्मणको घर जान्छन् अनि ब्राह्मणले आफ्नी पत्नीलाई उनले बोकेको पानी जमिनमा पोख्न भन्छन् तर ब्राहमणकी पत्नीले मान्दिनन । आज्ञा पालन गर्नुको सट्टाउल्टै पतिलाई गाली गर्छिन । यहाँनेर आएर ब्राह्मणको अहंकार समाप्त भएको छ । अनि ब्राह्मणले शुद्रलाई भन्छन 'मैले हारे तिमीले जित्यौ' तिम्रो जीवन सुखमय बितोस् भन्ने आर्शीवाद दिँदै कथावस्तु सुखान्तमा गएर टुङ्गिएको छ ।

२. सहभागी

यस पतिव्रत नारी कथामा ब्राह्मण, उनकी पत्नी, शुद्ध र उसकी पत्नी आदि पात्रहरु सहभागीका रुपमा आएका छन् । यी मध्ये निम्नलिखित सहभागीहरुको सहभागिता उल्लेख्य रहेको छ ।

(क) ब्राह्मण

यसकथाका प्रमुख पात्र ब्राह्मण हुन् । उनको चरित्र धर्मसंस्कृति प्रति आस्था राख्ने धार्मिक प्रवृत्तिका पात्रको रुपमा देखिन्छन् । उनीमा म ब्राह्मण हु उच्च जातको हुँ भन्ने घमण्ड देखिन्छ । शुद्धका अगाडि उनले दिएको आज्ञापालन नगरे पछि उनको घमण्ड चकनाचुर हुन्छ । कथाको सुरुमा उनीमा घमण्ड एवं अहंकार देखिन्छ । कथाको अन्त्यतिर उनको व्यवहार एवं सोचमा परिवर्तन आएको छ । कथाको सुरुदेखि अन्तयसम्म उनको सहभागीता उल्लेख्य छ । कथालाई गतिदिन पाठक एवं श्रोतामा कौतुहलता उत्पन्न गर्नमा उनको भूमिका महत्वपूर्ण देखिन्छ ।

(ख) शुद्र

शुद्र यस कथाको अनुकल पात्र हो । कथालाई गतिदिनमा द्वन्द्व सिर्जना गरेर रोचकता थप्नमा यिनको भूमिका महत्वपूर्ण देखिन्छ । उसको पत्नी पतिव्रता भएकोले ब्राह्मणको अहंकारलाई तोड्न सफल भएको छ । ऊ शुद्र जातको भएपनि संस्कार ब्राह्मणको भन्दा पनि उच्च देखिन्छ । धर्मप्रति विश्वास राख्ने सरल प्रवृत्तिको स्वभाव उसमा देखिन्छ ।

उपर्युक्त सहभागीबाहेक यस कथामा ब्राह्मणकी पत्नी र शुद्रकी पत्नी गौण पात्र हुन् । ब्राहमणकी पत्नीमा जात उच्च भएपनि उनमा संस्कार निम्न हुन्छ । शुद्रकी पत्नीमा उच्च संस्कार देखिन्छ ।

३. परिवेश :- प्रस्तुत कथामा एकदेशको ग्रामीण एवं आञ्चललिक परिवेशलाई समेटिएको छ । ग्रामीण परिवेशमा कथावस्तु उभिएको छ । दसैँमा सबैले आ-आफ्ना घरहरु रङ्गगाउने देवीको मन्दिरमा प्रसाद चढाउने दर्शन गर्ने नेपाली समाजको परम्परागत संस्कारलाई परम्परादेखि जरा गाडेर बसेको जातिय अहंकार र यसबाट सिर्जित समस्यालाई द्वन्द्वको रुपमा कथावस्तुले प्रस्तुत गरेको छ । नदीको किनारमा ठूलो गाउँ, विभिन्न जातजातिका मानिसहरु वसोवास गर्न गरेको छ । ग्रामीण परिवेशलाई कथावस्तुमा झल्किएको छ । प्रस्तुत घटनाक्रमाको आधारमा यो कथा कृषियुगको समय तिरको होकी भनी अनुमान गर्न सकिन्छ ।

४. भाषशैली

प्रस्तुत 'पतिव्रता नारी' लोककथाको भाषाशैली सरल सहज र वोधमग्य छ । परम्परादेखि चलेको उच्चजातका मानिसमा पाइने अहंकार जात उच्च तर उच्च व्यवहार निम्न भएको ब्राह्मण र उनकी पत्नीको व्यवहारलाई शुद्रकी पत्नीको आर्दश एवं पतिपरायणतालाई कथामा रोचकशैलीमा प्रस्तुत गरिएको छ । कथानक भाषिक जटिलता नभई सरल र तृतीय पुरुष दृष्टिविन्दूमा छ । यो कथामा शुद्र र उसकी पत्नीको भूमिका प्रसंशनीय वनेको छ । कथा बिच-बिचमा उतार चढाव हुँदै अन्त्यमा सुखान्तमा गएर टुङ्गिएको छ । ब्राह्मण जस्ता तत्सम शब्द, गाउँ, भूमि जस्ता तदभव शब्द, गरिव, जवाफ जस्ता आगन्तुक शब्दहरुको प्रयोग गरिएको छ । निरक्षर, ग्रामीण मानिसले वुझ्ने भाषामा कथावस्तुको निर्माण भएको छ ।

५. उद्देश्य/सन्देश

प्रस्तुत 'पतिव्रता नारी' कथा उपदेशात्मक र नीति सम्वन्धी कथा हो । यस कथाले श्रोता एवं पाठकलाई मनोरञ्जन दिनुको साथै नैतिक शिक्षा एवं सन्देशहरु प्रवाहित गरेको छ । यी सन्देशलाई आत्मासाथ गर्दा यो लोककथा निकै शिक्षाप्रद देखिन्छ । जातको आधारमा मानिसलाई भेलभाव गर्नु हुँदैन जातीय अहंकारलाई त्याग्नु पर्दछ । सबभन्दा पहिले मानिसले आफूलाई चिन्नु पर्छ । आफू भित्रवाट म उच्च जातको हुँ भन्ने अभिमान मिल्काउनु पर्छ । मस्तिष्कमा समानताको भाव र व्यवहारले मात्र मानिसलाई माहान वनाउँछ भन्ने शुद्रले जितेको छ । मानिस जातले होइन संस्कारले उच्च हुन्छ । पतिव्रता धर्म र व्यवहार भएको व्यक्ति नै महान हुन्छ भन्ने शिक्षा सन्देस यस कथाले दिएको छ ।

## ४.३ मुखियाको अर्ति कथाको विश्लेषण

तुलसी दिवसले गरेको लोककथाको विभाजन हनुसार प्रस्तुत 'मुखियाको अर्ति' कथा उपदेशात्मक र नीति सम्वन्धि कथा हो । सुन्ने र सुनाउने परम्परामा जीवन्त या कथा दाङको पश्चिम क्षेत्रमा निकै लोकप्रिय छ । बाबु र गुरुको अर्ति उपदेशको के महत्व हुन्छ भन्ने कुरालाई यस कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । पस्तुत लोककथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

१. कथानक

प्रस्तुत कथाको कथानक सरल छ । विच-विचमा रोचक घटनाहरु लिएर अगाडि वढेको यो लोककथाको कथानक पूर्ण देखिन्छ । कथावस्तु प्रारम्भमा सुखान्त, विचमा दुखान्त भई अन्तयमा सुखान्तमा गएर टुङ्गिएको छ । कथावस्तु अनुसार एकादेशका मुखियाले मर्ने बेलामा छोरालाई अर्ति उपदेश दिन्छन् र त्यसको कही समयपछि उनको मृत्यु हुन्छ । बाबु वितेको एकवर्षपछि उसको छोराको विहे गर्छ केही समयपछि उसको छोरा जन्मिन्छ र छोराको नाम र भाग्य हेराउन ऊ गुरुको घरमा जान्छ । गुरुले छोरालाई जङ्गलमा लगेर गाड्न सल्लाह दिन्छन । इच्छा नहुँदा नहुँदै पनि बाबुले मर्नेवेला भनेका कुरा सम्झलै श्रीमतिको विरोधको वावजुद पनि उसले जङ्गलमा लगेर छोरालाई जीवित अवस्थामा नै माटोले जुरेर आउँछ । दोस्रो र तेस्रो छोरालाई पनि गुरुले पहिले भने जस्तै  आज्ञा दिन्छन् र उसले पनि पालना गर्दै जान्छ । चौथो छोरो जन्मिए पछि गुरुले उसलाई नयाँ विधि वताउँछन् र उसले गुरुको आज्ञाभुताविक पहिले गाडेका छोराको लास माथी वाँसको टोकरीमा राखेर छोरालाई सुताउँछ । विहानको पहिलो प्रहर हुन्छ । त्यसवेला अकस्मात नयाँ दृश्य देखापर्छ जव उसका जीवित बच्चाहरु सँगसँगै मरेका बच्चाहरु पनि रुन थाल्छन् तब बिशाल काम भएको मानिस त्यहाँ आउँछ र उनीहरुलाई अनेकौ प्रश्न सोध्छ जन्मिनको कारण सोध्छ अनि ती पहिला गाडिएका बच्चाहरुले आफू जन्म दिने बाबलाई अनिष्ट गर्न जन्मिएको बताउँछन र चौथो छोराले आफू बुलको इज्जत राख्न र बाबु आमाको सेव ागर्न जन्मिएको वताउँछ । यी सवै दृश्य मुखियाको छोराले परबाट लुकेर हेरेको हुन्छ । अनिमात्र उसलाई गुरुले छोराहरु किन गाडेन भनेका रहेछन् भन्नेकुराको ज्ञान हुन्छ र उजलो भएपछि उसले आफ्नो चौथो छोरालाई घरमा ल्याएर आउँछ । बाबु र गुरुको उपदेशको महत्व वुझ्दछ अनि दुवैलाई धन्यवाद दिँदै आरम पूर्वक जीवन व्यतित गर्दछ । यसरी कथानक सुखान्त गएर टुङ्गिएको छ ।

२. सहभागिहरु

यस मुखियाको अर्ति कथामा मुखिया मुखियाको छोरो उसिकी श्रीमती चार छोराहरु र वीशाल काय भनेको अदभूत चरित्रको मानिस आदि सहभागीका रुपमा प्रयुक्त छन् । यी मध्ये यसमा निम्नलिखित चरित्रहरुको सहभागीता उल्लेख रहेको छ ।

(क) मुखिएको छोरा

यस कथाको मुख्य पात्र मुखियाको छोरो हो । ऊ आज्ञाकारी हुन्छ । उसले बाबुले मर्नेवेला दिएको उपदेशलाई जीवनभर पालना गरेको छ । बाबु र गुरुले दिएको आज्ञा पालन गरेको हुनाले जीवनमा आइपर्ने ठूलो अनिष्टबाट बच्न सफल भएको छ । आफ्ना तीन सन्तानलाई गाडेर गुरुको वचन पूरा गरेको छ । कथालाई गति दिन उसको भूमिकाले महत्वपूर्ण सहयोग पुऱ्याएको छ । कथाको सुरुदेखि अन्त्यसम्म कथालाई रोचक वनाउनमा सहयोग पुऱ्याएको छ । यसकै चारित्रिक सेरोफेरोमा कथावस्तु अगाडि बढेको छ । उसले निभाएको भूमिकाको आधारमा ऊ ज्ञानी गुरुभक्त, आज्ञापालक, सहसीपात्रको रुपमा देख्न सकिन्छ ।

(ख) मुखिया

मुखियाको भूमिका यस कथामा समाजसेवीको रुपमा देखिएको छ । उनी अथाह सम्पत्तिका मालिक थिए । तर कसैको शोषण गर्दैनथे । गुरुको आज्ञा मान्नुपर्छ भन्ने उनको मान्यता थियो र यही ज्ञान उनले आफ्ना छोरालाई पनि दिएका छन् । कथामा उनको भूमिका पनि महत्वपूर्ण देखिन्छ ।

(ग) गुरु

ज्योतिष शास्त्रका ज्ञाता, स्पष्ट वक्ताको रुपमा उनको भूमिका देखिन्छ । ज्योतिषशास्त्रको माध्यमाबाट भविष्यमा हुनसक्ने घटनाको आकलन गर्न सक्ने क्षमता उनीमा देखिन्छ । मुखियाको छोरालाई वच्चाहरु गड्न सल्लाह दिएर उसलाई भावी अनिष्टवाट जोगाएका छन् । कथावस्तुको मध्यदेखि अन्त्यसम्म उनको भूमिका सक्रिय एवं महत्वपूर्ण देखिन्छ । उनको उपस्थिति सँगै कथावस्तुले नयाँमोड लिन सफल भएको देखिन्छ ।

(ग) भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, र सहज, र रोचक छ । भाषिक जटिलता नभई सरल र तृतीय पुरुष दृष्टिविदुमा छ ।  मुखियाको छोराले आफ्ना तीनवटा छोरालाई जङ्गलमा लगेर गाडेको । चौथो छोरालाई जङलमा लगेर तीनवटा छोराको शवमाथि राख्दा भएको घटनाका साथै गुरुको आदेश मान्दा कसरी भावी अनिष्टवाट बच्न सफल भयो भन्ने कुरालाई रोचकढङ्गले प्रस्तुत गरिएको छ । थियो आएछ । गाडेछ । जस्ता भूतकालिन

क्रियापदको प्रयोग गरिएको छ । वर्णनात्मक शैली र सुन्दर शब्द संयोजनद्धरा कथावस्तु मीठासपूर्ण बनेको छ ।

(४) परिवेश

एकादेशको ग्रामीण परिवेशलाई कथावस्तुले समेटेको छ । स्थानका दृष्टिले एकादेशको ग्रामीण क्षेत्र , समयका दृष्टिले कृषियुको समयमा शिक्षले भर्खरै समाजमा बामे सर्न लगेको समय तिरेको होक ाभनेर अनुमान गर्न सकिन्छ । बाबुले छोरालाई अर्ती दिनु, बच्चा जन्मिएपछि गुरुकहाँ नाम हेराउन जानु, गुरु र वावुले जस्तोसुकै कठिन अदेश दिएपनि स्वीकार्नु पर्ने जस्ता हाम्रो पौराणिक संस्कृतिसंग संम्वन्धित पक्षलाई कथामा समेटिएको छ । यसरी धार्मिक तथा आदर्श परम्परामा विश्वास गर्ने नेपाली समाज तत्कालिन समयका यूवापुस्ताको अनुकरणीय चरित्र पुरुष प्रधान समाज, नारीको कुरा स्वीकार नगर्ने तत्कानिक समयको नारीको अवस्था लाई यस कथामा चित्रण गरिएको छ । यस कथामा कथावस्तुको मिल्दो परिवेशको चित्रण गरिएको छ ।

(५) उद्दश्य, सन्देश

प्रस्तुत कथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो मनोरञ्जनका साथसाथै विभिन्न सन्देशहरु प्रबाहित गरेको छ । यी सन्देशलाई आत्मासाथ गर्दा यो कथा निकै शिक्षाप्रद देखिन्छ । प्रस्तु कथाले मुखिया जस्तै समाज सेवी हुनुपर्दछ । बाबु र गुरुले दिएको अर्तिको सधै पालना गर्नुपर्दछ । गुरुले दिएको आदेशलाई पालना गर्ने क्रममा उसका अगाडि थुप्रै चुनौती आए पनि मुखियाको छोराले डटेर सामना गरेको छ । परिणाम स्वरुप अन्तमा ठूलो अनिष्टबाट वच्न सफल भएको छ । गुरु देवो भव : पितृ देवोभव भन्ने हाम्रो पौराणिक संसकारलाई झल्काएको छ । यसरी आफ्ना अग्रजको आज्ञालाई जुन सन्तानले कर्तव्य सम्झेर पालना गर्दछ उनीहरुको जीवनमा कहिल्यै अनिष्ट आउँदैन । सवै सन्तानहरु असल हुँदैनन पुत्रको रुपमा कुपुत्र पनि जन्मिन सक्छन् । जन्म दिने बाबु आमालाई नै विनाश गर्ने किसिमका हुन्छन् । जसले जस्तो किसिमको भाग्य लिएर आउँछ उसको व्यवहार र चरित्र पनि त्यस्तै हुन्छ भन्ने सन्देश, शिक्षा, मनोरञ्जन दिनु नै यस कथाको मूल उद्देश्य रहेको छ ।

## ४.४ बुद्धिमान काग कथाको विश्लेषण

तुसलीविसले गरेको लोककथाको विभाजन अनुसार प्रस्तुत वुद्धिमान काग कथा पशुपंक्षीका लोककथा अन्तर्गत पर्दछ । सुन्ने र सुनाउने परम्परामा जीवन्त यो कथा दाङ जिल्लाको पश्चिमक्षेत्रमा निकै लोकप्रिय छ । प्रस्तुत कथाले वुद्धिमान कागले कसरी आफू र आफ्ना वचेराको जीवन रक्षा गर्ने सफल भयो भन्ने कथालाई रोचक ढङ्गले प्रस्तुत गरेको छ । पस्तुत कथाको विश्लेषण लोककथाका तत्वका आधारमा यसरी गरिएको छ ।

१. कथानक

प्रस्तुत लोककथाको कथानक सरल छ । बीच-बीचमा रोचक घटनाहरु लिएर अगाडि बढेको यो कथानक पूर्ण देखिन्छ । वुद्धिमान कागको जुक्तिबाट बिषालु सर्प मरेपछि कथा सुखान्तमा गएर टुङ्गिएको छ । कथावस्तु अनुसार एकादेशको एउटा घनाजङ्गल हुन्छ । त्यस जङ्गलको एउटा रुखमा काग सहित अन्य पंक्षीले पनि गुँड वनाएका हुन्छन् । त्यहीरुखको टोडकोमा एउटा विषलु सर्पपनि वस्दछ उक्त विषलु सर्पले ती पंक्षीहरुका वच्चा खाइदिन्छ यो समस्यावाट सवै पंन्छीहरु चिन्तित भएका हुन्छन् । एक दिन काग सहित अन्य पंक्षीहरु भेला भएर सर्पबाट आफ्ना वचेराहरु कसरी जोगाउने भन्ने विषयमा छलफल गर्छन् । फलस्वरुप काग उडेर दक्षिण तर्फ जान्छ र राजकुमारीले नदीको किनारमा राखेको सुनको सिक्री टिपेर ल्याउँछ र विषलु सर्प वस्ने टोड्मा खसाली दिन्छ फलस्वरुप राजाका सिपाहीहरु सिक्री खोज्दै आउछन र रुखमा चढी टोड्कोमा बसेको पंक्षीहरुका वचेरा खाइदिने विषलु सर्पलाई मार्दछन् र राजकुमारीको सिक्री लगेर जान्छन् । यसरी शत्रुको सदाको लागि अन्त हुन्छ र सवै पंक्षीहरु कागलाई धन्यवाद दिंदै खुशीयाली मनाउँछन् । यसरी कथानक सुखान्तमा गएर टुङ्गिएको छ । मानवेत्तर पात्रलाई मानवीकरण गरी मानवपात्रको रुपमा प्रस्तुत गरिएको छ । कथालाई रोचक बनाइएको छ ।

२. सहभागी

यस कथामा काग र अन्य पंक्षी , राजकुमारी राजाका सिपाही सहभागीका रुपमा आएका छन् । यसमा राजकुमारी र सिपाहीहर मानवीय पात्र हुन भने काग र पंक्षी र विषालु सर्प मानवेत्तर पात्र हुन् । यी मध्ये निम्न लिखित चरित्रहरुको सहभागीता महत्वपूर्ण देखिन्छ ।

(क) बुद्धिमान काग

यस कथाको प्रमुख पात्र बुद्धिमान काग हो । उसकै चरित्रिक सेरोफेरोमा यो कगाको कथावस्तु अगाडि बढेको छ । उसमा मानवीय गुणहर आरोपित गरिएको छ । ऊ अत्यन्त वुद्धिमान प्राणीको रुपमा देखिन्छ । उसकै चलाखीलेगर्दा आफू भन्दा वलियो शत्रुलाई हराउन सफल धएको छ । यसरी वुद्धिमान काग कठिन अवस्थामा पनि नआत्तिने  वल भन्दा बुद्धिमा विश्वास गर्ने साहसी एवं वुद्धिमानी पात्रको रुपमा उसको चरित्र देखिन्छ ।

(ख) अन्य सहभागीहरु

मानवेत्तर पात्र- विषालुसर्प- यसको भूमिका पनि कथामा रोचक छ । यसले पंक्षीहरुका वचेरा खाइदिन्छ अन्त्यमा राजाका सिपाहीहरुले यसलाई मार्दछन् । कथावस्तुलाई नयाँमोड दिनमा उसको भूमिका सफल देखिन्छ ।

मानव पात्र- मानवपात्रको रुपमा राजकुमारी र उनका सिपाहीहरुको भूमिका महत्वपूर्ण देखिन्छ । सिपाहीहरुको विषालु सर्प मारेपछि कथा सुखान्तमा गएर टुङ्गिएको छ ।

(ग) परिवेश

स्थानका दृष्टिले हेर्दा यसकथामा कुनै खास ठाउँ विशेषलाई नतोकेर एकादेशको विशाल जङ्गल जङ्गल नजिकवाट नदी । नदी किनारमा अवस्थित विशाल रुख र त्यहाँ वस्न पंक्षीको अवस्था एवं त्यहाँको प्राकृतिक सुन्दर परिवेशलाई कथाले समेटेको छ । समयका दृष्टिले हेर्दा यस कथामा घटित घटनाका आधारमा कृषियुगको समय भुरेटाकुरे राजाले राज्य गर्ने समउतिरको हो की भनेर अनुमान गर्न सकिन्छ । एउटा विशाल रुखमा पंक्षीहरु गुँड वनाएर वसेको विशाल सर्पले पंक्षीका बचेराहरु खसाइनु, सिपाहीहरुले सर्पमारेर सिक्री फिर्ता गरेको कागको वुद्धिमानीले विषलु सर्प मार्न सफल भएको घटनाहरु कथामा चित्रण गरिएको छ । साथै अहिलेको जस्तो सुविधायुक्त घरहरु नभएकोले राजकुमारी नदीमा स्नान गर्न आउने, उनको सुरक्षाको लागि सिपाहीहरु सधैं तयार भएर वस्ने तत्कालिन अवस्थालाई कथाले झल्काएको छ ।

४. भाषाशैली

प्रस्तुत लोककथाको भाषाशैली सहज, सरल, रोचक र आकर्षित छ । कथानक भाषिक जटिलता नभई सरल र तृतृयी पुरुष दृष्टिविन्दुमा छ । यस कथामा विषलु सर्पले

पंक्षीका बचेरा खाइदिँदा, पंक्षी शोकाकुल भएको सिपाहीहरुले विषालु सर्पमारे पछि पंक्षीहरुमा खुशीयाली आएको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । बुद्धिमान काग अत्यन्त साहसिक, बुद्धिमानी र प्रशंसनीय बनेको छ । कथा अन्तयमा सुखान्तमा गएर टुङ्गिएको छ । भएछन्, गरेछन् थियोरे, रहिछन् जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिएको छ । मानवेत्तर प्राणीलाई मानवीकरण गरी कथालाई रोचक वनाइएको छ ।

५. उद्देश्य/सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु नै हो । मनोरञ्जनका साथसाथै यस लोककथाले विभिन्न सन्देशहरु पनि प्रवाहित गरेको छ । ती सन्देशहरुलाई आत्मसाथ गर्दा एउटा कागले आफूभन्दा बलियो शत्रुलाई कसरी हटाउन सफल भएको छ भन्ने कुरालाई कथावस्तुले देखाएको छ । बल भन्दा बुद्धि ठूलो हुन्छ । आपत विपतको बेला बललेहोइन बुद्धिले काम गर्नु पर्छ । बलको घमण्डले अरुलाई होइन आफैलाई नाश गर्छ । आफू बलियो छु भनेर कमजोरलाई हेप्नु हुँदैन । कसैको जीवन बलियोको आहाराको होइन हामीलाई आफ्नो जीवन जति प्यारो लाग्छ त्यति सबैलाई लाग्दछ । यदि कसैले बलको घमण्डले सर्पले जस्तै अरुप्राणीको जीवनलाई आफ्नो आहारा बनाउने दुष्प्रयास गऱ्यो भने सर्पले जस्तै नियति भोग्नु पर्छ भन्ने ज्ञान, शिक्षा, सन्देश दिनु नै यस लोककथाको उद्देश्य रहेको छ ।

## ४.५ बूढाको अर्ति कथाको विश्लेषण

तुलसीदिवसले गरेको लोककथाको विभाजन अनुसार यो पशुपंक्षी सम्वन्धी लोककथा हो । श्रुती परम्परामा हुर्केको र बढेको यो कथा दाङ जिल्लाको पश्चिम क्षेत्रमा निकै चर्चित छ । प्रस्तुत कथाले आफू भन्दा अग्रजको आदेश नमान्दा त्यसको परिणाम के हुन्छ भन्ने कुरालाई देखाउन खोजेको छ । लोककथाका तत्वका आधारमा प्रस्तुत कथाको विश्लेषण यसरी गरिएको छ ।

१. कथानक

प्रस्तुत लोककथाको कथानक सरल छ । बीच-विचमा रोचक घटनाहरु लिएर अगाडि बढेको यो कथाको कथानक पूर्ण देखिन्छ । कथावस्तु अनुसार एकादेशको किसानको खेतमा परेवाले उसले लगाएको अन्नवाली खाएर नोक्सान गरिदिएका हुन्छन् । यसवाट किसान आजित भएर परेवालाई मार्ने उद्देश्यले जाल थाप्छ । परेवाको वथानमा वस्ने बूढा

परेवाले यो कुरा थाहा पाएको हुन्छ । उसले यसवारे अन्य परेवालाई पनि जानकारी गराएको हुन्छ तर अन्य परेवाले नमानेर खेतमा जान्छन् र किसानले थापेको जालमा पर्दछन् । जालमा परेपछि उनीहरुले बूढो परेवालाई जालबाट निकाल्न आग्रह गर्छन । बूढा परेवालाई दया लाग्छ र उसले जालबाट उम्कने उपाय बताउँछ । जालमा परेका परेवाले पनि बूढो परेवाले भने जस्तै अभिनय गरेर जालवाट उम्कन सफल भएका छन् । उनीहरुको प्राण रक्षा गर्न बूढो परेवा सफल भएको छ । अन्य परेवाहरुले बूढोले भनेको नमान्दा दुःख पाइदोरहेछ भन्ने करो बुझेर आफ्नो प्राण रक्ष ा गर्ने बूढो परेवाको सम्मान गर्न थाल्छन् । यसरी पंक्षीलाई मानवीकरण यस कथा सुखान्तमा गएर टुङ्गिएको छ ।

२. सहभागी

यस कथामा बुढो परेवा, अन्य परेवाहरु र किसान सहभागीका रुपमा आएका छन् ।यसमा परेवा मानवेत्तर पात्र र किसान मानवीय पात्र हो । यी मध्य निम्न लिखित चरित्रहरुको भूमिका महत्वपूर्ण देखिन्छ ।

(क) बूढोपरेवा

यसकथाको मुख्यपात्र बूढो परेवा हो उसकै चरित्रिक सेरोफेरोमा यो कथाको कथावस्तु अगाडि वढेको छ । उसमा मानवीय गुणहरु आरोपित गरिएको छ । ऊ निकै बुद्धिमान एवं दुरदर्शी हुन्छ । उसको किसानले जाल थापेको थाह पाएको हुन्छ । परेवा उसको सल्लाह नमानेर किसानको खेतमा जान्छन र जालमा पर्छन र त्यसवेला पनि उसले जालमा परेका परेवालाई जालबाट बच्ने उपाय निकाल्छ ती परेवाको जीवन रक्षा गर्न सफल हुन्छ । कथाको सुरुदेखि अन्त्यसम्म उसको भूमिका महत्वपूर्ण छ ।

(ख) किसान

किसान यसकथाको मानवीय पात्र हो । कथालाई नयाँ मोड दिनमा कौतुहूलता जगाउनमा यसको भूमिका महत्वपूर्ण छ । उसको धान परेवाले खाइदिन्छ र ऊ आजित भएर खेतमा परेवालाई वल्झाउन पासो थाप्दछ । परिश्रमी र जुक्तिवाल चरित्रको रुपमा उसको भूमिका देखिन्छ ।

३. परिवेश

स्थानका दृष्टिले हेर्दा यसकथामा कुनै ठाउँ विशेषलाई नतोकेर एकादेशको विशाल जङ्गल जङ्गल नजिकको किसानको खेतलाई परिवेशको रुपमा समेटेको छ । जङ्गलमा धेरै परेवाहरु बस्नु परेवाले किसानको धान खाइदिनु । परेवालाई बल्भ्काउनको लागि किसानले पासो थाप्नु । बूढो परेवाले अन्य परेवाहरुलाई जालबाट मुक्त गरेको घटनालाई ढङ्गले चित्रण गरिएको छ । उक्त घटनाक्रमको आधारमा हेर्दा प्रस्तुत कथा सिकारी युगपछि मानिसले खेतीपाती गरेर वस्न थालेको सुरुवाती समयको होकी भनेर अनुमान गर्न सकिन्छ ।

४. भाषाशैली

प्रस्तुत लोककथाको भाषाशैली दुवै सहज, सरल र प्रभावपूर्ण एवं आकर्षक छ । यसकथाको कथानक भाषिक जटिलता नभई सरल र तृतीय पुरुष दृष्टिविन्दुमा छ । कथामा किसानले परेवाले धानवाली नष्ट गरिदिएपछि उनीहरुलाई बल्भ्काउनको लागि पासो थापेको बुढो परेवाको बुद्धिमानीले गर्दा परेवाहरु जलबाट मुक्त हुन सफल भएको घटनालाई रोचक शैलीमा प्रस्तुत गरिएको छ । कथाको सुरवात सुखान्तमा विचमा उतार चढाव र अन्तिममा सुखान्तमा गएर कथा टुङ्गिएको छ । रहेछन्, निकालेछ, सुइँको पाएछ, जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिएको ग्रमीण स्तरमा बोलीने वोलीचालीको भाषा प्रयोग गरिएको छ ।

५. उद्देश्य/सन्देश

प्रस्तुत कथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिन हो । मनोरञ्जनका साथै यस कथाले विभिन्न किसिमका सन्देसहरु प्रवाहित गरेको छ । ती सन्देशहरुलाई आत्मसाथ गर्दा यो कथा निकै शिक्षाप्रद देखिन्छ । कुनै पनि कामगर्दा बुद्धिपुऱ्याएर मात्र गर्नुपर्छ आफू भन्दा अग्रजले दिएको सुभ्कावलाई सधै मान्नु पर्दछ । यदि मानिएन भने दुःखको समुद्रमा फसिन्छ बूढो परेवाको सुभ्काव नमान्दा परेवाहरु ठूलो समस्यामा परेका छन् । बुढो परेवाले उनीहरुलाई सहयोग गरेर नयाँ  जीवन दिएको छ । यसैगरी आपतविपत परेको बेला साथीभाइलाई सहयोग गर्नु पर्छ भन्ने शिक्षा, ज्ञान सन्देश दिनुनै यस लोककथाको उद्देश्य रहेको छ ।

## ४.६ घमण्डी खरायो कथाको विश्लेषण

तुलसीदिवसले गरेको लोककथाको विभाजन अनुसार प्रस्तुत घमण्डी खरायो कथा पशुपंक्षी सम्बन्धी कथा हो । यो दाङ जिल्लाको पश्चिम क्षेत्रमा सुन्ने र सुनाउने परम्परामा आजसम्म पनि लोकप्रिय छ । यस कथाले घमण्ड गर्नु हुँदैन घमण्डले अरुको होइन आफ्नै विनाश गर्दछ भन्ने सन्देसलाई झल्काएको छ । यस कथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

१. कथानक

'घमण्डी खरायो' कथको कथानक सरल रुपमा विकसित भएको छ । कथानक पूर्ण देखिन्छ । कथावस्तु अनुसार एकादेशको जङ्गलमा कछुवा र खरायोसँगै बस्थे । पहिले उनीहरुमा सम्बन्ध राम्रो हुन्छ र समय वित्दै जाँदा खरायोमा घमण्डको विकास हुँदै जान्छ र ऊ कछुवासँग दौड प्रतियोगिता गरौ भनेर निहुँ खोज्दछ । ज्यादै ढिपी गरेपछि कछुवा खरायोसँग दौडिन तयार हुन्छ । दौडिने क्रममा खरायोलाई म कछुवा भन्दा छिटो दौडिन सक्छु भन्ने घमण्ड हुन्छ र ऊ दौडिन क्रममा केहीवेर आराम गर्न पर्‍यो भनेर सुत्दछ । उता कछुवा विस्तारै-विस्तारै घस्रिदै अगाडि वढ्छ । उता खरायो भुसुक्क निदाउँछ । निकै वेर पछि खरायो उठ्छ । त्यति वेलासम्म समय निकै व्यतित भईसकेको हुन्छ । ऊ गन्तव्यमा पुग्ने बेला कछुवा पहिलै नै पुगिसकेको हुन्छ । खरायोको लापरवाही र घमण्डको कारणले खरायो दौडमा पराजित हुन्छ अनि कथावस्तु टुङ्गिन्छ ।

२. सहभागी

यस कथामा खरायो र कछुवा सहभागीको रुपमा आएका छन् । यी दुबै मात्र मानवेत्तर हुन् । यी दुवै सहभागीपात्रको भूमिका समान किसिमको देखिन्छ ।

(क) खरायो

कथाको सुरुमा खरायो सरल स्वभावको हुन्छ । कथावस्तु अगाडि वढ्दैजाँदा उसमा घमण्डको विकास हुँदै जान्छ । जसको परिणाम स्वरुप उसले बारुम्वार बछुवालाई आफूसँग दौडिन आग्रह गर्छ । जव ऊ कछुवाबाट पराजित हुन्छ अनिमात्र उसलाई खरायोलाई कमजोर आँकलन गर्नुको परिणाम वोध हुन्छ । सुरुदुखि अन्त्यसम्म उसको भूमिका महत्वपूर्ण देखिन्छ ।

(ख) कछुवा

कछुवा सरल स्वभावको हुन्छ । उसमा आत्मा विश्वास रहेको बुझिन्छ । आत्मा विश्वास र लगनशीलताको कारणले खरायोलाई पराजिते गर्न सफल भएको छ । सुरुदेखि अन्तिमसम्म उसको चरित्र प्रशसनीय छ । कथावस्तुलाई रोचक बनाउनमा उसको भूमिका उल्लेख्य छ ।

३. परिवेश

एकादेशको एउटा जङ्गलको सुन्दर परिवेशलाई कथावस्तुले समेटेको छ । मानवेत्तर पात्रलाई मानवीकरण गरी रोचक ढङ्गले कथाको निर्माण गरिएको छ । कछुवा द्वारा दौडमा खरायो पराजित भएको घटनालाई रोचक ढङ्गले चित्रण गरिएको छ । कथामा घटेका घटनाका आधारमा प्रस्तुत कथाले सिकारी युगमा मानिसको सामिप्य जङ्गली जनावरसँग वढी हुने भएकोले त्यही समयको होकी भनेर अनुमान गर्न सकिन्छ ।

४. भाषाशैली

प्रस्तुत 'घमण्डी खरायो' कथाको गद्यशैलीमा रचिएको छ । यसको भाषाशैली सरल, सहज र वौधगम्य छ । ग्रामीण स्तरमा वोल्ने बोलीचालीको भाषा प्रयोग गरिएको छ । कथावस्तु सरलढङ्गले अगाडि वढेको छ । तृतीय पुरुष दृष्टिविन्दुमा कथावस्तुको रचना गरिएको छ । घमण्डी खरायोको घमण्डलाई कछुवाले विफल वनाएको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । काल्पनिक कथावस्तुलाई यथार्थ जस्तै गरी प्रस्तुत गरिएको छ । समग्रमा यस कथाको भाषाशैली सरल, रोचक, प्रभावकारी छ । पाइन्थे, आउनेगर्थे, थालेछ, जस्ता, भूतकालिन क्रियापदको प्रयोग गरिएको छ ।

५. उद्देश्य/ सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथै यस लोककथाले विभिन्न किसिमका सन्देशहरु पनि प्रवाहित गरेको छ । कछुवाले आफु भन्दा निकै छिटो दौडिन सक्ने खरायोलाई कसरी हराउन सफल भयो भन्ने कथावस्तुलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । घमण्ड गर्नु हुँदैन, घमण्डको परिणाम राम्रो हुँदैन । कसैलाई कमजोर सम्झेर हेप्नु हुँदैन । लापरवाही ढङ्गले गरेको कामवाट सफलता प्राप्त गर्न सकिँदैन । खरायो दौडिने बेला लापरवाही गरेको हुनाले दौडमा पराजित भएको छ । हामीले कुनै पनि काम गर्दा आत्मविश्वासका साथ गर्नुपर्दछ । कछुवा आत्मा विश्वासका साथ

अगाडि बढेको हुनले खरायोलाई पराजित गर्न सफल भएको छ । बल भन्दा बुद्धि र लगनशीलता ठूलो हुन्छ भन्ने शिक्षा, ज्ञान, सन्देश दिनु नै यस कथाको उद्देश्य रहेको छ।

## ४.७ लोभी बाहुन कथाको विश्लेषण

तुलसी दिवसले गरेको लोककथाको विभाजन अनुसार यो 'लाभीवाहुन कथा' मानवका स्वभाव र प्रवृत्ति सम्वन्धी लोककथा हो । सुन्ने र सुनाउने परम्परामा जीवन्त यो कथा दाङ पश्चिम क्षेत्रमा निकै लोकप्रिय छ। मानिसको स्वभाव गलत भयो र अनावशयक लोभ गऱ्यो भने त्यसको परिणाम कस्तो हुन्छ भन्ने विषयलाई यस कथाले प्रस्तुत गरेको छ।

१. कथानक

प्रस्तुत लोककथाको कथानक सरल, सहज र वोधगम्य छ । बीच-बीचमा रोचक घटनाहरु लिएर अगाडि वढेको यो कथाको कथानक पूर्ण देखिन्छ । कथावस्तु अनुसार एकादेशको कुनै गाउँको नजिक जङ्गलमा बस्ने सिंहले बाखा खाएर गाउँलेहरुलाई हैरान बनाएको हुन्छ । गाउँले बाखा खाइदिने सिंहलाई थुन्नको एउटा खोर बनाएर त्यो खोरभित्र बाखो बाधेका हुन्छन् । सिंह बाखो खाने लोभमा खोर भित्र प्रवेश गर्छ । प्रवेश गर्ने वित्तिकै खोरको ढोका वन्द हुन्छ र सिंह खोर भित्र थुनिन्छ । धेरै दिनसम्म थुनिएपछि सिंह भोकले आकुल व्याकुल कसरी मुक्तहुने भनेर सोची रहेको बेला त्यही बाटो जादै गरेका वाहुनलाई वोलाएर आफूलाई मुक्त गर्न भन्छ । मुक्त गरेमा सुनको सिक्री पनि दिन्छु भनेर लोभ देखाउँछ । वाहुन सुनको सिक्री पाउने लोभमा सिंहलाई मुक्त गर्छ र मुक्त हुने बित्तिकै आफ्नो स्वभाव अनुसार ब्राह्मणलाई मारेर खान्छ यसरी कथावस्तु दुखान्त गएर टुङ्गिएको छ।

२. सहभागीहरु

यस लोभी बाहुन कथामा सिंह, बाखो, लोभीवाहुन र गाउँलेहरु सहभागीका रुपमा प्रयुक्त छन् । यी मध्ये निम्न लिखित चरित्रको सहभागीता उल्लेख्य छ।

(क) सिंह

सिंह मानवेत्तर पात्र हो । उसले गाउँलेका वाखा खाएर आजित वनाएको हुन्छ । गाउँलेले उसलाई खोरमा थुनेको बला वाहुनलाई सुनको सिक्रीको लोभ देखाएर खोरवाट मुक्त हुन्छ र बाहुनलाई नै आहारा वनाउँदछ । उसले आफ्नो स्वभावलाई देखाएको छ ।

यसरी सिंह वैगुनी हिंस्रक, विश्वासघाती पात्रको रुपमा देखिन्छ । उसलाई मानवीकरण गरेर मानवीय पात्रको रुपमा प्रस्तुत गरिएको छ ।

(ख) लोभी वाहुन

बाहुन यस कथाका मानवपात्र हुन् । उनीलोभी स्वभावका देखिन्छन । यही लोभले उनलाई अन्धो वनाउँछ । उनी सिंहको विश्वास गर्छन र उसको नै सिकार हुन्छन् । कथाको अन्तिम भागमा प्रस्तुत भएर कथावस्तुलाई पूर्णता दिने कार्यमा उनको सहभागीता उल्लेख्य छ ।

(ग) भाषाशैली

प्रस्तुत लोककथाको भाषाशैली दुवै सरल, सहज र वोधगम्य छ । कथानक भाषिाक जटिलता नभई सरल र तृतीय पुरुष दृष्टिविन्दुमा छ । यस लोककथामा किसानले कसरी सिंहलाई खोरमा थुन्न सफल हुन्छ । सिंह कसरी खोरबाट उम्कन सफल हुन्छ र वाहुन कसरी सिंहको आहारा वन्न पुग्छन भन्ने कुरालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपठीत मानिसले पनि बुझ्ने किसिमका सरल शब्दहरुको प्रयोग गरिएको छ । थुनिदिए । खुलेछ, रहेछ, जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिएको छ ।

(घ) परिवेश

स्थानका दृष्टिले हेर्दा यस कथामा कुनै ठाउँ विशेषलाई नतोकेर एकादेशको जङ्गल जङ्गल नजिको गाउँलाई परिवेशको रुपमा समेटेको छ । सिंहले गाउँलेका बाखा खाइदिने सिंहलाई थुन्नुका लागि गाउँलेहरुले खोर वनाएरको वाहुनलाई सुनको सिक्रीको लोभ देखाएर मुक्त भएको र आफैलाई मुक्तगर्ने वाहुनलाई सिंहले मारेको घटनालाई रोचक ढङ्गले चित्रण गरिएको छ । पासो थापेर खोर वनाएर जङ्गली जनवर बल्झाउने परम्परालाई कथावस्तुले आत्मसाथ गरेको छ । उक्त घटनाक्रमका आधारमा यो कथा कृषि युगको समयतिरको होली भनेर अनुमान गर्न सकिन्छ ।

५. उद्देश्य ⁄सन्देश

प्रस्तुत लोककथाको मुख्य उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । यसका साथै विभिन्न किसिमका सन्देशहरु पनि प्रवाहित गरेको छ । ती सन्देसहरुलाई आत्मासाथ गर्दा यो कथा निकै शिक्षाप्रद एवं उपयोगी देखिन्छ । सिंहजस्तो हिंस्रक जनावरको विश्वास गर्नाले

वाहुनले आफ्नो जीवन गुमाउनु परेको छ । यसरी हिंस्रक जनावरको नजिकमा कहिल्यै जानु हुँदैन । खराव आचारण भएका मानिसहरुको कहिल्यै विश्वास गर्नु हुँदैन । सहयोग गर्दा खेरी पनि सु-पात्रलाई मात्र गर्नु पर्छ कुपात्रलाई गर्नु हुँदैन । दुर्जनलाई सहयोग गरियो भने त्यसले आफ्नो नै विनाश गर्दछ । बाख्रोको लोभमा सिंह खोरमा थुनिएको छ । गाउँले माथि गरेको अन्यायको परिमाण उसले भोगेको छ । यसैले कसैमाथि पनि अन्याय गर्नु हुँदैन भन्ने ज्ञान शिक्षा एवम् सन्देश दिनु नै यस लोककथाको उद्देश्य रहेको छ ।

## ४.८ मुर्ख व्यापारी कथाको विश्लेषण

तुलसीदिवसले गरेको लोककथाको वर्गीकरणका आधारमा यो मूर्ख व्यापारी कथा मानव स्वभाव र प्रवृत्ति सम्वन्धी कथा हो । दाङको पश्चिम क्षेत्रमा सुन्ने र सुनाउने परम्परामा आजसम्म पनि जीवन्त छ । यस लोककथामा अनावश्यक कुरामा चासो देखाउँदा त्यसको परिणाम के हुन्छ भन्ने कुरालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यस लोककथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

१. कथानक

प्रस्तुत लोककथाको कथानक सरल छ । एउटा कथाको अन्त भईसकेपछि पुनः अर्को कथाको प्रारम्भभई कथावस्तु दुखान्तमा गएर टुङ्गिएको छ । कथानक पूर्ण देखिन्छ । कथावस्तु अनुसार एकादेशको व्यापारी व्यापार गर्न पहाडी जिल्लाको कुनै गाउँमा गएको हुन्छ । त्यस गाउँमा एकजना मानिसको घोडा विरामी हुन्छ । व्यापारीले यो कुरा थाहा पाएर त्यहाँ जान्छ र उसको घाटीमा अड्किएको वस्तु पेट तिर धकेली दिन्छ र घोडा निको हुन्छ । त्यसको केही दिनपछि ऊ व्यापार गर्न अर्को गाउँमा गएको हुन्छ । ऊ बास बसेको घरमा बहर विरामी हुन्छ अनि व्यापारी पुनः उपचार गर्न तम्सन्छ । उसलाई यसपटक सफलता मिल्दैन उसको गलत उपचार विधिको कारणले बहर मर्दछ । जसको परिणाम सारा गाउँले जम्मा भएर ऊसँग भएको पैसा लुट्छन् । घोडा समेत उसबाट छिन्दछन् । विचारा किसान अन्त्यमा चोटिलो घाउ रित्तो खल्ती, दुःखी मन लिएर घरतर्फ लाग्दछ । पशुको उपचार विधि उसलाई थाहा थिएन । आफूलाई ज्ञान नभएको विषयमा चासो देखाउँदा उसले ठूलो क्षति व्यहोर्नु परको घटनालाई चित्रण गरिएको यो कथाको कथानक दुखान्तमा गएर टुङ्गिएको छ ।

२. सहभागी

यस कथामा व्यापारी , उसको घोडा, गाउँले किसान, सहभागीको रुपमा आएका छन् । घोडा, वहर मानवेत्तर पात्र हुन् । व्यापारी , गाउँले किसान मानवीय पात्र हुन् । यी मध्य व्यापारकिो भूमिका महत्वपूर्ण देखिन्छ ।

(क) व्यापारी

यस कथाको मुख्य पात्र व्यापारी हो । यसकै चारित्रिक सेरोफेरोमा कथावस्तु अगाडि बढेको छ । ऊ व्यापारी भईकन पनि मूर्ख हुन्छ ।पूर्ण ज्ञान नभएर उपचार गर्दा ठूलो क्षति व्यहोर्नु परेको छ । कथाको सुरुदेखि अन्तयसम्म उसको भूमिका महत्वपूर्ण छ । कथावस्तुलाई अगाडि बढाउन, रोचकता थप्न र पूर्णता दिन उसको सहभागीता महत्वपूर्ण देखिन्छ ।

(ख) अन्य सहभागीहरु

अन्य सहभागीहरु पनि यस कथाका गौण पात्रको रुपमा देखापरेका छन् गाउँलेहरुको उपस्थितिले कथावस्तुलाई नयाँमोडमा पुऱ्याएको छ । मानवेत्तर पात्रको रुपमा घोडा र वहर देखापरेका छन् कथामा महत्वपूर्ण घटनाहरु उनीमाथि घटित भएका छन् ।

३. भाषाशैली

प्रस्तुत लोककथाको भाषाशैली दुबै सहज सरल र रोचक छ । कथानक भाषिक जटिलता नभई सरल र रोचक छ । कथानक र तृतीयपुरुष दृष्टिविन्दुमा छ । मूर्खव्यापारीले अनावश्यक कुरामा चासो देखाउँदा उसको पतन भएको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपठित मानिसले बुझ्ने किसिमका सरल शब्दहरुको प्रयोग गरिएको छ । पलाएछ, खोलिदिएछ, गरेछ, जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिएको छ ।

४ परिवेश

कथाको सुरुवात हुँदा एकादेशमा भनेर सुरु गरिएको कारण कुनै ठाउँ विशेषलाई तोकिएको छैन । कथामा चयन गरिएको विषयवस्तु र कथानक सुहाँउदो परिवेश चित्रण गरिएको छ । मूर्ख व्यापारी पहाडी जिल्लामा व्यापार गर्न गएको र व्यापारको क्रममा महत्वपूर्ण घटनाहरु घटेको कारणले यस कथाले पहाडको ग्रमीण वातावरणलाई परिवेश वनाएको छ । तत्कालिन अवस्थामा यातायात एवं व्यापारको विस्तार नभएकाले पहाडमा

वस्ने मानिसलाई उपभोग्य वस्तु घोडामा राखेर लैजाने घरघरमा लगेर बेच्ने तत्कालीन अवस्था र गाउँघरमा पाल्तु पशुपंक्षी विरामी भए भने जानी नजानी घरेलु उपचार गर्ने तत्कालीन प्रचलन लाई कथावस्तुले समेटेकोछ । पहाडी परिवेश र त्यहाँका मानिसहरुको जीवन चर्चालाई झल्काएको छ । यस कथामा घटित घटनाका आधारमा हेर्दा यो कथा नेपाल एकिकरण पूर्वतिरको होकी भनेर अनुमान गर्न सकिन्छ ।

५. उद्देश्य / सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथै यसकथाले विभिन्न किसिमका सन्देश प्रबाहित गरेको छ । मूर्ख व्यापारीले आफूलाई ज्ञान नभएको कुरामा चासो देखाउँदा उसले भोग्नु परेको पीडा लाई स्पष्ट रुपमा कथाले देखाएको छ । यसरी प्रस्तुत कथाले अनावश्यक कुरामा चासो देखाउनु हुँदैन । आफूलाई ज्ञान नभएको काम गर्नु हुँदैन । आफ्नो उद्देश्य के हो ? म कुनकाममा हिडेको छु । आदिकुराको सधै हेक्का राख्नु पर्दछ । काम कुरो एकातिर कुम्लो वोकी ठिमी तिर' भनेझै व्यापारीले आफ्नो काम छाडर कहरको उपचार गर्न गएकोले आफूसँग भएको घोडा र नगद सबै गुमाएको छ । कच्चा वैद्यको भरपर्न हुँदैन भन्ने किसिमको ज्ञान शिक्षा एवं सन्देश यस कथाले दिएको छ ।

## ४.९ ईष्याको परिणाम लोककथाको विश्लेषण

तुलसीदिवसको लोककथाको विभाजन अनुसार यो कथा मानवीय विशेषस्वभाव र प्रवृत्तिका लोककथा अन्तर्गत पर्दछ । दाङ जिल्लाको पश्चिम क्षेत्रमा प्रचलनमा रहेको यो कथाले ईष्यालु मानिसको स्वभावलाई चित्रण गर्दै ईष्या मानिसको लागि घातक हुन्छ भन्ने कुरा देखाउन खोजेको छ । लोककथाका तत्वका आधारमा प्रस्तुत कथाको विश्लेषण यसरी गरिएको छ ।

१. कथानक

प्रस्तुत 'ईष्याको परिणाम' कथाको कथानक सरल, रोचक छ । कथाको प्रारम्भमा सुखान्त बीचमा दुखान्त र अन्त्यमा सुखान्तमा गएर टुङ्गिएको छ । एकादेशमा भन्ने भनाईबाट सुरु गरिएको यस कथामा किसानको तपस्याबाट भगवान खुशी भएर बरदान दिएपछि कथाले नयाँ मोड लिएको छ । गाउँको एउटा गरिव किसान जो सुरुमा ईश्वरप्रति आस्था राख्थ्यो । उसकै तपस्याबाट प्रभावित भएर भगवान उसको अगाडि उपस्थित हुँदा

किसानले गाउँमा वस्ने सवै मानिसको आर्थिक अवस्था सुधारिदिन आग्रह गर्दछ । भगवानले पनि उसको इच्छा पूरा गरिदिन्छन् ।जसको कारण सवै गाउँलेहरु धनी हुन्छन् । सवैको आर्थिक अवस्था सुध्रिन्छ । गाउँले धनी भएको देखेपछि किसानको मनमा ईर्ष्या हुन्छ अनि ृसले आफ्नो ईष्याको आगो शान्त पार्नको लागि गाउँलेहरुको खलियानमा आगो लगाइदिने । खेतबारीमा पशुहरु छोडिदिने गर्न थाल्छ । एकदिन उसले गाउँलेको खलियानमा राखेको अन्नमा आगो लगाइ दिन्छ आफ्ना अनाजको यो अवस्था देखेपछि गाउँलेहरु रुन थाल्छन् रुँदा-रुदाँ उनीहरुको आँसुवाट पोखरी बन्दछ र उक्त पोखरीवाट भगवान उत्पन्न भएर गाउँलेलाई सताउने किसानलाई मार्छन र आफ्नो कमण्डलुबाट जल निकालेर जलेको अनाजमा छर्कन्छन यसवाट गाउँलेको अन्न पहिले जस्तै हुन्छ । यो देखेर गाउँलेहरु हर्षित हुँदै भगवानको जयजयकार गर्दे घरतर्फ लाग्छन् । यसरी सुखान्तमा गएर टुङ्गिग्याइएको यस कथाको कथानक पूर्ण देखिन्छ ।

२. सहभागी

यस ईष्याको परिणाम कथामा किसान गाउँलेहरु र भगवान सहभागीका रुपमा प्रयुक्त छन् । यी मध्ये निम्न लिखित चरित्रको सहभागीता उल्लेख्य रहेको छ ।

(क) किसान

यस कथाको प्रमुख पात्र किसान हो कथाको सुरुदेखि अन्तय सम्म उसको भूमिका महत्वपूर्ण छ । सुरुमा अनुकूल मध्यभागतिरवाट प्रतिकूल चरित्र उसमा देखिन्छ । सुरुमा अनुकूल मध्यभागतिरवाट प्रतिकूल चरित्र उसमा देखिन्छ । सुरुमा उसको मानमा ईष्याभाव भएपनि सुशुप्त अवस्थामा हुन्छ ।,उसले ईश्वरवाट वरदान पाउने वित्तिकै ईष्याभावको आगो शान्तपार्न गाउँलेको अन्नमा आगो लगाइ दिन्छ , यसरी कथाको अन्त्यमा प्रतिकूल पात्रको रुपमा उसको चरित्र वा श्रोतामा कौतुहलता जगाउनमा उसको भूमिका महत्वपूर्ण छ ।

(ख) भगवान

भगवान दैवीय पात्र हुन् उनी यस कथाका गौण पात्र हुन् । गाउँलेहरुको कल्याण गर्नको लागि कथाको अन्तिमतिर उनको उपस्थिति देखिन्छ उनी गाउँलेको आँसुबाट उत्पन्न भएर ईष्यालु किसानलाई मार्दछन् र किसानको परोपकार गर्दछन् । उनले यसकथामा निभाएको भूमिकाका आधारमा उनको सहभागिता महत्वपूर्ण देखिन्छ ।

३. परिवेश

कथाको सुरुहँदा एकादेशको गाउँ भनेर सुरु गरिएको हुँदा कुनै ठाउँ विशेष लाई तोकिएको छैन । एकादेशको किसान एवं गाउँलेहरु वस्ने ग्रामीण परिवेशलाई कथावस्तु भित्र समेटिएको छ । किसान गाउँमा वस्नु गाँउमा हुने विभिन्न धार्मिक कार्यक्रममा सहभागी हुने । दु:ख परेमा भगवान लाई सम्झने भगवानको तपश्या गर्ने पौराणिक संस्कारलाई कथावस्तुले झल्काएको छ । समयका दृष्टिले हेर्दा यो कथा कृषियुगको समयतिरको होकी भनेर अनुमान गर्न सकिन्छ ।

४. भाषशैली

प्रस्तुत 'ईष्याको परिमाण,कथाको भाषशैली सरल , सहज र बोधगम्य छ । कथानक भाषिक जटिलता नभई सरल र तृतीय पुरुष दृष्टिविन्दुमा छ । वर्णत्मक शैली अंगालीएको छ । किसान तपश्या गरेर धनी भएको । गाउँलउलेहरु लाई सताएको हुनाले भगवान स्वयम् प्रकट भएर मारेको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरीएको छ । भागेछ, भएछ, लगेछ जस्ता भूतकालिन क्रियाको प्रयोग गरिएको छ ।

५. उद्देश्य, सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथै यस कथाले विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशलाई आत्मासाथ गर्दा यो कथा निकै शिक्षाप्रद देखिन्छ । किसानका ईर्ष्या वाहिर प्रष्फुटित नहुँदासम्म उसको जीवनमा विपति परेको छैन । उसले कल्याणकारी सोच राख्दा भगवान स्वयम् उपस्थित भएर उसको र गाउँको आर्थिक अवस्था सुधारिदिएका छन् । उसको मनमा गाउँप्रति ईर्ष्या जागेपछि उसको विनाश भएको छ । यसरी भावना शुद्ध हुँदा सम्म मानिसको साथका ईश्वर हुन्छन् जब मानिसको मनमा खराव भावनाको विजारोपण हुन्छ । अनि उसको पतन हुन्छ । सत्कमबाट सुखप्रप्त हुन्छ । ईर्ष्याको परिमाण राम्रो हुदैन यसले अरुलाई होइन आफैलाई विनाश गर्दछ । आफ्नो कल्याण चाहनेले अरुको पनि कल्याण सोच्नु पर्दछ । दीनदु:खीको साथमा सधै ईश्वर हुन्छन् । सच्चा कर्मवाट ईश्वरको आर्शीवाद प्रप्त गर्न सकिन्छ भन्ने ज्ञान शिक्षा एवं सन्देश दिनु नै यसकथाको उद्देश्य रहेको छ ।

## ४.१० साहसी राजकुमार कथाको विश्लेषण

तुलसी दिवसले गरेको लोककथाको विभाजन अनुसर यो साहस र बहादुरी सम्बन्धी कथा हो । सुन्नेर सुनाउने परम्परामा जीवन्त यो कथा दाङ जिल्लाको पश्चिमी क्षेत्रमा निकै लोकाप्रिय छ । एउटा राजकुमारको साहस एवं बहदुरीलाई कथाले रोचक ढङले प्रस्तुत गरेको छ । प्रस्तुत लोककथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

१. कथानक

यस साहसी राजकुमार कथाको कथानक सरल र रोचक छ । बीच-बीचमा रोचक घटनाहरु लिएर अगाडी बढेको यो कथाको कथानक पूर्व देखिन्छ । कथावस्तु प्ररम्भमा सुखान्त विचमा दुखान्त र अन्यामा दुखान्तमा गएर टुङ्गिएको छ । कथावस्तु अनुसार एकादेशमा निसन्तान राजा हुन्छन् एक दिन जोगीले उनकी रानीलाई सन्तान हुने वुटी दिन्छ र जन्मिएको सन्तानलाई सोह्र वर्षपछि आएर आफूसँग लैजाने शर्त राख्दछ । राजारानी दुवैले पछि के होला भन्ने नसोचिकन जोगीले भनेको कुरालाई स्वीकार गर्दछन् । केही समयपछि राजकुमारको जन्म हुन्छ । दरगवारमा खुशीयाली छाउँछ । यो खुशीमा उनीहरुलाई राजकुमार स्रोह्र वर्ष पुगेको थाहनै हुदैन । एक दिन जोगी दरवारमा टुप्लुक्क आइपुग्दछ । मन्त्रीको सल्लाह अनुसार अर्को ठिटोलाई यही हो मेरो छोरो भनेर जोगीसंग पठाउछन् । तर जोर्गा चलाख हुन्छ । उसले बाटामा परिक्षण गरेर यो नक्कली राजकुमार हो  भन्ने थाहा पाइ हाल्छ र उसलाई दरवरमा फिर्ता गरी सक्कली राजकुमार लगेर जान्छ । एकान्त जङ्गलमा उसको कुटी र मन्दिर हुन्छ । एक दिन जोगी बाहिर गएको बेलामा मन्दिरको ताला खोली हेर्दा भित्तामा झुण्ड्याइएको सातवटा टाउको राजकुमारले देख्छन् र उनीहरुवाट जोगीले आफूलाई ल्याउनुको कारण थाहा पाउँछ । एकदिन ती जोगीले राजकुमारलाई बलिदिने योजनाअनुरुप उनलाई मन्दिर भित्र वोलाउँछ र देवीलाई झुकेर प्रमाण गर्न भन्छ तर राजकुमारले जोगीको षड्यन्त्रण बुझिसकेका हुन्छन् त्यसैले पहिले तपाई गरेर सिकाई दिनुहोस अनि म खुशीसाथ गर्छु भन्छन् । जोगी झुकेर कालीको पाउ पर्छ त्यसैवेला राजकुमारले खड्क समातेर जोगीको हत्या गर्छन र जोगीको रगत भितामा झुण्डयाइएका टाउकामा टर्किन्छन् । त्यसपछि सवै राजकुमार व्यूँझन्छन् । अनि साहसी राजकुमारलाई धन्यवाद दिदै आ-आफ्नो घरतर्फ लाग्दछन । यसरी राजकुमार र राजारानीको पुन. मिलन गराएर कथावस्तु सुखान्तमा लगेर टुङ्ग्याइएको छ ।

२. सहभागीता

यस 'साहसी रसाजकुमार' कथामा, राजकुमार राजा रानी, मन्त्री, जोगी, भित्तामा झुण्ड्इँएका टाउकाहरु सहभागीका रुपमा प्रयुक्त छन् यी मध्य निम्न लिखित सहभागीहरुको सहभागीता उल्लेख्य छ ।

(क) राजकुमार

यस कथाको प्रमुख पात्र राजकुमार हो । ऊ साहसी र वहादुर हुन्छ । अनुकूल र गतिशिल पात्रको रुपमा  उसको सहभागीता देखिन्छ । जोगीले दिएको बुटी रानीले खाएपछि उसको जन्म । बाबु आमाले गरेको बाचा अनुसार जोगीले लगेर जान्छ र देवीको मूर्ति अगाडि काट्ने योजना बनाउँछ तर राजकुमार जोगीको षड्यन्त्रबाट बच्न सफ हुन्छन् उल्टै जोगीलाई मार्दछन् । कथावस्तुलाई रोचक, कौतूहूलतापूर्ण वनाउन उनको भूमिका महत्वपूर्ण छ । बहादुर, साहसी पात्रको रुपमा उनको चरित्र देखिन्छ ।

(ख) जागी

जोगी यस कथाको प्रतिकूल, गतिशील पात्र हो । यस कथाको असल, चरित्रका रुपमा गतिशिल पात्र हो । यस कथाको असल, चरित्रका रुपमा देखापरेको कपटपूर्ण स्वार्थी र षड्यन्त्रमूलक व्यवहारका कारण राजकुमारद्वारा काटिन्छ । जङ्गलमा कुटिवनाएर बस्ने घण्टौ सम्म पूजा गर्ने, मानव वलि दिएर देवीलाई खुशी वनाएने जस्ता खराव चरित्र उसमा देखिन्छ । कथावस्तुमा रोचकता थप्न, कौतूहूलता जगाउन उसको भूमिका महत्वपूर्ण छ

उपर्युक्त सहभार्गा बाहेक यस कथामा , राजकुमारी मन्त्री र भित्तामा झुण्ड्याइँएका टाउकाहरु आदि गौण पात्र हुन् । कथाको सुरुवातमा राजारानीको भूमिका उल्लेख्य छ । राजकुमारलाई बचाउनुमा झुण्ड्इएका टाउकाहरुले राम्रो भूमिका निर्वाह गरेका छन् ।

३. भाषाशैली

यस कथाको भाषाशैली सरल र रोचक छ । भाषिक नटिलता नभई सरल तृतीय पुरुष दृष्टिबिन्दुमा छ । कथामा एउटा साहसी राजकुमार कसरी जोगीलाई मार्न सफल भएर घर फर्कियो भन्ने भन्ने कुरालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपठित मानिसले बुझ्ने भाषामा कथाको निर्माण भएको छ । थियो, आयो, जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिएको छ । गद्गद् हुन्, पुलुक्क देखापर्नु जस्ता अनुकरणत्मक शब्दको प्रयोग गरिएको छ ।

४. परिवेश

स्थानका दृष्टिले हेर्दा कुनै ठाउँ विशेषलाई नतोकेर एकादेहका राजा बस्ने दवारलाई परिवेशको रुपमा समेटेको छ । पात्रहरुको यात्राका क्रममा आउने स्थानहरु पनि कथाका परिवेशका रुपमा देखिन्छन् । जङ्गलको एकान्त स्थानमा जोगीको कुटी, मन्दिर आदि लाई पनि यस कथाले परिवेश बनाएको छ । जोगीले दिएको वुटी रानीले खाएपछि राजकुमार जन्मिएको, राजकुमारलाई जोगीले मन्दिरमा बलि दिन लागेको, उल्टै राजकुमारले जोगीलाई माडेर दरवार फर्किएको घटनालाई कथामा चित्रण गरिएको छ । उक्त घटनाक्रमको आधारमा यो कथा कृषियुगको सुरुवाती समयतिरको होकी भनेर अनुमान गर्न सकिन्छ । सन्तान नभएमा जडीवुटी खाने जोगी भिक्षा माग्न आउनु सन्तान नभएकी स्त्रीले दिएको भिक्षा जोगीले ग्रहण नगर्नु देवीलाई खुशीपार्न बलिदिने जस्ता तत्कालीन संस्कारलाई पनि कथाले झल्काएको ।

५. उद्देश्य/सन्देश

प्रस्तुत कथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथै विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशलाई आत्मासाथ गर्दा यो कथा निकै शिक्षाप्रद देखिन्छ । साहस र पराक्रमको फल मीठो हुन्छ । साहसी व्यक्ति सधै विजयी हुन्छ । विचार नगरेर निर्णय गर्दा राजारानीलाई जस्तै पश्चाताप पर्न सक्छ । मानिस सहसी, पराक्रमी चलाख, वहादुर हुनु पर्दछ । जोगीको भेषमा नरबलि दिने दुष्ट आचरण भएका मानिसहरु पनि हाम्रो वरिपरि हुन्छन् । त्यस्ता व्यक्तिवाट होशियार हुनुपर्दछ । राजकुमारले जसरी जोगीको हत्या गरेर अन्य राजकुमार लाई नयाँ जीवन दिएका छन् । त्यसैगरी मानवकल्याणको लागि दृष्ट आचरण भएका मानिसको अहत्या गर्न पनि पछि पर्नु हुँदैन । यस्ता नरपिशाच समाजमा रहे सम्म समाजको कल्याण कहिल्यै हुँदैन । अनेकौ वाहानामा मानिसहरु आतङ्कका सिकार भई रहन्छन् भन्ने शिक्षा, ज्ञान सन्देश यस कथाले दिएको छ ।

## ४.११ महाराज मणिचुड कथाको विश्लेषण

तुलसी दिवशको लोककथाको विभाजन अनुसार यो पौराणिक एवं धार्मिक लोककथा हो । यो कथा दाङ जिल्लाको पश्चिम क्षेत्रमा अति चर्चित एवं लोकप्रिय रहेको छ । सुन्ने र सुनाउने परम्परामा जीवन्त यस कथामा मानिसले सत्य र धर्म छोड्नु हुँदैन धर्ममहान छ

भन्ने कुरालाई देखाउन खोजिएको छ । प्रस्तुत कथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

१. कथानक

प्रस्तुत 'महाराज मणिचुड' कथा पौराणिक एवं धार्मिक लोककथा हो । यस कथाको कथावस्तु योजनावद्ध छ । सुरदेखि अन्तिमसम्म योजनाको श्रृङखला देखापरेको छ । एकादेशमा भन्ने भनाइवाट सुरु गरिएको यस कथामा महाराज मणिचुडको यज्ञस्थलमा राक्षसको प्रवेशपछि कथावस्तुले नयाँ मोड लिएको छ । कथावस्तु अनुसार एकादेशमा मणिचुड नाम गरेका राजा थिए । उनलाई महाराज मणिचुडको नामले चिनिन्थ्यो । उनी धार्मिक प्रवृत्तिका थिए । उनलाई एक पटक थज्ञ गर्न मन लाग्यो । ठूलो तयारीका साथ यज्ञमा सवै जना जुटे । पूरा परिवारयज्ञको लागी जुट्यो टाढा -टाढावाट थुपै मानिसहरलाई आमन्त्रण गरियो । केही दिनपछि धुमधामसंग यज्ञको सुरुवात भयो । यज्ञ राम्रो संग चल्दै गयो ।

यसैक्रममा एक दिन यज्ञस्थलमा अच्म्मको घटना घट्न गयो । एउटा राक्षसको प्रवेश उक्त यज्ञस्थलमा भयो । उसले आफूलाई भोक लागेकोले खाने कुरा मात्र गऱ्यो ।राजाका भण्डारेहरुले पनि झटपट भण्डारमा भएको चौरासी व्यञ्जनको परिकार उसको सामु ल्यएर राखिदिए तर राक्षसले खान मानेन् । उसले सहाकारीभोजन नखाने र आफूलाई माँशाहारी भोजन नै चाहिन्छ भन्ने कुरा गऱ्यो । यज्ञस्थलमा हिँसा वर्जित थियो । मांशहारी भोजन प्रविन्ध थियो । रक्षसको मागले त्यहाँ ठूलो खैला बैला मच्चियो । यो खवर राजाको कानमा पुग्यो । राजाले आफ्नो मासु काटेर दिन तयार भए । यो देखेर यज्ञसथलमा ठूलो आपत मच्चियो । ऋषि, मुनि, पुरोहितहरुले यस्ता वाहियात कुराका पछाडि नलाग्न आग्रह गरे तर राजाले कसैको आवाजलाई सुनेन र आफ्नो मासु काटेर दिन थाले । उनले आफ्नो शरीरको मासु सबै दिएर सिध्याए टाउकोको मासु काट्न लाग्दा राजा मुर्छा परे । त्यही समयमा आकाशवाणी भयो भगवन स्वयम उपस्थित भएर कमण्डलुबाट पानी छर्केपछि राजा पहिलेकै अवस्थामा आए, यो राजाको सत्यताको परीक्षाको लागी गरिएको थियो ।यस परीक्षमा राजा लाई सफल बनाएर कथावस्तुलाई सुखान्तमा लगेर टुङग्याइएको छ । कथानक सुरुमा सुखान्त मध्यभागमा दुखान्त र अन्त्यमा सुखान्तमा गएर टुङ्गिएको छ ।

२. सहभागी

यस 'महाराज मणिचुड' कथामा महाराज मणिचुड राक्षस र अन्य आमन्त्रितहरु सहभागीका रुपमा प्रयुक्त छन् । यी मध्य निम्नि लिखित सहभागीहरुको सहभागीहरुको सहभागीता उल्लेख्य छ ।

(क) महाराज मणिचुड

महाराजा मणिचुड एकादेशका राजा हुन । उनी यसकथाका प्रमुख पात्र पनि हुन । उनकै चारित्रिक सेरोफेरोमा यस कथाको कथा वस्तु अगाडी वढेको छ । उनी ज्ञानी, गुणीका साथै आफ्नो प्रतिज्ञामा अडिक रहने पात्रको रुपमा यस कथामा प्रस्तुत भएका छन् । अनुकूल र गतिशिल पात्रको रुपमा उनको सहभागीता देखिन्छ । उनको यज्ञस्थलमा राक्षसको आगमण पछि उसले माँसाहारी भोजन खाने इच्छा गर्दछ । राजा स्वयम हिंसा विरोधी थिए उनले राक्षासको इच्छा पूर्ति गर्नु आफ्नो कर्तव्य सम्झे फलस्वरुप आफ्नो मासु काटेर दिए । उनी सच्चा ईश्वर भक्त हुन । ईश्वरले लिएको परीक्षामा उनी सफल भएका छन् । यसरी कथावस्तुलाई रोचक, कौतूहलता पूर्ण वनाउनमा उनको भूमिका महत्वपूर्ण छ ।

(ख) राक्षस-राक्षस यस कथाको

प्रतिकूल पात्र हो । इ-वाट्ट हेर्दा पागल जस्तो लाग्ने प्रतिकूल पात्रको रुपमा देखापरे पनि ऊ देवदूत बनेर आएको छ । महाराज मणिचुडको परीक्षा गर्न देवदूतको रुपमा उसको प्रस्तुती देखिन्छ । सुरुमा प्रतिकूल पात्रको रुपमा अन्त्यमा अनुकूल पात्रको रुपमा उसको उपस्थिति देखिन्छ ।

यसरी कथावस्तुलाई रोचक, कौतूहलतापूर्ण वनाउनमा उसको भूमिका महत्वपूर्ण देखिन्छ । पवित्र यज्ञमा आएर मासु विनाको भोजन ग्रहण गर्दिन भन्नु । आफ्नो इच्छापूर्तिको लागि मणिचुड राजाको शरीरको मासु ग्रहण गर्ने जस्ता अद्‌भूत चरित्र उसमा देखिन्छ ।

३. भाषाशैली

यस कथाको भाषाशैली सरल र रोचक छ । महाराज मणिचुडको यज्ञस्थलमा राक्षसको प्रवेश भएपछि उत्पन्न समस्यलाई रोचक ढङ्गले प्रस्तुत भएको छ । महाराज मणिचुडले राक्षसको भोक तृप्त गर्ने क्रममा आफ्नो शरीरको मासु काटेर दिएको राजा वेहोस भएको यज्ञस्थल कोलाहलमय भएको त्रासदीपूर्ण घटनालाई रोचक ढङ्गले प्रस्तुत प्रस्तुत

गरिएको छ । अपढ्ित मानिसले बुझ्ने सरल भाषामा कथाको निर्माण भएको छ । बिथयाो, हुन्थ्यो, घट्यो, भए जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिएको छ ।

४. परिवेश

स्थानमा दृष्टिले हेर्दा कुनै ठाउँविशेषलाई नतोकेर एकादेशका राजा भन्ने भनाइबाट कथाको सुरुवात गरिएको कारण कथामा कुनै विशेष ठाउँ तोकिएको छैन । कथामा उल्लेख गरे अनुसार यो कथा पौराणिक समयमा रयिएको हुनुपर्दछ भनेर अनुमान गर्न सकिन्छ ।

एकादेशमा महाराज मणिचुडले यज्ञ गर्नु यज्ञमा विभिन्न स्थानबाट मानिस आउनु । राजाको परीक्षको लागि देवदूत राक्षसको रुपमा उपस्थित हुन् । महाराज मणिचुडले आफ्नो शरीरको मासु काटेर खान दिनु अन्त्यमा आकाशवाणी हुनु जस्ता घटनाले पनि यो कथा पौराणिक समयतिरको हो कि भनेर अनुमान गर्न सकिन्छ ।

यस कथाले धर्म गर्नु धर्मप्रप्तीको लागि यज्ञ गर्न यज्ञमा विभिन्न स्थानवाट आफन्तलाई वोलाइने नेपाली परम्परालाई एवं संस्कारलाई पनि कथावस्तुले झल्काएको छ ।

महाराज मणिचुडको यज्ञस्थल त्यहाँ घटेका घटनाको सेरोफेरोमा यो कथाको कथावस्तुको निर्माण भएको छ ।

५. उद्देश्य/सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथै यस कथाको विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशलाई आत्मसाथ गर्दा यो कथा निकै शिक्षाप्रद देखिन्छ । मानिस ज्ञानी गुनी र धार्मिक प्रवृत्तिको हुनुपर्दछ ।

भगवानले हाम्रो त्याग तपश्या, भक्तिभवको परीक्षा लिनको लागि अनेकौ रुपमा अनेकौ वाहनामा आउन सक्छन् । यसैले हामी आफ्नो प्रतिज्ञा एवं सिद्धान्तमा अडिग हुनुपर्दछ । धर्ममहान छ । भगवान भक्ति गर्ने मासिको लागि स्वर्गको ढोका सधै खुल्ला हुन्छ ।

सच्चा ईश्वर भक्त सधै ईश्वरको प्यारो हुन्छ । जसरी महाराज मणिचुडले राक्षसको भोक मेटाउनको लागि आफ्नो शरीर काटेर दिए त्यसैगरी अरुको भलाइको लागि आफ्नो प्राण उत्सर्ग गर्न पनि पछि पर्नु हुँदैन । ईश्वर भत्तिमा विश्वास गर्नु पर्छ भन्ने ज्ञान शिक्षा एवं सन्देश दिनुनै यस कथाको उद्देश्य रहेको छ ।

## ४.१२ 'गोरुको श्राप' कथाको विश्लेषण

तुलसी दिवशको लोककथाको विभाजन अनुसार प्रस्तु 'गोरुको श्राप' लोककथा मानवीय स्वभाव एवं प्रवृत्ति सम्बन्धी कथा हो । सुन्ने र सुनाउने परम्परामा जीवन्त यो कथा दाङको पश्चिम क्षेत्रमा निकै लोकप्रिय छ । गलत कामको परिणाम गलत हुन्छ । यसको पणिाम अरुले होइन आफैले भोग्नु पर्दछ ।भन्ने कुरालाई यस कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । प्रस्तुत लोककथालाई लाककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

### १. कथानक

प्रस्तुत कथाको कथानक सरल छ । बिच-बिचमा रोचक घटनाहरु लिएर अगाडि वढेको यो लोककथाको कथानक पूर्ण देखिन्छ । कथावस्तु सुरुमा सुखान्त र अन्त्यमा दुखान्तमा गएर टुङ्गिएको छ ।

कथावस्तु अनुसार एकादेशमा एउटा बृदा आफ्नी युवा छोरी र बुहारीसंग आराम पूर्वक दिनहरु बिताइरहेकी थिई । छोरी र बुहारीको बीचमा कुनै भेदभाव गर्दिन थिइन् । नन्द भाउजुमा पनि राम्रो मेलमिलाप थियो । आपसमा लडाइँ झगडा गदैनथे । नन्द भाउजूको बिचमा यी मात्र थियोकी बुहारी आफूलाई सम्पत्तिको काम इमान्दारीपूर्वक गर्थी । तर नन्द यही त्यती इमान्दारीपूर्वक गर्दैनथी । एक दिन गोरुलाई पानी खुवाउनुपर्ने भयो । गर्मी समय खेत जोत्दाजोत्दै गोरु पनि आसाध्य थाकेछन् । पनि सुविधा गाँउमा थिएन पानिको लागी टाढै जानुपर्ने अवस्थाथियो । यो अवस्थामा बृद्धाले छोरी बुहारी दुवैलाई प्रलोमन देखाउदै भनिन । तिमीहरुले एक -एक गोरुलाई पानी खुवाएर ल्याउ र तिमीहरु मध्य जो पाहले पनि खुवाएर घर फर्किन्छ उसले स्वदिलो खिर खान पाउने छ । ¨

खिरको नाम सुन्ने वित्तिकै छोरीबुहारी दुबै आ-आफ्नो गोरुलाई लिएर तलाउ तर्क गएछन् । बुहारी इमान्दार यिइन उनले सरासर गोरुलाई तान्दै तलाउर्फ लगिन तर छोरीको खुराफाती दिमागले कठिन कार्यवाट वच्ने कुनै उपाय सोच्न थाली फलस्वरुप उसले भाउजूलाई अलग -अलग वाटो भएर जाने भनी । सोझी भाउजूलाई उसको जाली कुरा थाहा भएन छोरी चाहिँ गोरुलाई पानीनै नखुवाएर धरतर्फ मोडीहाली विचारो गोरी पानी नै पिउन नपाएर धरतर्फ मोडिन वाध्य भयो । घर आउने वित्तिकै उसले खिर खान थाली तिर्खाएको गोरुले उसलाई मजासंग खिर खाएको देखिरहेको थियो । तिर्खाको कारणले उसको

प्राणपखेरु उडिरहेको थियो । ऊ तिर्खाले आकूल व्याकूल भएको थियो । पशु भएकोले वोल्न सक्दैनथ्यो ।

अन्तिममा उसले मनैवेलामा केटलिाई श्राप दियो जसरी तैले मलाई पानीको लागि सताइस त्यसै गरिनै सृष्टिपर्यन्त तँ पनि काकाकूल पंक्षी बोर थोपा-थोपा पानीको लागि सताइनेछस ।"

गोरुको यो श्रापले त्यही समयमा नै काकाकूल पंक्षी बनी र पानिको लागि सताइन थाली । यसरी कथानक दुखान्तमा गएर टुङ्गिएको छ ।

**२. सहभागी**

यस कथामा मानव र मानवेत्तर गरी दुई किसिमका पात्रहरुको सहभागीता छ । बृद्धा उसकी छोरी र बुहारी मानव पात्र हुन भने उसले पालेका गोरु मनवेत्तर पात्र हुन ।

यी यध्य निम्नलिखित पात्रहरुको सहभागीता महत्वपूर्ण देखिन्छ ।

**(क) बृद्धा**

एकादेशमा हरियालीपूर्ण गाउँमा वस्ने बृद्धि अत्यन्त सरल स्वभावकी थिइन उनी दयावान थिइन । उनकी एक छोरी र बुहारी थिए । उनले बुहारीलाई पनि छोरी समान माया गर्दथी । छोरी बुहारीको बिचमा उनले भेदभाव गर्दिनथिन् । यस कथामा उनको चरित्र दयालु ज्ञानी एवम् सज्जन पात्रको रुपमा देखिन्छ ।

**ख बृद्धकी छोरी**

बृद्धकी छोरीको भूमिका यस कथामा प्रतिकूल पात्रको रुपमा देखिन्छ । उनी खुराफाती दिमागकी, निर्दयी, अरुको भलो नचाहने आफूलेमात्र खान पाए पुग्छ अरलेत खानु पदैन चन्ने सोच उनीमा देखिन्छ ।

उनले आमाको आदेशमा खिर खाने लोभमा गोरलाई पनि खुवाउँनको लागि तलाउमा लग्नु पर्नेमा वाटोवाट नै फर्काएर ल्यएर ठूलो अपराध गरेकी छन् । उनकै अपराधको सिकार गोरु भएको छ । गोरुलाई पनि नखुवाएर नै आमासँग झुट बोलेकी छन् । पानी खुवाँए भनेकीछन् ।जसको परिणम त्यसको कारणले गोरु मरेको छ । उनले ठूलो अपराध गरेकी छिन् । गोरुको श्रापले स्वयम पनि काकाकूल पंक्ष बनेर सताइएकी छन् । आफ्नो कुकर्मको फल भोगेकिछन् । यसरी सुरुदेखि अन्त्यसम्म उनको भूमिका रोचक र महत्वपूर्ण देखिन्छ ।

अन्य सहभागी

अन्य सहभागीमा वृद्धाकी बुहारी जो अन्त्यमा सरल स्वभावकी छन् । उनले सासूले भनेको कुरालाई अक्षरशःपालना गरेकी छिन् । मानवेत्तर पात्रको रुपमा गोरुको उपस्थिती देखिन्छ । गोरुले वृद्धिकी छोरीलाई काकाकूल वन्ने श्रप दिएको छ । कथाको अन्त्यमा गोरुको भूमिकाले कथालाई रोचक वनाएको छ ।

**३. भाषाशैली**

यस कथाको भाषशैली सरल र रोचक छ । भाषिक जटिलता नभई सरल वर्णनात्मक शैली र तृतीय पुरुष दृष्टि विन्दुमा छ ।

कथामा बृद्धिकी छोरीको स्वभाव र उसले गोरुलाई पानी नखुवाँउदा गोरुको मृत्यु भएको र गोरुले उसलाई काकाकूल वन्ने श्रप दिएको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपढित मानिसले बुझ्ने भाषामा कथाको निर्माण भएको छ । थियो, दियो लाग्यो जस्ता भूतकालिन कियापदको प्रयोग गरिएको छ । कथाका रोचक प्रसङ्गहरुलाई सरल भाषाशैलीका माध्यमम बाट प्रस्तुत गरिएको छ ।

**४. परिवेश**

स्थानका दृष्टिले हेर्दा कुनै ठाउँलाई नतोकेर एकादेशको हरियालीपूर्ण गाँउलाई परिवेशका रुपमा समेटिएको छ । एकादेशको मानिस एवं परिवारिक परिवेशलाई कथावस्तुले आत्मासाथ गरेको छ ।

ग्रामीण क्षेत्रमा सासू बुहारी र छोरी वस्नु कृषिको लागि गोरु पाल्नु ग्रामीण क्षेत्रमा पानीको अभाव हुनु पानीको लागि टाढा-टाढासम्म जानु पर्ने तत्कालिन अवस्थालाई कथालाई चित्रण गरिएको छ । उक्त घटनाक्रमको आधारमा यो कथा कृषियुगको सुरुवाती समय तिरको होकी भनेर अनुमान गर्न सकिन्छ ।

**५. उद्देश्य/सन्देश**

प्रस्तुत कथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनको साथ साथै विभिन्न किसिमका सन्देशहररुलाई प्रवाहित गरेको छ ।

ती सन्देशहरुलाई आत्मा साथ गर्दा यो कथा निकै शिक्षाप्रद देखिन्छ । बृद्धाले जस्तै छोरी बुहारीमा सामान किसीमको व्यवहार गर्नु पर्दछ । भेदभाव गर्नु हुँदैन । वृद्धकी छोरीको

गलत सोचाका कारणले निर्दोष गोरको मृत्यु भएको । उनले बोल्न नसक्ने पशुमाथि ठुलो अन्याय गरेकी छिन् ।

यस्तो किसिमको अमानविय व्यवहार गलत हो । हामीले आफ्नो प्राणलाई जति प्यरो मान्दछौ सबै प्राणीको लागि त्यत्तिकै प्यरो हुन्छ । हामीलाई पानी पिउन नपाउँदा जस्तो पीडा हुन्छ । अरु प्रणीलाई पनि त्यस्ते पीडा हुन्छ भन्ने सम्झेर अरुको भोक र प्यासलाई पहिले मेटाएर मात्र आफ्नो भोक, प्यास मेटाउनु पर्दछ । गलत कामको परिमाण गलत हुन्छ । जसरी यहाँ बृद्धाकी छोरीले गोरुवाट श्र्ाप पाएर काकाकूल वन्न वाध्य भइन् ।उनको मानव जीवन असफल भएको छ यसैले गलत विचार त्यग्नु पदैछ । बोल्न नसक्ने प्रणीहरुलाई घृणा होइन दया, माया गर्नु पर्दछ । उनको आफ्नो आत्मा तृण्त गर्नु पर्छ । सम्पूर्ण प्रणीलाई मायाको दृष्टिकोणले हेर्नुपर्दछ । उनीहरुका समस्या र भावना वुझ्ने कोसिस गर्नु पर्दछ । भन्ने ज्ञान, शिक्षा एवं सन्देश दिनु नै यस कथाको उद्देश्य रहेको छ ।

## ४.१३ राजा वीरभद्र' कथाको विश्लेषण

तुलसी दिवसको लोककथाको विभाजन अनुसार यो कथा मानवीय स्वाभाव र प्रवृत्तिका लोककथा अन्तर्गत पर्दछ । दाङ जिल्लाको पश्चिम क्षेत्रमा प्रचलनमा रहेको यो कथाले वीरमादू राजा र उनका चलाख मन्त्रीको स्वभावलाई रोचक ढङ्गले प्रस्तुत गरेको छ । लोककथाका तत्वका आधारमा यस कथालाई यसरी विश्लेषण गरिएको छ ।

१. कथानक

यस 'राजा वीरभद्र ' कथाको कथानक सरल रुपमा विकसित भएको छ । कथावस्तु अनुसार एकादेशमा वीरभद्र नाम गरेका राजा हुन्छन् । उनको दरवारमा एउटा चलाख मन्त्री पनि हुन्छ । एक दिन वीरभद्र राजाको राज्यमा छिमेकी राजा आक्रमण गर्दछन । घमासन लडाइँ हुन्छ । राजाको जीतसँगै उनको एउटा औँला काटिन्छ । उनको औँला काटिदा मन्त्रीले दुख मनाउ गर्नुको साटो महाराजा जे भयो 'बेस भयो 'भन्ने जवाफ दिएपछि राजालई मन्त्रीसंग साह्रै रिस उठयो तत्काल सोचविचार केहि पनि नगरीकन उनले मन्त्रीलाई दरवारबाट निकाली दिए । त्यसको केहि समयपछि राजा जङ्गल तिर सिकार खेल्न जान्छन् । जङ्गलमा उनलाई एउटा राक्षसहरुको समूहले समाउँछ र आफ्नो मन्दिरमा वलिदिन लैजान्छन् । बलिदिनुभन्दा अगाडि राजाको शरीर अङ्गको निरिक्षक गर्दछन् । निरिक्षण गर्ने क्रममा राजाको औँला काटिएको भेटिन्छ र यो त खोटी रहेछ भनेर उसलाई बलिनदिएर

छोडीदिन्छन् । औंलाकाटिएको कारणले राक्षसको समूहवाट वच्न सफल हुन्छ । यसरी राक्षसको पञ्जावाट मुक्त भएपछि राजा सरासर दरवारमा आए र उनलाई मन्त्रीले जे भयो बेस भयो' भनेको कुरायाद आयो र उनले पुनः मन्त्रीलाई वोलाउन पठाएर मन्त्रीपदमा नियुक्त गरे । यसरी यसकथाको कथानक सुरुमा सुखान्त मध्य भागमा दुखान्त अन्यमा सुखान्तमा गएर टुङ्गिएको छ । कथानक पूर्ण र सफल देखिन्छ ।

**२. सहभागी**

यस कथामा राजा वीरभद्र, चलाख मन्त्री र राक्षसहरु सहभागीका रुपमा आएका छन । यी मध्य निम्नलिखित चरित्रहरको भूमिका महत्वपूर्ण देखिन्छ ।

(क) राजा वीरभद्र

राजा वीरभद्र यस कथाका प्रमुख पात्र हुन् । उनकै चारित्रिक सेरोफेरामा कथापस्तु अगाडि वढेको छ । उनी बहादुर एवं चलाख थिए । देशवासीहरुलाई सुखी राख्न चाहान्थे यसका लागी उनले सकेसम्म प्रयास पनि गर्दथे । कथाको सुरुदेखि अन्त्यसम्म उनको भूमिका महत्वपूर्ण देखिन्छ ।

ऐनले आफैले दरवारवाट निकालेका मन्त्रीलाई पुनः कोलाएर पापको प्रयश्यित्त गरेका छन् । सिकार खेल्ने शोक पनि उनमा देखिन्छ । कथावस्तुलाई रोचक र कौतूहूलतापूर्ण बनाउन चरित्र सफल देखिन्छ ।

**(ख) मन्त्री**

मन्त्री यस कथाको गौंण एवं अनुकूल पात्र हो । उ अत्यन्त चलाख हुन्छ । यही चलाख पनको कारणले उसले वीरमद्रको दरबारमा मन्त्री पद पाएको हुन्छ । 'जे भयो बेस भयो' भन्ने उनको थेगो हुन्छ । राजाको अैला काटिएको बेला यही थेगोको प्रयोग गरेको हुनाले उनी दरबारबाट निकालिन्छन् । पछि पुनः उनलाई दरवारमा बोलाइन्छ र मन्त्री पद दिइन्छ । कथावस्तुलाई नयाँ मोड दिन थप रोचक बनाउन उनको भूमिका महत्वपूर्ण देखिन्छ ।

**३. भाषशौली**

यस कथाको भाषशैली सरल र रोचक छ । भाषिक जटिलता नभई सरल र तृतीयपुरुष दृष्टिविन्दुमा छ । कथामा राजावीरभद्रको औला काटिएको र मन्त्रीदरवारवाट

निकालिएको राजा सिकार खेल्नेक्रममा राक्षसहरको पञ्जामा परेको र औला काटिएकै कारण वच्न सफल भएको घटनालाई सरल भाषामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपठित मानिसले बरझने भाषमा कथाको निर्माण भएको छ । जान्थे, भन्दथे जस्ता भुतकालिन क्रियाको प्रयोग गरिएको छ ।

### ४. परिवेश

स्थानका दृष्टिले हेर्दा कुने ठाउँ विशेषलाई नतोकेर एकादेशका राजा भन्ने भनाइवाट कथाको सुरुवात गरिएको कारण कथामा कुनै ठाँउ तोकिएको छैन । कथावस्तुले एकादेशको दरबारिया परिवेशलाई आत्मसाथ गरेको छ । एकादेशमा राजा हुनु उनको छिमेकी राज्यसंग लडाइँ हुनु, राण सिकार खेल्न जानु सिकार खेल्ने क्रममा राक्षसको पञ्जामा पर्नु जस्ता घटनाक्रमका आधारमा यो कथा कृषियुगको सुरुवती समयतिरको होकी भनेर अनुमान गर्न सकिन्छ । साथै यस कथाले राजाहरू सौखिन हुनु सिकार खेल्न जानु जस्ता पौराणीक संस्कारलाई पनि झल्काएको देखिन्छ ।

### ५ उद्देश्य/सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो मनोरञ्जनका साथसाथै यस लोककथाले विभिन्न सन्देशहरु पनि प्रवाहित गरेको छ । ती सन्देशलाई आत्मासाथ गर्दा - सोचविचार नगरेर कुनैपनि निर्णय गर्नु हुदैन । बोल्दा खेरी विचार पुऱ्याएर मत्री वोल्नु पर्छ मन्त्रीले विचार नपुऱ्याएर वोल्दा मन्त्रीपदवाट निकालिन परेको छ । राजाले विचार नपुऱ्याएर मन्त्रीलाई निकाल्दा उनलाई पछुटाउनु परेको छ र उनले पुनः मन्त्रीलाई वोलाएर आफ्नो भुललाई सच्याउका छन् । यसरी कुनै पनि काम गर्दा सोचविचार गरेर मात्र गर्नु पर्छ सोचेर मात्र कुन ठाउमा के वोल्दा उपयुक्त हुन्छ भन्ने कुरामा विचार गर्नु पर्दछ भन्ने शिक्षा ज्ञान एवम् उपदेश दिनुनै यस कथाको उद्देश्य । रहेको छ । हतारमा निर्णय गरेर पछि पछुताउनु भन्दा विचार पुऱ्याएर मात्र निर्णय गर्नु पर्दछ, बोल्नु भन्दा अगाडि धेरै पटक सोच्नु पर्दछ, भन्ने सन्देशहरु पनि यस कथाले प्रवाहित गरेको छ ।

## ४.१४ हात्ती प्रेमी राजा कथाको विश्लेषण

तुलसी दिवसले गरेको लोककथाको विभाजन अनुसार यो लोककथा मानवीय स्वाभाव र प्रर्वक्तिका लोककथा अन्तर्गत पर्दछ । दाङ जिल्लाको पश्चिम क्षेत्रमा प्रयलनमा

रहेको यो कथाले राजाको हात्ती मोहलाई रोचक ढङ्गले प्रस्तुत गरेको छ । यस लोककथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

**१. कथानक**

प्रस्तुत लोककथाको कथानक सरल छ र पूर्ण छ । कथावस्तु सुखान्तबाट सुरु भएर सुखान्तमै गएर टुङ्गिएको छ । कथावस्तु अनुसार एकादेशमा एउटा प्रतापी राजा थिए । उनी विद्वान थिए र धन पनि । उनले घरमा थुप्रै किसिमको घरपालुवा पशुवस्तु पालेका थिए । ती मध्ये सबैभन्दा प्यारो उनको हात्ती थियो । उनी त्यही हात्तीमा चढेर यताउता हिड्ने गर्दथे । उनले सुसारेहरुलाई कसैले हात्ती मरेको समाचार कसरी ल्यायो भने त्यसलाई मृत्युदण्ड दिने घोषणा समेत गरेका थिए । राम्रोसँग हेरचाह गर्दागर्दै पनि एकदिन हात्ती मर्‍यो । हात्ती मरेपछि यो समाचार कसरी राजा समक्ष ल्याएमा त्यसलाई मृत्युदण्ड दिने घोषणा गरेका थिए । पुर्‍याउने भन्ने विषयमा राजाका नोकर चाकरहरु वीचमा गम्भीर ढङ्गले छलफल भयो । राजाले हात्ती मरेको समाचार ल्याउने व्यक्तिलाई मृत्युढण्ड दिने घोषण गरेको हुनाले सवैजना डराईरहेका थिए । त्यसैवेला उनीहरु विषयको एउटा बूढो नोकरले आफुजाने इच्छा जाहेर गर्‍यो र गयो पनि उसले राजा सम्म घुमाउरो पाराले हात्ती मरेको सामाचार भन्यो यसरी यही वाक कौशलका कारण उक्त बूढो नोकर मृत्यु दण्डवाट आफपनि जोगीयो र आफ्ना साथीहरुलाई पनि जोगाउन सफल भयो । यहाँ कथावस्तुलाई प्रस्तु कथामा रोचक ढङ्गले प्रस्तु गरीयको छन् । कथावस्तुको रोचक प्रसङ्गहरलाई आत्मासाथ गरेको छ । बूढो नोकरको वाकशैली एवम् वौद्धिक क्षमताले कथावस्तुलाई दुःखान्त हुनवाट जोगाएर सुखान्तमा गएर टुङ्गिएको छ ।

**२. सहभागी**

यस 'हात्ती प्रमी राजा' कथामा मानव र मानवेत्तर गरी दुई किसीमका पात्रहर सहभागीका' रुपमा आएका छन् ।

राजा र उनका सुसारेहरु मानव पात्रहुन भने हात्ती मानवेत्तर पात्र हो । यी मध्य निम्न लिखित चरित्रको भुमीका उल्लेख्य रहेको छ ।

**क. राजा**

राजा यस कथाका प्रमुख पात्र हुन् । उनकै चारित्रिक सेरोफेरामा कथाको कथावस्तु अगाडि वढेको छ । उनी प्रतापी राजा हुनुका साथै विद्वान एवम् धनी पनि थिए । उनी

पशुप्रेमी थिए उनको सबैभन्दा प्यारो पशु हात्ती थियो उक्त हत्ती मरेको सामाचार सुनाउने व्यक्तिलाई मृत्युदण्ड दिने घोषणा गरेका थिए । वाकयातुर्य बुझ्ने क्षमता उनमा देखिन्छ । बूढो नोकरले हात्ती मरेको खबर घुमाउरो पाराले भनेका थिए । उसको वाकलाबाट प्रभावित भएर राजाले उसको वाककलाको प्रसंशा गरे तर आफ्नो घोषण अनुसार दण्ड दिएनन् । यसवाट राजा साच्चै विद्वान थिए र ज्ञानी भन्न सकिन्छ । यसरी कथाको सुरुदेखि अन्त्यसम्म उनको भूमिका महत्वपूर्ण देखिन्छ ।

**ख अन्य सहभागी**

अन्य सहभागीहरुमा बूढो नोकर हुन्छ । जसले आफ्नो वाककलाको कारणले आफु आफ्ना साथीहरुलाई मृयुको मुखवाट जोगाउन सफल हुन्छ । उसमा आत्मा विश्वास एवम् साहस देखिन्छ वाककलामा ऊ निपुण देखिन्छ । यही वाककलाको कारणले जुन राजाले हात्ती मरेको समाचार ल्याउनेलाई मृत्यु दण्ड दिने घोषणा गरेका थिए । यही राजाले उनको वाककलाको प्रशंसा गर्दै विदा गरे । कथाको अन्तिम खण्डमा उपस्थित भएर कथावस्तुलाई नयाँ मोड दिनमा उनको भूमिका उल्लेख्य लेखिन्छ ।

**३. भाषशैली**

प्रस्तुत 'हात्ती प्रेमी' राजा कथाको भाषशैली सरल, सहज र वोधगम्य छ । कथानक भाषिक जटिलता नभई सरल र तृतीय पुरुष दृष्टिविन्दुमा छ । कथामा रोचक प्रसङ्गहरुलाई सरल शब्दको माध्यमवाट प्रस्तुत गरिएको छ । बूढो नोकरले हात्ती मरेको समाचार घुमाइफिराई भनेर आफु र आफ्ना साथीहरुको प्रण बचाएको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरीएको छ । अपठित मानिसले बुझ्ने भाषामा कथाको निर्माण भएको छ । देखिन्थ्यो । थिए, गर्दथे, जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिएको छ ।

**४ परिवेश**

कथाको सुरुवात हुँदा एकादेशमा भनेर सुरु गरिएको कारण कुनै ठाउँ विशेषलाई तोकिएको छैन । कथामा चयन गरिएको विषयवस्तु र कथानक सुहाउदो परिवेश चित्रण गरिएको छ । स्थागत परिवेशको रुपमा कुनै ठाउँ विशेषलाई नतोकेर एकादेशका राजा वस्ने दरवार, दरवार वरिपरी मौसम अनुसार फल्ने, फुल्ने फूलहरु दरबारको नजिकवाट कलकल वग्ने नदी, दरवारको नजिकमा विभिन्न देवीदेवाताका मन्दिर र कमलका फूलले ढाकिएको सुन्दर तलाउ एवम् त्यहाँ सुन्दर परिवेशलाई कथावस्तुले आत्मसाथ गरेको छ । राजा हुनु

उनले विभिन्न पाल्तु जनावर पाल्नु हात्ती प्रति उनको विशेष मोह हुनु जस घटनाक्रमका आधारमा यो लोककथा मानव सभ्यताको सुरुवाती समय तिरको होकी भनेर अनुमान गर्न सकिन्छ ।

राजाले विभिन्न किसिमका पाल्तु, जनावर पाल्नु, हात्तीमा सवार हुनु जस्ता नेपालका राजा महाराजा का प्रचीन संस्कारलाई पनि यस कथाले आत्मासाथ गरेको देखिन्छ ।

**५. उद्देश्य/सन्देश**

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथै यस लोककथाले विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशहरलाई आत्मासाथ गर्दा यो कथा निकै शिक्षप्रद देखिन्छ राजाको दरवारमा पालीएको हात्ती मरेको खवर लगेर गएको बूढो नोकरको वाकशैलीको कारणले ऊ मृत्यु दण्डवाट बच्न सफल भएको देखाएर यस कथाले कुनै पनि समस्या आइपऱ्यो भने बुद्धिको प्रयोग गर्नु पर्दछ । मानिसमा वाकशैली हुनु पर्दछ । कुशल वाकशैली भएको मानिसले अरलाई तुरुन्ते प्रभाव पार्न सक्छ । बोल्ने शैली पनि मानिसको ठुलो शक्ति जसको मद्दतवाट मानिस आफुमाथि आइपर्ने चुनौतिको सामान गर्न सक्छ । यसै संकटको वेला निरास हुनु हुदैन विवेगको प्रयोग गर्नु पर्दछ भन्ने शिक्ष, ज्ञान एवम् उपदेश दिनु नै यस कथाको उद्देश्य रहेको छ । साथै हामीले कुनै समस्या आइपऱ्यो भने हतास हुनु हुँदैन, हरेक समस्याको समाधान हुन्छ । समीयावाट डराएर त्यसको समाधान हुँदैन समस्याको समाधान युक्तिबाट हुन्छ विवेक र बुद्धिको सह ढङ्गले प्रयोग गरियो भने आमा विश्वासका साथ अगाडि बढियो भने जतिसुकै जटिल समस्या पनि समाधान हुन्छन् । जसरी बूढो सुसारे साहस एवम् आमा विश्वासका साथ अगाडि, बढ्यो, आफ्नो वाकचातुऱ्यको प्रयोग गरेर आफ्नो अभियामा सफल भएको छ । मृत्युदण्डवाट जोगिएको छ, यसैले हामीले आफ्नो विवेकको प्रयोग गरेर समस्याको समाधान गर्न सक्छौ भन्ने सन्देश, शिक्षा, ज्ञान एवम् सन्देश पनि प्रवाहित गरेको छ ।

## ४.१५ संगतको परिमाण कथाको विश्लेषण

तुलसीदिवसले गरेको लोककथाको विभाजन अनुसाार प्रस्तुत संगका परिमाण कथा मानविय स्वभाव एवम् प्रवृति सम्कन्धी कथा हो । सुन्ने र सुनाउने परम्परामा जीवन्त यो कथा दाङको पश्चिम क्षेत्रमा लोकप्रिय छ ।

एउटा जमिन्दारले बाँदरको संगत गर्दा भोगेको परिणमलाई यस कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यस लोककथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

**१. कथानक**

प्रस्तुत लोककथाको कथानक सरल छ । कथाको सुरुवात सुखान्तवाट भएको छ र दुखान्तमा गएर टुङ्गिएको छ । कथानक पूर्ण देखिन्छ । कथावस्तु अनुसार नेपालको पूर्वी तराइ क्षेत्रमा एउटा ठूलो जमिन्दार बस्थ्यो । उसले आफ्नो घरमा धेरै किसिमका पशु पन्छी पालेको थियो । उसले पालेका पशुपन्छीहरु मध्ये उसको लागी सबैभन्दा प्यारो जनावर बाँदर थियो । उसले वाँदरलाई अति नै माया गर्दथ्यो । बाहिरवाट आउने बित्तिकै वाँदरलाई काखमा राखेर अनि मात्र उसले अरु काम गर्दथ्यो । एक दिन गर्मीको समय थियो । दिउँसोको घाममा जमिन्दार बाहिरवाट आएका थिए अहिलेको जस्तो विजुली पंखाको व्यवस्था त्यसबेला नभएको हुनाले जमिन्दारले बाँदरलाई पंखा हम्कन लगाएर आफु आरा मगर्न थाल्यो । त्यसै समयमा एउटा भिँगा वारम्वार आउने र जमिन्दारको नाकमा बस्न थाल्यो । बाँदरले त्यो भिँगालाई बारम्वमर जमिन्दारको नाकवाट हटायो तर भिँगाले बाँदरलाई टेरेन अनि बाँदरलाई भिँगासंग सार्है रिस उठ्यो र उसले भिँगालाई काट्नको लागि तरवाल लिएर वस्यो अनि जब भिँगा जमिन्दारको नाकमा बस्यो तब बाँदरले तरवार प्रहार गर्‍यो त्यति वेलासम्म भिँगा भागी सकेको थियो तरवलले भिँगालाई लागेन तर जमिन्दरको नाक पुरै काटियो । नाक रक्ताम्य भएपछि वल्ल जमिन्दारले थाहा पायो बाँदरको संगतको परिणम के हुन्छ । यसरी बाँदरसँगको संगत गर्नाले मानिसले कस्तो किसिमको पीडा भोग्नु पर्दो रहेछ भन्ने कुरालाई देखाउन कथानक सफल देखिन्छ ।

**२. सहभागी**

यस 'संगतको परिमाण' कथामा मानव र मानवेत्तर गरी दुई किसिमका पात्रहरुको सहभागीता छ ।मानव पात्रमा जमिन्दार र मानवेत्तर पात्रमा वाँदर सहभागीका रुपमा आएका छन् ।मावेत्तर पात्र वाँदरको मानवीकरण गरिएको छ । यी दुई पात्र भूमिका उल्लेख छ ।

**क. जमिन्दार**

जमिन्दार यस कथाको पैमुख एवम् एकल मानव पात्र हो । उसको चारित्रिक सेरोफेरोमा यस कथाको कथावस्तु अगाडि वढेको छ। उ पशुप्रेमी पात्रको रुपमा प्रस्तुत

भएको छ । उसको बाँदर प्रति निकै गहिरो मोह थियो उसले पालेका विभिन्न किसिमका जनावर मध्य उसको सवैभन्दा प्यरो जनावर बाँदर भएको हुनाले उसले बाँदरबाट ठूलो क्षति वेहोर्नु परेको छ । बाँदरको संगतकै कारणले उसको नाक काटिएको छ । बाँदरसँग संगत गर्नु उसको मूर्खता हो उसले यो कुरा नाक काटिएपछि मात्र थाहा पाएको छ । यसरि उसको भूमिका कथासुरुदेखि अन्त्यसम्म सफल देखिन्छ । कथावस्तुमा रोचकता थप्नमा र मनोरञ्जन युक्त वनाउनमा उसको भूमिका सफल देखिन्छ ।

**अन्य पात्र**

अन्य पात्रमा - मानवेत्तर प्रणी बाँदर हो । ऊ जमिन्दारको प्यारो हुन्छ । आफ्नो जातीय गुण एवम् स्वभााव उसले देखाएको छ । आफुलाई माया गर्ने जमिन्दारको नाक कटिएको छ । कथावस्तुलाई रोचक बनाउनमा उसको भूमिका महत्वपूर्ण देखिन्छ । जङ्गलमा स्वतन्त्ररुपले हिड्डुल गर्ने प्राणीलाई घरमा ल्याएर राख्दाको परिणम देखाएको छ । उसकै विवेक हिनताको कारण अप्रिय घटना घटेको छ ।

**३. भाषशैली**

प्रस्तुत संगतको परिणम कथाको भाषशैली सरल र रोचक छ । भाषिक जटिलता नभई सरल सहज र बोधगम्य छ । वर्णनात्मक शैली र तृतीय पुरुष दृष्टिविन्दुमा छ । एउटा जमिन्दारले बाँदरको संगत गर्दा व्यहोर्नु परेको क्षतिलाई कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपठित मानिसले बुझ्ने भाषमा कथाको निर्माण भएको छ । थियो हेर्दथे, थिए, थाल्यो जस्ता भूतकालिन क्रियापदको प्रयोग गरिन्छ ।

**४. परिवेश**

स्थानगत परिवेशको रुपमा यस कथाको पूर्वी नेपालको तराई क्षेत्र, जमिन्दारको घर-घर वरिपरिलगाई एका विरुवा अनि तलाउ आदिलाई आत्मासाथ गरेको छ पूर्वी नेपालको ग्रामीण परिवेशलाई कथावस्तुले समेटेको छ । ग्रामीण क्षेत्रमा जमिन्दारहरुले आफूलाई मनपर्ने विभिन्न किसिमका जनावर पाल्ने प्रचलनलाई कथावस्तुले झल्काएको छ । यसरी जमिन्दारसँग प्रशस्त जमिन हुनु उसले घरमा विभिन्न किसिमका जनावर एवम् पशुपन्छी पालेको भन्ने कथावस्तुका आधारमा यो कथा नेपालमा जमिन्दारी प्रथाका बोलबालामा रहेको बेलाको होकी भनेर अनुमान गर्न सकिन्छ ।

### ५ उद्देश्य /सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथसाथै यस लोककथाले विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशहरुलाई आत्मसाथ गर्दा यो कथा निकै शिक्षाप्रद देखिन्छ । संगत गर्दा विचार गरेर मात्र गर्नु पर्दा छ । असलको संगतले माानसलाई दुःख कष्टवाट बच्न मद्दत गर्दछ । भने खराव संगतले मानिसलाई दुःख कष्टमा फलाइ दिन्छ । बाँदर जंगली जनावर हो । यसको स्वभाव नै दुष्ट प्रवृक्तिको हुन्छ । त्यसकारण बाँदरलाई मानवको स्थानमा राख्नु हुँदैन । यदी बाँदरलाई मानिसको स्थानमा राखियो भने जमिन्दारले जस्तै क्षेति वेहोर्नु पर्दछ । भन्ने ज्ञान । शिक्ष एवम् सन्देश दिनु नै यस कथाको उद्देश्य रहेको छ । साथै पशुलाई पशुकै स्थानमा राख्नु पर्दछ । पशुलाई मानवको स्थानमा राखियो भने त्यो एक न एक दिन घातक हुन्छ । बँदरको माध्यमवाट उक्त सन्देश प्रवाहित भएको छ ।

## ४.१६ फुटको फल : फुटको फल कथाको विश्लेषण

तेलसीदिवशले गरेको लोककथाको विभाजन अनेसार प्रस्तुत 'फुटको फल' लोककथा पशुपन्छी सम्बन्धी लोककथा हो । सुन्ने र सुनाउने परम्परामा जीवन्त यो कथा दाङको पश्चिम क्षेत्रमा निकै लोकप्रिय छ । फुटको परिणाम कति घातक हुन्छ भन्ने भन्ने कुरालाई यस कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको.छ । कथाको विश्लेषण लोककथाका तत्वका आधारमा यसरी प्रस्तुत गरिएको छ ।

### १. कथानक

प्रस्तुत 'फटको फल' कथा पशुपन्छी सम्वन्धी कथा हो । 'एकादेशमा' भन्ने भनाइवाट सुर गरिएको यस कथाको कथानाक योजनावद्ध छ । कथावस्तु अनुसार एकादेशको विशाल जङ्गलको मध्य भागमा अवस्थित एउटा तलाउमा एउटा दुईवटा टाउका भएको मारुण्ड नाम गरेको पंक्षी वस्दथ्यो । एक दिन नदी किनारमा डुल्दै गर्दा अमृत जस्तै मीठो फल भेटायो र खायो । यो फल पहिलो मुखले खाएको थियो र उसले फल खाइसकेपछि यो फल त साान्है मीठो रहेछ यस्तो मीठो फल त कहिल्यै खाएको थिएन भन्यो । यो सुनेपछि दोस्रो मुखले पनि उक्त फल चाख्ने इच्छा गर्‍यो तर पहिलो मुखले दिएन बरु आफ्नी प्रियसीलाई दियो । दोस्रो मुखलाई हामो पेट त एउटै छ । जसले खाएपनि जाने त एउटै पेटमा हो भनेर दोस्रो मुखलाई  मीठो फल खानदिएन ।

केहि दिनपछि दोस्रो मुखले विषफल भेटायो, त्यो देखेर पहिलो मुखलाई नदिएर एक्लै खायो । त्यो बिषफल थियो विचार नै नगरेर खानाले उक्त मारुण्ड नाम गरेको चरो मऱ्यो । उसले पहिलो मुखको सल्लाह नमान्दा उसको मृत्यु भयो । यसरी पन्छीको मानवीकरण गरेर रचना गरिएको यो कथा दुखान्तमा गएर टुङ्गिएको छ ।

**२. सहभागी**

यस कथामा मानवेत्तर पात्रको मात्र प्रयोग भएको छ । मारुण्ड नाम गरेको चरो यस कथाको मुख्या पात्र हो उसका दुईवटा मुख छन् पेट एउटै छ । दुईवटा मुखका दुई किसिमका चरित्र देखिन्छन् । एउटा प्रथम मुख दोस्रो मुख यस पहिलो मुखले भेटाएको भेटाएको फल दोस्रो मुखलाई नदिएपछि दोस्रो मुख रिसाउँछ र उसले बिषफल खान्छ । दोस्रो मुखले गरेको गल्तीको कारण पहिलो मख समेत मर्न पुग्छ किनकि उनीहरुको पेट एउटै हुन्छ । यसरी पहिलो मुख अनुकूल पात्रको रुपमा र दोस्रो मुख प्रतिकूल पात्रको रुपमा उनको चरित्र देखिन्छ । क. अन्यपात्रमा - मारुण्डकी प्रियसी हो नारी पात्रको भूमिमा उसको सहभागीता देखिन्छ ।

**३. भाषशैली**

प्रस्तुत 'फुटको फल' कथाको भाषशैली सरल रोचक छ । भाषिक जटिलता नभई सरल र रोचक छ । वर्णनात्मक शैली र तृतीय पुरुष दृष्टिविन्दुमा छ, एउटै पन्छीका दुईवटा मुख मध्य पहिलो मुखसंग दोस्रो मुखले बदला लिनको लागि पहिलो मुखलाई नदिइकन एक्लै खान्छ । पेट एउटै भएकोले परिणम पहिलो मुखले समेत भोग्नु परेको घटनालाई कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपठित मानिसले बुझ्ने भाषशैलीमा कथावस्तुको निर्माण भएको छ । वस्दथ्यो, थियौ,दियो, जस्ता भूतकालिन क्रियाको प्रयोग गरिएको छ ।

क्थाका रोचक प्रसङ्गलाई सरल शब्दमा प्रस्तुत गरिएको छ ।

**४ परिवेश**

कथाको सुरुवात हुँदा एकादेशमा भनेर सुरु गरिएको हुनाले कुनै ठाउँ विशेषलाई नतोकेर एकादेशको विशाल जङ्गल, जङ्गलको मध्यभागमा अवस्थित तलाउ र त्यहाको रमणीय वातावरणलाई स्थानगत परिवेशको रुपमा कथावस्तुले आत्मासाथ गरेको छ । एउटै पंक्षीका दुइवटा टाउका हुनु एउटा टाउकोको अनुरोध अर्को टाउकोले स्वीकार नगर्ने जस्ता

काल्पनिक घटनाक्रमको आधारमा रचिएको यो कथा कृषियुगभन्दा पहिले तिरको होक भनेर अनुमान गनृ सकिन्छ ।

### ५ उद्देश्य/ सन्देश

प्रस्तुत लोककथाको उद्देश्य लोकवासीलाई मनेरञ्जन दिनु हो । मनारञ्जनको साथसाथै यस कथाले विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशहरुलाई आत्मासाथ गर्दा कुनै चिज पनि एक्लै खानु हुँदैन । कुनै गहन रहस्यमा एक्लै विचार गर्नु हुँदैन । कुनै पनि काम गर्दा सोचविचार गरेर मात्र गर्नु पर्दछ । कसैसंग बदला लिने वाहनामा आफैले बिष पिउनु हुँदैन । राग, देष, कुनै पनि प्राणीलाई सुहाउँदैन यस्तो भावनाले आफैलाई समाप्त पार्छ भन्ने किसिमको ज्ञान, सन्देश एवं शिक्षा प्रस्तुत कथाबाट पाउन सकिन्छ । पाठक वर्गलाई मनोरञ्न दिनुका साथै संगै बाचौं, संगै, खाउँ भन्ने ज्ञान एवं सन्देश दिनु नै यस कथाको उद्देश्य रहेछ ।

## ४.१७ पश्चाताप : पश्चाताप कथाको विश्लेषण

तुलसी दिसले गरेको लोककथाको वर्गीकरणका आधारमा यो ‘पश्चाताप’ कथा मानव स्वभाव र प्रवृत्तिसम्वन्धी लोककथा हो दाङको पशिचम क्षेत्रमा सुन्ने र सुनाउने परम्परामा आजसम्म पनि जीवन्त छ र लोकप्रिय छ । एउटा व्यपारीलाई घाडा र कुकुरलाई भरपेट खान नदिदा उसले वेहेर्नु परेको क्षतिलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । प्रस्तुत कथालाई लोककथाका तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

### १. कथानक

प्रस्तुत लोककथाको कथानक सरल र योजनावद्ध छ । कथा वस्तुको सुरुवात सुखान्तवाट भएको छ र दुखान्तमा गएर टुङ्गिएको छ । कथानक पूर्ण देखिन्छ । कथावस्तु अनुसार एकादेशमा निकै धनी तथा अत्यन्त लोभी व्यपारी थियो । उसले कहिल्यै कसैलाई सहयोग गर्दैनथ्यो । उसले घोडा र गधा पालेको थियो । उनीहरुबाट सक्दो कामलिन्थ्यो तर भरपेट खान दिन्थ्यो यसवाट घोडा र कुकुर साह्रै दुखी थिए । व्यापारी भने यतिसम्म कन्जुस थियो की पैसा खर्चहुन्छ  भनेर उसले विवाह समेत गरेको थिएन । एकरात व्यपारी खानपिन गरेर सुत्न गयो, व्यपारि चडै नै निदाएछ । उता कुकुर र घोडा आधापेट मात्र खाएकाले थकाई लागेपनि निद्रा परेको थिएन । कृष्ण पक्षको अँध्यारो रात भएकोले त्यही मौका छोपेर व्यपारीको घरमा चोर पसे । बूढो व्यपारी चाहि मस्त निद्रामा

थियो । चोरहरुले उसको घर भित्र यत्रतत्र छाछुम गर्न थाले । कुकुर र घोडाले चोरहरुका सवै क्रियाकलाप नियाली रहेका थिए । यसै क्रममा घोडाले कुकुरलाई चाडै भुकेर मालिकलाई उठाउनको लागि भन्यो तर पेटभरी खान नपाएको झोकमा उसले मालिकलार्य उठाउनको लागि भुकेन । उता घोडाले इमान्दारी देखाउन खोज्यो वेस्सरी कराएर उसले मालिकलाई उठाउन खोज्यो । बेस समयमा निन्द्रा खुलेको हुनाले यही झोकमा व्यपारीले ढाड नै भाँचिने गरी हिर्कायो व्यपारीको कुटाइले घाइटे भएर घोडा ढल्यो । त्यसवेलासम्म चोरहरु समानहर लगेर भागिसकेका थिए । जुन कुरा व्यपारीलाई पत्ते भएन । यसरी घोडाले आफ्नो मालिकको भलो गर्न खोज्दा चोट खानु पर्‍यो । उसको मालिकले घोडाको वफादारितालाइृ बुझ्न सकेन । अन्त्यमा घोडालाई पनि आफूले आफ्नो जिम्म्वारीको सीमालाई नचिन्दा दुःख पाएमा पश्चाताप भयो । यसरी कथामा दुखान्तमा गएर टुङ्गिएको छ ।

**२. सहभागी**

यस पश्चाताप कथामा व्यापारी, घोडा र कुकुर सहभागीका रुपमा आएका छन् । व्यपारी मानव पात्र हो । कुकुर र घोडा मानवेत्तर पात्र हुन् । कुकुर र घोडा मानवेत्तर पात्रको मानवीकरण गरेर कथामा प्रस्तुत गरिएको छ ।

**क. व्यापारी**

व्यापारी यस कथाको प्रमुख पात्र हो । उसकै चारित्रिक सेरोफेरोमा यस कथाको कथावस्तु अगाडि वढेको छ । उ धनी थियो तर लोभी थियो । आफूसंग प्रशस्त सम्पति भए पनि उसले कहिल्यै कसैलाई सहयोग गर्दैनथ्यो । ऊ यहाँसम्मको लोभी थियोकी ऊ आफैले पनि राम्रो लेगा लगाएको थिएन न त मीठो - मसिनो खाएको थियो । उसले पैसा खर्च हुन्छ भनेर विहासमेत गरेको थिएन ।

उसले घोडा र कुकुर पालेको थियो उनीहरुवाट प्रशस्त काम लिन्थ्यो । ऊ जागँरिलो र परिश्रमी पनि थियो उसले घोडाको इमान्दनरिता लाई चिन्न सकेन फल स्वरुप चोर आएको जानकारी दिने घोडालाई नै सजाए दियो । यसैले उसले ठूलो क्षति वेहोरेको छ । कथाको सुरुदेखि अन्त्यसम्म उसको भूमिका महत्वपूर्ण एवं सफल देखिन्छ ।

**ख. अन्य सहभागीहरु**

यस कथामा प्रयुक्त मानवेत्तर पात्र कुकुर र घोडा हुन् । कुकुर र घोडा दुवैको बीचमा प्रगाढ मित्रता थियो । दुवै व्यपारीका सच्चा सेवक थिए । व्यापारीले आधापेट खान दिँदा समेत उनीहरु काम गरिरहेका हुन्छन् । घोडाले आफ्नो इमान्दारी देखाँउदा सजाए पाएको छ । कथावस्तुलाई नयाँ मोड दिनमा रोचकता थप्नमा र पाठकवर्गमा कौतूहलता जगाउनमा यी दुवै पात्रको भूमिका महत्वपूर्ण देखिन्छ ।

**३. भाषशैली**

प्रस्तुत 'पश्चाताप ' कथाको भाषशैली सरल, सहजा, रोचक र वोधगम्य छ । कथानक वर्णनात्मक शैली र तृतीय पुरुष दृष्टिविन्दुमा छ । लोभी व्यपारीको चरित्र चित्रण उसले आफ्ना सेवक घोडा र कुकुर माथि गर्ने गरेको दुर्व्यवहार लाई कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । अपठित मानिसले बुझ्ने भाषमा कथाको निर्माण भएको छ ।

गए,पसे, थिए जस्ता भूतकालिन क्रियापद, एवं एक्कासी, जुरुक्क, जस्ता अनुकरणात्मक शब्दहरुको प्रयोग गरिएको छ ।

**४ परिवेश**

स्थानका दृष्टिले कुनै ठाउँ विशेषलाई नतोकेर एकादेशको व्यपारी भन्ने भनाइबाट कथाको सुरुवाट भएको हुनाले स्थानगत परिवेशलाई तोकिएको छैन ता पनि एकादेशको ग्रमीण परिवेशलाई आत्मासाथ गरेको छ ।

ग्रामीण क्षेत्रमा सुरक्षाका लागि कुकुर पाल्ने सामान ढुवानीका लागी घाडा पाल्ने तत्कालिन र अहिले पनि कतिपय स्थानमा प्रचलनमा रहेको प्रचलनलाई कथावस्तुले समेटेको छ । एकादेशमा १ व्यापारी हुनु उसले आफ्नो प्रयोजनको लागि घोडा र कुकुर पाल्नु, उसको घरमा चोरी हुनु जस्ता घटनाका आधारमा यो कथा कृषियुगको सुरुवात भएपछि तिरको होक भनेर अनुमान गर्न सकिन्छ ।

**५ उद्देश्य/ सन्देश**

प्रस्तुत 'पश्चातापको' उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथै यस कथाले विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशलाई आत्मासाथ गर्दा यो लोककथा निकै शिक्षाप्रद देखिन्छ । व्यपारी धनी भएर

पनि अत्यन्त लोभी थियो धनको लोभीको कारण उसले विहे समेत गरेको थिएन, आफ्नै पाल्तु पशुलाई समेट भरपेट खान दिदैनथ्यो । धन भएर पनि सहि ढङ्गले धनको उपयोग गर्न जानिउन भने जीवन सुखी हुदैन । आवश्यकता भन्दा वढी लोभ गर्नु आफैमा एउटा अभिसाप हो । पशुवाट काम लिनु तर पेटभरी खान नदिनु मुर्खता हो । पशुको पनि आत्मा हुन्छ उसलाई पनि भोकलाग्छ । पशुबाट काम लिइन्छ भने उसलाई मानवीय व्यवहार गर्नु पर्दछ । घोडा कराउनुको तात्पर्य नबुझ्रेर व्यपारीले घोडा माथि अन्याय गरेको छ । परिणाम स्वरुप उसले ठूलो क्षति वेहोर्नु परेको छ । सथै हरेकले आफूले पाएको जिम्मेवारी मात्र आफूले गर्नु पर्छ । घोडाले कुकुरको काम गर्दा मालिकवाट कुटाई खाएको छ । आफूले आफ्नो जिम्मेवारीको सीमा नाघ्दा ठूलो सजाए पाएको छ । उसलाई ठूलो पश्चाताप भएको छ भन्ने किसिमको  ज्ञान एवं सन्देश दिनु नै यस कथाको उद्देश्य रहेको छ ।

## ४.१८ अल्छीको भाग्य : 'अल्छीको भाग्य' कथाको विश्लेषण

तुलसी दिवसले गरेको लोककथाको वर्गीकरणका आधारमा यो कथा उपदेशात्मक र नीति सम्वन्धी कथा हो । सुन्ने र सुनाउने परम्परामा जीवन्त यो कथा दङको पश्चिम क्षेत्रमा निकै लोक प्रिय छ । अल्छी, मानिसको लागि कति घातक हुन्छ भन्ने भन्ने कुरालाई कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथालाई लोककथाको तवका आधारमा यसरी विश्लेषण गरिएको छ ।

### १. कथानक

'भाग्य' एकादेशमा भन्ने भनाईबाट सुरु गरिएको यस कथाको कथानक योजनावद्ध छ । कथानक दुखान्तमा गएर टुङ्गिएको छ । कथावस्तु अनुसार एकादेशमा एउटा गरिब मानिस बस्दथ्यो । उ बलियो र मोटोघाटो थियो तर सान्है अल्छी स्वभावको थियो । उसको अल्छी स्वभावले गर्दा कुनै पनि मानिस उसलाई मन परउदैनथे । अल्छी भएकै कारणले गर्दा उसको आर्थिक अवस्था कमजोर हुँदै गइरहेको थियो । उसका साथीहरुको भने आर्थिक अवस्था सुध्रदै गएको थियो । यसरी सँगसाथका साथका साथीहरुको बन्दोवस्त भएको, तर आफ्नो अवस्था भने दिनदिनै बिग्रिदै गएको देखेर उसले ईश्वरलाई गाली गरिरहन्थ्यो रातदिन त्यो अल्छीको सराप सुन्दासुन्दै भाग्य देवता हैरान भए । लौं हेरौं त यो अल्छीले आफ्नो भाग्यलाई कसरी थामेर राख्दो रहेछ "भन्ने विचार गरेर एक दिन राति अल्छीलाई सपना दिए "भोलिबिहान ठीक ६ बजे सहरभन्दा उत्तरपट्टिको विष्णुमति खोलामा तेरो भाग्यले सुन

वगाएर पठाउनेछ । त्यति वेला तँ गएर एक गाग्री पानी र एक बोरा बालुवा बोकेर ल्यउन सकिस भने तँ धनी हुनेछस । अनि ऊ भोलिपल्ट बिहान ६ वज्नु भन्दा अगाडि उसका आँखा खुले । उ झटपट एउटा गाग्री र बोरा लिएर खोलातिर गयो, तर बीचवाटोमा पुगेपछि उसले नरम घाँस भएको छाहारी देख्यो । अल्छी त ऊ छदै थियो र धनी हुने छटपटिले उसलाई राति राम्रोसंग निन्द्रा परेको थिएन । अहिले अलि बेलापनि भएको छैन, भाग्यले दिएको कसले ? यस्तो विचार गरेर उ त्यो छहारीमा पल्टियो र एक छिनमा भुसुक्क निदायो । आँखा खुल्दा झलमझ घाम लागिरहेको रहेछ । हत्त न पत्त लग्न सक्छ र उ बोरा र गाग्री टिपेर खोलातिर दुगुऱ्यो । खोलयम पुगेर पानी र बालुवा लिएर आयो । घरमा खन्याएर हेर्दा त सुनको सट्टा बालुवा र धमिलो पानि मात्रै पायो । यो देखेर उ साऱ्है दुःखी भयो । त्यतिबेला छिमेकको अर्को गरिब आएर भन्यो -'भाइ, तिमी मलाई आज भाग्यले सुन दिन्छ भन्थ्यौ सुन त मलाई पो दियो र उसले पाउने सुन उसको अल्छीपनको कारणले उसको छिमेकीले पायो । त्यसपछि उक्त अल्छीलाई साऱ्है रिस उठ्यो र उसले ईश्वरलाई सराप्दै सुत्यो । अनि राति सपनामा उसलाई ईश्वरले भने "मूर्ख तैले अल्छी गर्दा आफ्नो भाग्य गुमाइस । समय र मौका एकै चोटी आउँछ, त्यसलाई छोप्न सक्नु पर्छ । तँ जस्ता अल्छीले बालुवा र मैलो पानी वाहेक के पाउँछस ?

यसरी मौका गुमीसकेपछि पुनः फर्केर आउँछैन । अव उक्त अल्छीसंग पछुटाउनु वाहेक केही रहेन । यसरी विच - विचमा रोचक घटनाहरु लिएर अगाडि वढेको प्रस्तुत कथाको कथानक पूर्ण देखिन्छ ।

**२.सहभागी**

प्रस्तुत अल्छीको भाग्य कथामा अल्छी मानिस उसको छिमेकी र देवता सहभागीका रुपमा आएका छन् ।

यी मध्ये निम्नलिखित चरित्रको भूमिका उल्लेख्य रहेको छ ।

क) अल्छी मानिस :

अल्छी मानिस यस कथाको प्रमुख पात्र हो । सुरुदेखि अन्त्यसम्म उसको भूमिका महत्वपूर्ण रहेको छ । उसकै चारित्रिक सरोकारमा यसकथाको कथावस्तु अगाडि बढेको छ । अल्छी मानिस मोटोघाटो हुनका साथै साऱ्है अल्छी थियो । अल्छी भएकै कारण ऊ गरिब

थियो । ऊ आफु गरिब हुनुको कारण अल्छी भएको ले नभई आफ्नो भाग्य र ईश्वरको कारणले भन्ने धारणा उसको थियो ।

उसको सराप सुन्दा सुन्दा एक दिन देवताले उसलाई धनी हुन मौका दिन्छन तर अल्छी भएकै कारणले उसले त्यो मौका छोप्न सक्दैन र पुनः ईश्वरलाई सराप्न थाल्दछ । सधैं भाग्य र ईश्वरलाई दोष दिने परिश्रम नगर्ने स्वभाव उसमा देखिन्छ । यसरी कथावस्तुलाई पूर्णता दिन र रोचकता थप्नमा उसको भूमिका महत्वपूर्ण देखिन्छ ।

**ख) अन्य सहभागीहरु :**

अन्य सहभागीमा अल्छी मानिसको छमेकी  र देवता रहेका छन् । उसका छिमेकी जाँगरिलो भएको हुनाले अल्छी मानिसले पाउन पर्ने सुख पाएर आफ्नो आर्थिक अवस्था सुधारिएको छ ।

देवता अल्छी मानिसको सपनामा आएका छन् । देवताले अल्छी मानिसको भाग्य सुधार्न खोजे तर अल्छी मानिस स्वयम्को अकर्मव्यताको कारणले सफल हुन सकेन । कथावस्तु लाई नयाँ मोड दिनमा र रोचकता थप्नमा उनको भूमिका महत्वपूर्ण छ ।

**३. भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली सरल,सहज र बोधगम्य छ । कथानक वर्णनात्मक शैली र तृतीय पुरुष दृष्टिविन्दुमा छ । कथामा अल्छी मानिस गरिब हुँदै गएको । देवताले उसलाई धनी बन्ने अवसर दिएको भए पनि अल्छी भएकै कारणले उक्त मौका छोप्न नसकेको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । झटपट, झुसुक्क, झलमल्ल जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ ।

अपठित मानिसले बुझ्ने भाषाशैलीमा कथावस्तुको निर्माण भएको छ । कथको रोचक प्रसङ्गलाई सरल भाषामा प्रस्तुत गरिएको छ ।

**४. परिवेश**

स्थानका दृष्टिले हेर्दा कुनै ठाउँ विशेषलाई नतोकेर एकादेशका राजा भन्ने भनाईबाट कथाको सुरुवात गरिएको कारण कथामा कुनै ठाउँ विशेषलाई तोकिएको छैन । एकादेशको ग्रामीण परिवेशलाई कथावस्तुले आत्मसाथ गरेको देखिन्छ । अल्छी मानिस अल्छी भएकै कारण गरिब भएको र ऊ उसलाई यही स्वभावको कारणले छिमेकीको बीचमा

अलोकप्रिय भएको देवताले दिएको मौकालाई छोप्न नसकेको जस्ता घटना क्रमका आधारमा यो कथा कृषियुगको समय तिरको होकी भनेर अनुमान गर्न सकिन्छ ।

**५. उद्देश्य / सन्देश**

प्रस्तुत अल्छीको भाग्य लोककथाको उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु हो । मनोरञ्जनका साथसाथै यस कथाले विभिन्न किसिमका सन्देशहरु प्रवाहित गरेको छ । ती सन्देशहरुलाई आत्मसाथ गर्दा कथा निकै शिक्षाप्रद देखिन्छ ।

अल्छी मानिसको सबैभन्दा ठूलो शत्रु हो । अल्छी मानिस जीवित मुर्दा समान हुन्छ । अल्छी मानिसलाई कसैले पनि मनपराउँदैनन् । उसको दुर्गती मात्र हुन्छ उन्नति कहिल्यै पनि हुँदैन । समय र मौका सधैं आउँदैन जसले समयको महत्व बुझ्यो, त्यसैले मौका छोप्न सक्छ । तर समयको महत्व नबुझ्ने अल्छी मानिस जस्ता स्वाठहरुले कहिल्यै मौका छोप्न सक्दैनन् । अल्छी मानिसले भगवान देवताले दिएको सुन समेत लिन सकेन । भाग्यमा विश्वास गर्नु हुँदैन कर्ममा विश्वास गर्नु पर्दछ । जसले भाग्यमा विश्वास गर्दछ त्यसले कहिल्यै प्रगति गर्न सक्दैन । यसैले हामीले भाग्यमा होइन कर्ममा ीविश्वास गर्नु पर्दछ, श्रम गर्नुपर्दछ । अल्छी कहिल्यै पनि गर्नु हुँदैन । अल्छी गरी भए भने हाम्रो कहिल्यै उन्नति प्रगति हुँदैन भन्ने ज्ञान सन्देश एवं शिक्षा दिनु नै यस कथाको उद्देश्य रहेको छ ।

यसका साथै भाग्य छ भन्दैमा डोकामा दूध दुहेर अडिन्न दूध अड्याउन त गाबुमै दुहुनु पर्छ । भाग्यलाई दोष दिनुको सट्टा आफ्नो जीउले सक्दो काम गर्न सकियो भने जीवन सार्थक हुन्छ भन्ने सन्देशलाई यस कथाले प्रवाहित गरेको छ ।

# परिच्छेद : पाँच

# उपसंहार

दाङ जिल्लाको पश्चिम क्षेत्रमा विभिन्न जातजातिका मानिसहरु वसोवास गर्दछन् । यहाँ आफ्नो परम्परा र संस्कृति अनुसार चाडपर्व मनाउने गर्दछन् । यस समुदायमा प्राचीनकाल देखि नै लोककथा सुन्ने र सुनाउने परम्परा कायम रहदै आएको छ । पश्चिमदाङमा पाइने लोककथाको अध्ययन अनुसन्धानका कार्य हालसम्म त्यति प्रयाप्त मात्रामा भएको छैन । यस क्षेत्रको मौलिकता सामाजिक परँपरालाई प्रतिविम्वित गर्ने लोककथा आधुनिक चलचित्र र गीत संगीतको कारणले लोप हुने अवस्थामा पुगेका छन् । मौखिक रुपमा प्रचलित यस क्षेत्रका लोककथाहरुको संकलन र अध्ययन लिपिपद्ध गर्न जरुरी देखिन्छ । त्यसैले यी लोककथाहरुलाई विषय बनाएन यो शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधकार्य पाँच परिच्छेदमा बाँडिएको छ ।

पहिलो परिच्छेदमा शोधपरिचय राखिएको छ । जसमा - शोधशिर्षक, शोधप्रयोजन, विषयपरिचय समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा शोधको औचित्य, शोधकार्यको सीमाङ्कन, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रुपरेखा वारे चर्चा गरिएको छ ।

द्धितीय परिच्छेदमा दाङ जिल्लाको परिचय, नामकरण भौगोलिक अवस्था, राजनैतिक विभाजन, नदीताल, शैक्षिक अवस्था, धार्मिक स्थल, पर्यटकीय स्थल, आदिका बारेमा वर्णन छ ।

तृतिय परिच्छेदमा लोककथाको स्वरुप, विशेषता र प्रवृत्ति, परिभाषा, लोककथाका तत्वहरु, लोककथाको उत्पत्ति सम्बन्धी मत, लोककथाको वर्गीकरण, पश्चिम दाङमा पाइने लोककथाको परिचय एपं लोककथाको चर्चा परिचर्चा गरिएको छ ।

चौथो परिच्छेदमा पश्चिम दाङमा पाइने लोककथाको संकलन, अध्ययन र विश्लेषण गरिएको छ । लोककथालाई सङकलन गर्दा १० वटा लोककथा सङकलन गरिएको छ । सङकलित लोककथालाई लोककथाका तत्वका आधारमा विश्लेषण गरिएको छ । लोकसाहित्य भनेको समाजको ऐना हो । यसै ऐना अन्तर्गत मानिसका सुख, दुःख रुवाई

हाँसो समाजको उत्थान पतन, समाजको यथार्थ छविलाई प्रष्ट्याइएको छ । सङकलन गरिएका लोककथाहरुलाई परिशिष्टमा नमुनाका रुपमा प्रस्तुत गरिएको छ ।

यसरी पश्चिम दाङमा प्रचलित लोककथाको सङकलन अध्ययन र विश्लेषण शीर्षकको शोधपत्र यहाँका लोककथाका साथै यस क्षेत्रमा पाइने लोककथाका सम्बन्धमा अझै सङकलन, व्याख्या तथा विश्लेषण गर्न नितान्त आवश्यक छ ।

# सन्दर्भग्रन्थसूची

**(क) सन्दर्भपुस्तकहरु**


- अधिकारी, बोधविक्रम, नेपाली दन्त्यकथा, काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति, १९९६ ।
- आचार्य, कृष्णप्रसाद, शोधविधि, सिर्जना र संस्कृत काव्यशास्त्र, क्षितिज प्रकाशन, काठमाडौँ : कीर्तिपुर ।
- कर्मा, लीलासिंह, हाम्रो लोककथा, काठमाडौँ : साझा प्रकाशन, २०३८ ।
- कन्दङ्वा काजीमान, नेपाली जनसाहित्य, दोस्रो संकरण, मोरङ : अंगुरमैया कन्दहङ्व, २०४० ।
- कोइराला, शम्भुप्रसाद, लोकसाहित्य सिद्धान्त र विश्लेषण, विराटनगर : धरणीधर पुस्तकालय प्रतिष्ठान ।
- गिरी, जिवेन्द्रदेव, हाम्रा लोकगाथा, काठमाडौँ : एकता प्रकाशन, २०५० ।
- गिरी, जिवेन्द्रदेव, लोकसाहित्यको अवलोकन, काठमाडौँ : एकता प्रकाशन, २०५० ।
- नेपाली, पूर्णप्रकाश, भेरी लोकसाहित्य, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४१ ।
- पराजुली, ठाकुर, नेपाली साहित्यको परिक्रमा, काठमाडौँ : साझा प्रकाशन ।
- पन्त, देवकान्त, डोटेली लोकसाहित्य एक अध्ययन, काठमाडौँ : नेपाल र एसियाली अध्ययन संस्थान, २०३२ ।
- दिवस, तुलसी (सम्पा.), नेपाली लोककथा, काठमाडौँ : ने.रा. प्रज्ञा प्रतिष्ठान ।
- थापा, धर्मराज र सुवेदी, हंसपुरे, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौँ : पाठ्यक्रम विकासकेन्द्र, त्रि.वि. ।
- शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, लोकवार्ता विज्ञान र नेपाली लोकसाहित्य, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।
- बन्धु, चुडामणि, नेपाली लोकसाहित्य, काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

**(ख) सन्दर्भ पत्रिकाहरु**

- स्मारिका- दाङ साहित्य तथा संस्कृति प्रतिष्ठान, २०६४ ।
- दङ्गीशरण थारु राजा, सुकौरा महोत्सव, २०६३ ।
- युवामञ्च मासिक, २०६२ माघ ।

# परिशिष्टाङ्क

## दाङ जिल्लाको पश्चिम क्षेत्रबाट सङकलन गरिएका लोककथा

### १. अन्यायको चोट

धेरै पहिलेको कुरा हो नेपालको मध्य पीश्चममा पर्ने पहाडी भू-खण्डमा विशाल राज्य थियो । त्यहाँ एउटा प्रतापी राजा थिए । राजाको यस चारैतिर फैलिएको थियो । उनको राज्यमा न्याय र अन्यायको सही ढङ्गले निरोपण हुन्थ्यौ । विद्धानहरुको कदर हुन्थ्यो । दरवारमा विद्धानहरुको विभिन्न विषयमा शास्त्रर्थ हुन्थयो । प्रजालाई कसरी खुशी वनाउन सकिन्छ भन्नेवारे राजा सदैव चिन्तनशील रहन्थे । यसको लागि समय-समयमा विद्धानहरुसँग सल्लाह लिइन्थ्यो । राजा आफ्ना राजकुमारलाई विद्वान बनाउन चाहन्थे । यसको लागि उनले दरवारमा राजकुमारलाई पढाउनको लागि विद्धानहरुको नियुक्ति गरेका थिए । विद्धानहरु मध्य एकजना महाविद्धान थिए । उनको नाम देवीदत्त थियो । उनलाई सवै विषयको राम्रो ज्ञान थियो । उनकै निर्देशनमा राजकुमारलाई शिक्षा दिइन्थ्यो । एकदिनको कुरा हो । राजकुमार नरेश आफ्नो पाठ घोक्दै थिए । अकस्मात त्यहाँ गुरुदेवी दत्त आइपुगे । गुरुको आज्ञाले राजकुमार उनको समीप आए । आउने वित्तिकै गुरुले राजकुमारलाई केही नवोलिकन जोरसँग थप्पड हाने ।उनको औलाको छाप गालामा स्पष्ट देख्न सकिन्थ्यो राजकुमारलाई निकै चोट लाग्यो । गुरु भने केही नवोली चुपचाप आफ्नो गन्तव्य तर्फ लागे । राजकुमारले गुरुले थप्पड हान्नुको कारण थाहा पाएनन राजकुमारले धेरै सोचे तर वास्तविकताको नजिक पुग्न सकेनन् । अनि उनले अनाहकमा मालाई किन थप्पड हन्नु भो गुरुजी मैले के गल्ती गरेको थिए ?? गुरुजी सँग सोधे । राजकुमारको प्रश्न सुनेर गुरुजीले जवाफ दिनु भयो । राजकुमार मैले हानेको थप्पडले तिमीलाई चोट पुऱ्यायो होला । यसको कारण र जवाफ मलाई पच्चीस वर्षपछि सोध्नु त्यसै समयमा जवाफ दिनेछु । गुरुको मुखवाट यस्तो जवाफ सुनेपछि राजकुमारले बुझ्न सकेनन् र आफ्नो कक्ष तर्फ लागे । राजकुमारको मनमस्तिष्कमा यो घटनाले नराम्रो प्रभाव पाऱ्यो । यो घटनालाई उनले विर्सेनन् । एकदिन राजा अर्थात राजकुमारका पिता ठूलो दलवल सहित तराईको जङ्गलमा सिकार खेल्न गएछन । तराईमा औलो लागेर त्यहाँ मृत्यु भएछ । उनको मृत्यु पछि राजपरम्परा अनुसार राजकुमारलाई राज्यभिषेकगरी राजगद्दीमा बसालियो । राजकुमार नरेश राजाभए तर उनले गुरुले आफूप्रति गरेको अव्याय लाई विर्सन सकेका थिएनन उक्त घटना

भएको पच्चीस वर्ष पनि भयो । गुरुले दिएको समय समाप्त भईसकेको थियो । यही विचार गर्दे उनले एकदिन आफूलाई थप्पड हान्ने गुरुलाई दरवारमा वोलाएर सोधेछन् । गुरुजीले राजकुमारको प्रश्न सुनेपछि जवाफ दिँदै भनेछन् । मैले हानेको चोट अहिले सम्म पनि विर्सिएनौ । पच्चीस वर्षपछि त्यो चोट तिम्रो मानसपलटमा ताजा नै छ ।मैले तिमीलाई अन्याय गरेको थिए त्यसको चोट आजसम्म पनि तिमीले विर्सिएनौ तिमी अव राजा भएका छौ । राजाको कर्तव्य न्याय र अन्याय सही ढङ्गले छुट्याउनु पर्दछ । राजाले अन्याय गर्‍यो भने अन्यायमा पर्ने मानिसले अन्यायको चोट कहिल्यै विर्सिंदैन । जसरी तिमीले एक थप्पडको चोट पच्चीसवर्ष पछि पनि विसिएननौ । त्यसैले मानिसले अन्याय गर्नु हुँदैन । निर्दोष मानिसलाई कहिल्यै सजाय दिनु हुँदैन भनेर तिमीलाई ज्ञान दिनको लागि थप्पड हानेको हुँ । थप्पड हान्नु रहस्य बुझ्षेपछि राजा नरेश गुरुवाट अति प्रभावित भए अनि सिँहासनबाट उत्रिएर गुरुका चरणमा शिर राख्दै आफूले आज वास्तविक ज्ञान पाएको कुरा गुरुलाई बताए र आफूलाई थप्पड हान्ने गुरुलाई उच्च सम्मान दिएर दरबारमा राख्दा भए ।

# २. पतिव्रत नारी कथा

एकादेशमा एउटा विशाल गाउँ थियो । गाउँको नजिकवाट एउटा विशाल नदी बग्दथ्यो । गाउँकमा विभिन्न जातजातिका मानिसहरु वसोवास गर्थे । उर्वर भूमि भएकाले गाउँलेको आर्थिक अवस्था राम्रो रहेछ । एक समयको कुरा हो । दसैँको समय आएछ आफ्ना घर आँगन सफा गर्ने, घरका भित्ताहरु रङ्गाउने काममा सवै लागेछन् । उक्त गाउँमा एकजना ब्राह्मण पनि वस्थे । उनी धर्मात्मा थिए । दसैँको समय आएकोले ब्राह्मण फल, प्रसाद लिएर देवीको मन्दिरमा दर्शनको लागि हिंडेछन् । वाटमा विश्वकर्माको घरपर्ने रहेछन् । ब्राह्मणलाई देखेपछि विश्वकर्माले केही फल, प्रसाद देवीको मन्दिरमा चढाइदिनु होला भनेर ब्राह्मणको हातमा फलप्रसाद थमाइ दिएछ । ब्राह्मण पनि उक्त फप्रसाद लिएर आफ्नो वाटो लागे मन्दिरमा पुगेर विश्वकर्माले दिएको फल, प्रसाद चढाउन खोजेछन् तर उक्त प्रसाद ब्राह्मणको हातबाट हराएछ । अर्थात् हातवाटै देवीले प्रसाद ग्रहण गरिछन् । यो देखेर ब्राह्मण छक्क परे ब्राह्मणको  मनमा अनेकौ कुराहरु खेल्न थाले । जसकी पत्नी पतिव्रत हुन्छिन उसको प्रसाद तुरुनतै देवीले ग्रहण गर्दिरहिछन् यस्तो किसिमको घटना पहिले पनि घटेको रहेछ । यो घटनाबाट ब्राह्मणलाई यो कुरा याद आएछ ।

विश्वकर्माकी श्रीमती पतिव्रत भएकाले उसको प्रासद देवीले ग्रहण गरिन् तर मैले चढाएको प्रसाद ? यो प्रश्न ब्राह्मणको मनमा उब्जीयो । कही मेरी श्रीमतिमा कुनै खोट त छैन ? ब्राह्मणले आफ्नी श्रीमतीप्रति ठूलो शङ्का गर्न थालेछन् । पत्नी हरेक गतिविधिमा नजर राख्न थालेछन् उनले मन्दिरमा भएको घटना विश्वकर्मालाई पनि बताएछन् । उसले आफ्नी पत्नी पतिव्रता भएकोले त्यसो भएको भनेछ । ब्राह्मणले पनि मेरी पत्नी पतिव्रता छ भन्ने दावी गरे । यही विषयमा दुवैको केही दिन विवाद भयो यसको परीक्षण गरौं भन्ने निष्कर्षमा पुगेरसँगै घरको वाटो लागेछन । त्यही समयमा विश्वकर्माको श्रीमती एउटा भाँडोमा तोरीको तेल ल्याएर घरतिर आँउदै थिइन । बाटामा आफ्नी श्रीमतीलाई देखेपछि विश्वकर्माले वाटोमा तेल पोख्न भनेछ । उसकी श्रीमती पतिव्रत थिइन त्यसैले श्रीमानको आदेश पाउने वित्तिकै पूरा तेल बाटोमा पोखिछन् यो देखेर ब्राह्मण छक्क परेछन् । त्यसपछि उनीहरु ब्रह्मणको घर नजिक पुगे । त्यस समयमा ब्राहमणकी श्रीमतीले पानीले भरिएको गाग्रो ल्याएर आउँदै थिइन ब्राह्मणले आफ्नी पत्नीको पतिव्रत धर्म जाँच्नको लागी गाग्रोको पानी जमिनमा पोख्न भने तर उनकी पत्नीले पानी पोख्नुको सट्टा ब्राह्मणलाई तथानाम गाली गर्न थालिन् । यो देखेर ब्राह्मणले विश्वकर्मालाई भनेछन् । तिम्री पत्नी वास्तवमा पतिव्रता रहिछन् । त्यसैले तिमीले पठाएको प्रसाद देवीले ग्रहण गरिन् । मेरी पत्नीको हालत

त तिमीले देखीहल्यो । त्यसैले मैले चढाएको प्रसाद देवीले ग्रहण गरिनन् । हे विश्वकर्मा मैले आजदेखि पतिव्रता धर्म भएकी पत्नीको सच्चा पतिको रूपमा तिमीलाई हेर्नेछु । अब तिमी जाऊ सुखी  जीवन विताऊ भनेर विश्वकर्मालाई घरतर्फ पठाएछन । विश्वकर्मा पनि आफ्नो जित भएकोमा हर्षित हुँदै आफ्नो घरतर्फ लागेछ ।

## ३. बुद्धिमान काग

एकादेशमा एउटा विशाल जङ्गल थियो । त्यहाँ विभिन्न किसिमका रुख विरुवा र ठूलो सङ्ख्यामा पशुपंक्षीहरु वस्दथे जङ्गलको किनारमा विशाल नदी कलकल आवाज सहित बस्दथे नदी किनारमा विशाल रुख थियो । त्यस रुखमा कागले आफ्नो गुँड वनाएको थियो । काग वाहेक अन्य पंक्षीहरु आपसमा मेलमिलमप राम्रो थियो । पंक्षी वाहेक त्यसरुख खतरनाक सर्पपनि बस्दथ्यो । त्यो सर्प सवैको साझा शत्रु थियो । उसले रुखमा वस्ने पंक्षीका वचेराहरुलाई हुर्कन नपाउँदै आफ्नो आहारा बनाउँथ्यो । पंक्षी आफ्ना बचेराहरु सर्पले खाएको टुलुटुलु हेर्नु वाहेक अरु कुनै उपाय उनीहरुसँग थिएन ।

किनकि सर्प विशालु थियो । सर्पबाट आफ्ना वचेराको प्राण रक्षा कसरी गर्न भन्ने बिषयमा छलफल गर्नका लागि सबै पंक्षीहरु एकदिन एकै ठाउँमा भेला भए ती पंक्षीहरु मध्य सवैभन्दा चलाख पंक्षी काग थियो । भेलामा सवै पंक्षीहरुले आ-आफ्ना विचार प्रस्तुत गरे कसैले यो रुख छाडेर जाऊँ भने । कसैले सर्पलाई मार्ने जुक्ति निकाल्न पर्‍यो भने । यो विचार कागलाई मन पर्‍यो । कागले पनि वर्षे देखि आफूले पनि त्यही कुरा सोचेको बतायो । यति भनेर काग दक्षिण तिर उड्यो नदी किनारको पल्लोपट्टि एउटा विशाल सहर थियो । त्यो देशको राजधानी पनि रहेछ । विहान सधै राजकुमारी त्यस नदी पनि स्तान गर्न गर्न आउँथिन् । त्यसदिन पनि स्नान गर्न आइछन आफ्ना कपडा र घाटीमा लगाएको सुनको सिक्री राखिछन् र नुहाउन थालिछन । आकाशमा उडीरहेको कागको नजरमा राजकुमारीको सुनको सिक्री परेछ । सिक्री देख्नाथ त्यसको नजिक गएर आफ्नो चुच्चोले सिक्री च्यापेर सर्पवस्ने ठाउँमा लगेर राखीदिएछ । उता आफ्नो सिक्री कागले लगेको हुनाले रुन थालिन । उनीकराएको सुनेर राजकुमारीलाई के भयो भनेर राजाका सिपाहीहरुले सोधे अनि राजकुमारीले आफ्नो सुनको सिक्री कागले लगेको बताएपछि सिपालीहरु कागको वासस्थान तिर लागेछन् केही सिपाहीहरु रुखमा चढेछन् । रुखको एउटा हाँगामा सानो प्वाल रहेछ त्यही प्वालमा कागले सिक्री खसाएको थियो ।

सिपाही सिक्री झिक्न थालेपछि, सर्प सिपाहीलाई टोक्नको लागि आगाडि बढ्यो । सिपाहीले झटपट आफ्नो तरवार निकालेर सर्पलाई टुक्रा-टुक्रा पारेछन अनि सिक्री लगेर राजकुमारीलाई दिएछन् । यसरी कागको वुद्धिमानीले उनीहरुका बचेरा खाने सर्प सदाको लागि अन्त भएछ । कागको चलाखीले आफ्ना वचेराहरु खाइदिने शत्रु सदाको लागि अन्त भएकोले अन्य पंक्षीहरु पनि कागलाई धन्यवाद दिँदै आनन्दले रहन थालेछन् ।

# ४. बूढाको अर्ति

एकादेशमा एउटा विशाल जङ्गल थियो । जङ्गल निकै रमाइलो थियो । त्यस जङ्गलमा धेरै परेवाहरु बस्थे । परेवाहरु बस्ने जङ्गलको नजिक एउटा किसानको खेत थियो । परेवाहरुले भोक लागेपछि किसानको खेतको धान खाइदिन्थे । परेवाले आफ्नो धान नष्ट गरेको देखेर किसानलाइ साह्रै रिस उठेछ ।उसले मनमनै परेवालाई जाल थापेर मार्ने जुक्ति निकाल्यो । फलस्वरुप रातको समय पारेर धान माथि जाल थाप्यो । सबैभन्दा वूढो परेवाले यो कुराको सुइको पाइहालेछ । वूढो परेवा दूरदर्शी हुनाले अरुपरेवालाई बोलाएर भन्यो आज कोही पनि खेतमा गएर नबस्ने खेतमा गएर बसियो भने ठूलो आपत आउन सक्छ । तर लोभी परेवाहरुले बूढो परेवाहरुले भनेको मानेनन् । यो व्यबहार बाट ठूलो परेवा साह्रै दिक्क भयो । उसलाइ थाह थियो परेवाहरु धान खान गएभने अवश्य जालमा पर्छन् ।

केही समयपछि बूढो परेवा बाहेक सबै परेवाहरु किसानको खेततर्फ लागे । धान खानको लागि खेतमा बस्ने बित्तिकै उनीहरु जालमा परिहाले । जालमा परेपछि उनीहरुको होस् आयो । उनीहरुले बूढो परेवाको सुझावलाई नमानेकोमा साह्रै पछुतो पनि भएछ । उनीहरुसँग बूढो परेवालाई अनुरोध गर्ने बाहेक अन्य बाँच्ने विकल्प थिएन । अनि सबै जालनमा परेका परेवाहरुले एकै स्वरमा अनुरोध गर्न थाले । उनीहरुको अवस्था देखेर बूढो परेवालाई साह्रै दया लागेछ । लाग्ने नै भयो सधैं सँगै बस्ने साथीहरुको यो अवस्था हुँदा । अनि बूढो परेवाले जालमा परेका परेवाको नजिकै गएर भन्यो “हेर साथी हो । जब किसान आएर जाल झिक्न थाल्छ, त्यतिबेला तिमी सबैजना मरे जस्तै हुनु र जाल झिकेपछि सबैजना एकै साथ उड्नु अनिमात्र तिमीहरु बाँच्ने छौ ।” बूढो परेवाको कुरा सुनेपछि सबै खुशी भए । अब त बाँचिन्छकी भन्ने पनि लाग्यो । केही समयपछि किसान आयो अनि परेवा जालमा परेको देखेर साह्रै खुशी भयो । अब धान खाने परेवाहरु मरे भनेर खुशी हुँदै जाल उठाउन अगाडि बढ्यो । त्यसबेलासम्म सबै परेवाहरुले मरेको अभिनय गरिरहेका थिए । किसानले निर्धक्कसँग जालमाथि उठाउन मात्र के पाएको थियो । परेवाहरु एकैसाथ उडेछन् । विचरो किसान हरेको हेर्‍यै भएछ । यसरी बूढो परेवाको जुक्तिबाट सबै परेवाहरु जालबाट उम्कन सफल भएकाले आफूभन्दा अग्रजले दिएको सल्लाह नमान्दा दुःख पाइने कुरा बल्ल थाह भएछ । त्यसपछि परेवाहरुले बूढो परेवाको सधै सम्मान गर्न थाले छन् र उसले दिएको आज्ञा मानेर बस्ने थालेछन् ।

# ५. घमण्डी खरायो

एकादेशमा एउटा घना जङ्गल थियो । त्यस जङ्गलमा कछुवा र खरायो वस्दथे । उनीहरु दिनभरी आआफ्ना चरन क्षेत्रमा आहारा खोज्न जाने र रातपरेपछि आफ्नो वासस्थान तिर आउने गर्थे । दिनभरी घुम्दा आफूले देखेका र भोगेका कुराहरु एक अर्कालाई सुनाउने गर्थे । खरायो द्रुतगतिमा दौडन सक्ने भएकाले टाढा टाढा जान्थ्यो । खरायो दौडन नसक्ने भएकाले आफ्नो वासस्थान वरिपरि भएको वस्तु खाएर जीवीकोपार्जन गर्ने गर्थ्यो । खरायोले सधै साँझमा आएर आज त यस्तो-यस्तो मीठो चीज खान पाइयो भनेर धाक लगाउथ्यो । कछुवा विचरो टढा जान नसक्ने भएकाले खरायोको फुर्ति सुन्नु बाहेक अर्को विकल्प थिएन ।

लामो समयसम्म त उनीहरु मिलेर बसे तर विस्तारै - विस्तारै खरायोलाई आफ्नो तागतको घमण्ड बढ्दै गयो । गर्दा -गर्दा उसले कछुवालाई हेप्न थाल्यो । उसले कछुवालाई दौडमा प्रतिष्पर्धा गरौं भन्न थाल्यो । दिनहुजसो के तिमीले मलाई दौडमा जित्न सक्छौ ? भनेर हैरान पार्न थाल्यो । एकदिन त कछुवालाई साह्रै रिस उठेछ । परिणाम स्वरुप ऊ पनि खरायोसँग दौडमा प्रतिष्प्रधा गर्न तयार भयो अनि खरायो र कछुवाको दौड सुरु भयो । खरायो दौड म जसरी भएपनि जित्छु भन्नेमा ढुक्क थियो । रहने पनि भयो । किनकि कछुवा भन्दा खरायो निकै छिटो दौडन सक्थयो । दौड सुरु भएको केही छिनमा खरायो उफ्रिएर निकै टाढा पुग्यो तर कछुवा विचरो घस्रदै-घस्रदै केही दुरीमात्र पर पुगेको थियो । खरायोले पछाडि फर्केर हेरेछ । कछुवा कहीँ देखिएन अनि खरायोलाई लाग्यो पुग्नु पर्ने ठाँउ थोरै छ । केहिवेर आराम गर्नु पर्‍यो त्यसपछि दौडिनु पर्ला यति भन्दै खरायो शीतल छहारीमा गएर आराम गर्न थाल्यो । आराम गर्ने क्रममा खरायो भुसुक्क निदाएछ ।

उता कछुवा आफ्नो गतिमा अगाडि बढ्दै गयो । खरायो निकै वेरपछि ब्युँझियो त्यतिबेला सम्म निकै ढिलो भइसकेको थियो । खरायो झसङग भयो यता हेर्‍यो उता हेर्‍यो कछुवालाई कतै पनि देखेन अनि खरायो बुरुक्क उफ्रदै सुँईकुच्चा ठोक्यो । । दौडिने क्रममा बाटामा कछुवालाई भेटाउछु भन्ने उसलाई लागेको रहेछ तर भेटाएन जब ऊ पुग्नु पर्ने ठाँउमा पुग्यो त्यँहा कछुवा पहिले नै पुगिसकेको थियो । यो देखेर कछुवा झसङग भएछ । झसङग हुनेनै भयो कछुवासँग पराजित भइसकेको थियो । खरायोले कछुवालाई कमजोर आँकलन गरेको हुनाले पराजित भएपछि निराश हुँदै आफ्नो बाँसस्थान तिर लागेछ ।

## ६. लोभीबाहुन

धेरै पहिलेको कुरा हो एकादेशमा एउटा विशाल गाँउ थियो । गाँउको वरिपरि घनाजङगल थियो । जङगलमा थुप्रै हिंस्रक जनावरहरु पनि वस्थे । त्यस जङगलमा एउटा सिँह पनि बस्थ्यो । सिँहको स्वभाब राम्रो थिएन । उसले समय -समयमा गाँउमा पसेर गाँउलेका बाख्रा खाइदिन्थ्यो । उसको यो ब्यबहारबाट गाउँलेहरु आजित भएका थिए । एकदिन सबै गाँउलेहरु जम्मा भएर छलफल गर्न थाले उनिहरुको बिचमा लामो छलफल चल्यो । सिँहबाट कसरी छुट्कारा पाउने भन्ने विषयमा सबैले आ-आफ्ना बिचार प्रस्तुत गरे ।

लामो समयसम्मको छलफल पछि गाँउलेहरुले एउटा जुक्ति निकाले । उनीहरु सबै मिलेर एउटा खोर बनाए । खोर कस्तो रहेछ भने भित्र जाँदा आँफै खुल्ने,भित्र जाने बित्तिकै आँफै ढोका बन्द हुने र नखुल्ने । गाँउलेहरु सबै मिलेर खोर बनाएपछि खोरभित्र एउटा मोटो बाखो थुनेछन् र घरतर्फ लागेछन् ।

मानिस सुत्ने बेला भएपछि सिँहले सोचेछ अब मानिसहरु सुत्नथाले यही मौकामा गएर गाँउलेका बाख्रा खानु पर्‍यो । यही सोचका साथ सिँह गाँउतिर लागेछ । बाटामा काठले बनाएको खोर र त्यो भित्रको मोटो बाखो थुनिएको देखेपछि सिँहलाइ लोभ लागेछ । सधै गाँउलेका बाख्रा खान पल्केको सिँह मनमनै रमाउदै मौका यहि हो अब यो बाख्रालाई छोड्न भएन भन्ने सोचका साथ बाखो भएको ठाँउतिर लम्किएछ । सिँहले आफ्नो पञ्जा खोरको ढोकानेर राख्ने वित्तिकै ढोका खुल्यो अनि सिँह खोर भित्र कुद्‍यो र बाख्रालाई झम्टियो यता ढोका आँफै बन्द भएछ । सिँहले बाख्रालाई खादाँ सम्म त ढोकाको बारेमा केहि सोचेन,बाखो खाइसकेपछि बाहिर निस्कन खोज्दा ढोका बन्द भएकाले अनेकौं प्रयत्न गर्दा पनि सफल भएनछ । रातभरि खोरमा थुनियो विहान कुनै जुत्ति निकाल्नु पर्ला भन्ने सोच्यो विहान भयो उसको प्रयत्न सफल भएन । कयौं दिन बितेछ तर सिँहको बाहिर निस्कने उपाए लागेन । गर्दा - गर्दा सिँह भोकै मर्ने अवस्था आएछ उता गाँउलेहरु भने सिँहलाइ थुन्न सफल भएकोमा साह्है खुशी भएछन् । सिँह भोकाएर मर्न आँटेछ ।

एकदिन बिहानको समयमा बुढाबाहुन स्नान गरेर त्यहीबाटो भएर घर जाँदै थिए । सिँहको नजर ती बाहुन माथि पर्‍यो अनि उसले बाहुनलाई बोलाएर भनेछ- हे ब्राह्मण तिमीले मलाई यो खोरबाट मुत्तगर यदि तिमीले मुत्त गर्‍यौ भने म तिमीलाइ सुनको सिक्री दिन्छु । तिमीलाई चोट पुराउने काम म बाट हुनेछैन । यति कुरा सिँहको सुनेपछि बाहुनको

मनमा लोभ पलायो र सिक्री पाउने लोभमा हिंस्रक जनावर प्रति विश्वास गर्न पुगेछन् । उनले खोरको ढोका खोल्ने वित्तिकै सिँहले बुढा बाहुनलाई झम्टिएछ सिँह धेरै दिनको भोको थियो । उसले बाहुनलाई लोभ देखाएर आहारा पनि बनायो अनि खोरबाट मुक्त पनि भयो । हेर्दा हेर्दै बाहुन सिक्री पाउने लोभमा आफ्नो जीवन गुमाएर सिँह आफ्नो पेट भरेर जङगलतिर लागेछ ।

# ७. मूर्ख ब्यापारी

धेरै समय पहिलेको कुरा हो । एकादेशमा एउटा सानो गाउँ थियो । त्यस गाउँमा एउटा सानो व्यापारी बस्थ्यो । उसले एउटा घोडा पालेको थियो । त्यही घोडामा सामान राखेर टाढा-टाढा व्यापार  गर्न जान्थ्यो । एकदिनको कुरा हो व्यापारको क्रममा पहाडी जिल्लाको एउटा नयाँ गाउँमा गएको थियो । त्यो भन्दा अगाडि ऊ त्यो गाउँमा कहिल्यै गएको रहनेछ । त्यहाँ उसले एउटा गाउँलेको आँगनमा बसेर समाती बेचिरहेको थियो । मानिसहरु पनि ऊ भएको ठाउँमा आएर सामग्रीहरु खरिद गरेर लग्थे । व्यापार राम्रोसँग चल्दै थियो । दिउँसोको समय थियो । मानिसहरु कामकाजमा गएर होलान् मानिसको आउने क्रम अलि कम भएको थियो । त्यसबेला गाउँको एउटा मानिस व्यापारी भएको ठाउँमा आएर मेरो घोडा घाँस खाँदैन, अचानक बिरामी भयो । सास फेर्न पनि गाह्रो परेको छ । घोडा मऱ्यो भने मेरो सत्यानाश हुन्छ । कृपया हजुरसँग कुनै उपाय छ भने मलाई सहयोग गर्नुहोस् भनेर रुन कराउन थालेछ ।

त्यसपछि आफ्नो बच्पन अवस्थादेखि नै घोडा पालेको हुनाले केही गर्न सक्छु कि भन्ने लागेछ । त्यही मानिससँग पछिपछि लागेर व्यापारी घोडा भएको ठाउँमा गयो । अनि बिस्तारै घोडालाई छामछुम पाऱ्यो, घोडालाई सास फेर्न गाऱ्हो भएको थियो । घोडाको घाँटीमा केही बस्तु अड्किएको जस्तो उसलाई लाग्यो र ब्यापारीले विस्तारै - विस्तारै घाटीमा मालिस गऱ्यो । अकस्मात घाटीमा अड्किएको बस्तु पेटतिर गयो र घोडालाई सास फेर्न सजिलो भएपछि घोडापनि जुरुक्क उठेछ । यो देखेर दुवैजना खुशीभए र अचम्म पनि । यो उपचार ब्यापारीले जानेर गरेको थिएन । उसलाई यस सम्बन्धि कुनै ज्ञान पनि थिएन तर पनि ब्यापारिलाई मैले यो घोडालाई मर्नबाट जोगाएँ भन्ने घमण्ड जाग्यो । उसले ठुलो काम गरे भन्ने सोच्यो । केही दिनपछि ब्यापारको लागि उ त्यो गाँउ छोडेर अर्को गाँउमा गएछ । त्यो गाँउ शहरदेखि टाढाँ भएकाले चाँहिएको सामाग्री डुलुवा ब्यापारिबाट नै खरिद गर्थे । ब्यापारी त्यही गाँउको एउटा किसानको घरमा बाँस बस्न पुग्यो। किसानको सम्पतिको नाँउमा एक जोडा बहर पालेको रहेछ । राति खाना खाएर सुत्ने बेला गोठमा ह्यार-ह्यार को आवाज आयो । आवाज सुनेपछि किसान झर्कोको उज्यालो लिएर गोठमा के भएछ भन्दै गोठ भित्र गयो त्यँहा उसको एउटा बहर सुति रहेको थियो । उसलाई के भएको थियो थाहा भएन । त्यँहा धेरै मानिस जम्मा भए हल्ला खल्ला धेरै भएपछि ब्यापारिको कानमा पनि पऱ्यो अनि ऊ झट्ट पट्ट उठेर गोठमा गयो र उपचारको लागि तम्सियो ।

उसले उपचारको लागि त्यहि बिधि अपनायो जुन तरिका उसले घोडाको उपचार गर्दा गरेको थियो । तर उसलाई यसपटक सफलता मिलेन घाँटी उसले जोरसँग थिच्दा श्वास - प्रश्वास रोकिएर बहर मर्‍यो । ब्यापारिले घाँटि थिचेर आफ्नो गोरु मरेको हुनाले किसानलाइ साह्रै रिस उठ्यो र उसले ब्यापारिलाई रातभरि पाता कसेर राख्यो अनि बिहान सबै गाँउले लाई बोलाएर छलफल गर्‍यो । छलफल पछि गाँउलेहरुले उसले बिक्री गर्न ल्याएको सबै मालताल ऊ सँग भएको रकम र घोडा समेत खोसेर यो ठाँउमा पुनः देखा नपर्नु भन्ने धम्कि दिदै डाँडा कटाई दिएछन् । विचरा ब्यापारी अनावश्यक कुरामा चासो देखाएको हुनाले उसको जीवनको सहारा घोडा सहित सबै धनसम्पति गुमाएर युद्धमा हारेको सिपाहि जस्तै लुरुलुरु चोटिलो घाँउ रित्तो खल्ती दुःखी मन लिएर घरतर्फ लागेछ ।

# ८. ईष्याको परिणाम

एकादेशमा एउटा गरिब किसान थियो । जङगलको नजिकैमा उसले एउटा झोपडी बनाएको थियो । जमिन साह्रै थोरै भएकाले उसलाई जीवन निर्वाह गर्न निकै कठिन भईरहेको थियो । त्यस गाँउमा उक्त किसान बाहेक अन्य गाँउलेहरु पनि बस्थे उनीहरुको आर्थिक अवस्थापनि निकै कमजोर थियो । किसानले गरिबीको कारणले बिहे गरेको थिएन । ऊ धार्मिक स्वभावको भएकाले गाँउमा पूजा आजा भयो भने जाने भजन किर्तन गर्ने उसको स्वभाव थियो  बाहिरी रुपमा जति श्रद्धालु  देखिन्थ्यो भित्रीरुमा त्यति छैन भन्ने हल्ला पनि थियो । एकदिन गरिबीबाट पिरोलिएर आफ्नो भएको सानो झुपडी समेतलाई त्यागेर तपस्याको लागि हिड्यो । पहाडी गुफामा गएर लामो समयसम्म अन्न जल समेत त्यागेर तपस्यामा लिइन भयो । उसको ततपस्याबाट भगवान साह्रै खुशी भएर किसानको अगाडि स्वयम् उपस्थित भएर भन्नु भयो । हे किसान ! म तिम्रो भक्तिबाट साह्रै खुशी भए । भन तिम्रा् इच्छा के छ ? भगवानको मुखबाट यस्ता कुरा सुनेपछि गरिब किसान अति खुशी हुँदै आफू र आफ्ना गाउँलेको आर्थिक अवस्था सुध्रियोस् सबैले गरिबीबाट मुक्ति पाऊन् भन्ने बरदान माग्यो । भगवानले किसानको ईच्छा बुझेर तथास्तु भन्दै त्यहाँबाट अदृश्य भए । किसान खुशी हुँदै आफ्नो घरतर्फ लाग्यो । ऊ घर पुग्दा । उसको झुपडी महल भएको रहेछ । यो देखेर किसान छक्क पर्‍यो । अनि ऊ महलको छतमा गएर गाउँतिर नजर लगायो । भगवानको कृपाले पुरै गाउँ महल भएको देखियो । पुरै गाउँलेका घर महलमय भएको देखेर किसानले अब गाउँलेहरुलाई बोलाएर यसको जानकारी दिनु पर्‍यो भन्ने सोच्यो । उसले एकदिन सबै गाउँलेहरुलाई बोलाएर आफुले तपस्या गरेको कारण भगवान खुशी भएर तिमीहरुको यो अवस्था भएको हो भन्ने कुरा सुनायो । यसबाट गाउँलेहरुपनि धेरै खुशी भएर र उसको जय जयकार गर्दै आफ्नो घरतर्फ लागे ।

केही समयसम्म त गाउँलेहरु आरामले जीवन गुजारा गरेछन् तर त्यो खुशी धेरै दिन टिक्न सकेनछ । बिस्तारै किसानको मनमा पाप पलाउँदै गयो । अनि उसले गाउँलेहरुलाई दुःख दिन थाल्यो । आफ्ना गाईवस्तु उनीहरुको खेतमा लगाई दिने, अन्नबाली चोर्ने जस्ता कुकर्म गरेर गाउँलेलाई सताउन थाल्यो । एकदिन गाउँलेहरुको अन्नपात राखेको खलीयानमा आगो लगाइदियो र उनीहरुको सम्पूर्ण अन्न जलेर नष्ट भयो । यो देखेर गाउँका सबै मानिसहरु रुन कराउन थाले । रुँदारुँदा गाउँलेहरुको आँसु धेरै बग्यो त्यो आँसुबाट पोखरी

बन्न पुग्यो । एकछिन पछि त्यो आँसुको पोखरीबाट भगवान प्रकट भएर गाउँलेको अन्नमा आगो लगाइदिने त्यो ईष्यालु देखावटी भक्तिको ढोङ गर्ने किसानलाई त्रिशुल प्रहार गरेर मार्नु भएछ, अनि आफ्नो कमण्डलुबाट पानी निकालेर आगो लागेको ठाउँमा सेचन गरेर किसानको अन्न पहिलेको जस्तै बनाइदिनु भएछ । यो देखेर किसानहरु खुशीले गद्गद् हुँदै ईश्वरको जयजयकार गर्दै आफ्नो घरतर्फ लागेछन् ।

# ९. मुखियाको उपदेश

धेरै पहिलेको कुरा हो एकादेशमा एउटा समाजसेवी मुखिया बस्थे । उनीसँग अथाह सम्पत्ति थियो । उनले आफ्नो जीवनकालमा सम्पत्ति कसैलाई पनि नठगेर आफ्नै बाहुवलबाट कमाएका थिए । उनले आफ्नो जीवनकालमा कसैलाई सताएका थिएनन् । एक समयमा मुखियालाई लामो समयसम्म ज्वरो आयो । झारफुक धामीझाक्री गर्दा समेत उनको अवस्थामा सुधार नआएपछि आफ्नो छोरालाई रुदै भनेछन् :- "छोरा अब म बाँच्दिनँ मैले जीवनमा केही कुरा जानेको छैन त्यही पनि तँलाई केही उपदेश दिन्छु । यति भनेर उनले भनेछन्- गुरुको आज्ञा मान्नु उनको आज्ञाको कहिल्यै अवज्ञा नगर्नु भनेर उपदेश दिएछन् । त्यसको केही दिनपछि मुखिया परलोक भए । केही दिनसम्म उसको घर र सारा गाउँ शोकमग्न भयो । समय बित्दै गयो केही दिनपछि उसले बिहे पनि गऱ्यो । उसको दाम्पत्य जीवन राम्रोसँग चल्दै गयो । उसकी श्रीमती गर्भवती भइन् र केही समयपछि उनको छोरा जन्मियो । परिवारमा खुशी छायो । अनि श्रीमतीले जानुस हाम्रा गुरु ज्योतिषि हुनुहुन्छ वहाँसँग गएर हाम्रो छोराको नाउँ, ग्रहदशा के कस्तो छ ? कस्तो भाग्य लिएर छोराको जन्म भएको छ हेराएर आउनुस् भनिन् । मुखियाको छोराले पनि त्यसै गऱ्यो । ऊ सरासर गुरुको घरमा गयो । गुरु विख्यात ज्योतिष थिए । उनले मुखियाको छोराले भनेको समयलाई आधार बनाएर धुलोटो कोरे अनि अँध्यारो अनुहार लगाएर भने "बाबु मैले भनेको मान्छौ भने एउटा कुरा भन्छु ।" मुखियाको छोराले मान्छु भन्यो अनि गुरुले भने बाँसको टोकरीमा राखेर बिहानको पहिलो प्रहरमा जङ्गलमा लगेर गाड्नु । यसपछि मुखियाको छोरालाई साह्रै आपत पऱ्यो । गुरुले भनेको मानौ भने आफ्नो सन्तानलाई कसरी जङ्गलमा लगेर गाड्नु नमानौँ भने गुरुको आज्ञा मान्नु भन्ने बाबुले जीवनको अन्तिम क्षणमा दिएको आदेश । मनमा विभिन्न तर्क, वितर्क गर्दै आएर श्रीमतीलाई सुनायो । श्रीमती पनि पहिले त विरोध गरिन । कसरी आमाले आफ्नो जीवित सन्तानलाई गाड्ने सल्लाह दिन सक्छन् र दुबैजनाको बीचमा लामो समयसम्म बहस चल्यो । अन्त्यमा श्रीमती केही लागेन । इच्छा नहुँदा नहुँदै पनि गुरुको आदेश अनुसार आफ्नो पहिलो सन्तानलाई जीवित अवस्थामा नै गाड्यो । त्यसको केही दिनपछि उसकी श्रीमती गर्भवती भई र केही समयपछि अर्को छोरा जन्मियो । मुखियाको छोरा हेराउन गयो, गुरुले यसपटक पनि पूर्ववत् विध अनुसार पहिलो बच्चा गाडेको ठाउँमा उसको टाउकोसँग यो बच्चाको टाउको जोडेर गाड्न सल्लाह दिएछन् ।

मुखियाको छोराले पनि त्यस्तै गरेछ । त्यसको समयपछि अर्को छोरा जन्मियो उसलाई पनि गुरुले पहिलेकै विधि अनुसार गाड्न भनेछ ।

यसरी उसले क्रमशः तीनवटा छोराहरु गाडीसकेपछि उसको श्रीमती पुनः गर्भवती भइन् र दशमहिनाकोपछि उनको छोरो जन्मियो । बच्चा साह्रै राम्रो थियो । मुखियाको छोरो पुनः गुरुको घरमा गयो र गुरुले धुलौटो कोरेर हँसिलो अनुहार लगाउँदै भनेछन्- बाँसको टोकरीमा कपास राख्नु अनि त्यसमाथि बालकलाई राख्नु आफै अलिपर गएर लुक्नु अनि के के हुन्छ । सबै नियाल्नु जब मिरमिरे उज्यालो हुन्छ तब त्यो बच्चालाई घरमा ल्याएर आउनु । अनि गुरुजीले त्यहाँ भएका सबै गतिविधिहरु मलाई आएर भन्नु भने ।

मुखियाको छोरा सरासर घर आयो उसको मनमा विभिन्न शङ्का उपशङ्का खेल्दै थिए तर गुरुले दिएको आदेशको पालना गर्न वाध्य थियो । उसले गुरुले भने मुताविक नै गऱ्यो । आफ्नो चौथो बच्चालाई पहिले गाडेका बच्चाको टाउको राखेर अलि पर गएर लुक्यो । बिहान पहिलो प्रहर थियो उसले उसले बच्चा भएतिर हेरिरहेको थियो । केही छिनपछि त्यहाँ राखिएको चारवटै बच्चाहरु रुन थाले त्यही समयमा एउटा विशालकाय भएको मानिस आएर क्रमिक रुपले सोधेछ- तिमी को हौ ? किन जन्मिएका हौँ ? भनेर सोधेछ र पहिलेका तीनवटा बच्चाले आफू जन्म दिने बाबुको शत्रु भएर जन्मिएको उसलाई जीवनभर आँसुमा डुबाउनको लागि जन्मिएको तर पापीले पहिले नै थाहा पाएर आफूलाई गाडेको भनेछन् । चौथो छोराले आफू कुलको इज्जत राख्ने र आमाबाबुको सेवा गर्न जन्मिएको हुँ भनेछ ।

त्यसपछि उज्यालो हुने बेला पनि भयो अनि विशालकाय भएको मानिस अलप भयो । यो सबै दृश्य देखिरहेको मुखियाको छोराले ज्योतिषशास्त्रका ज्ञाता गुरुको भनाइको तात्पर्य बुझ्यो र आफ्नो कान्छो छोरालाई उठाएर घरमा ल्यायो । अनि श्रीमतीलाई सुनायो । श्रीमतीको यो कुरा सुनेपछि साह्रै खुशी भइन् । उसले गुरुको घरमा गएर त्यहाँ भएका सबै गतिविधिहरु भनेपछि गुरुले पनि उसलाई आज्ञापालन गरेको हुनाले अनिष्ट हुनबाट जोगिएको कुरा भनेछन् अनि मुखियाका छोराबुहारी आफ्नो छोराको पालनपोषण गर्दै आनन्दसँग रहन थालेछन् ।

# १०. साहसी राजकुमार

एकादेशमा एउटा ठूलो राजा रहेछन् । उनी निकै धनी थिए । धन भएर पनि उनको सन्तान नभएकाले उनी सधैं चिन्तित् हुन्थे । सन्तान प्राप्तिको लागि यज्ञ, व्रत, पूजा गरेका छन् । तर केही सीप नलाग्दा उनको धोको त्यसै रह्यो र उनी साह्रै दिक्दार थिए । एकदिन एउटा जोगी आएर उनको दरबारमा भिक्षा मागेछ । रानीले दिन खोज्दा जोगीले जुन नारीका सन्तान छैनन् त्यस्ता नारीको हातबाट भिक्षा लिन्न भनेर भिक्षा स्वीकार गरेनछन् । योगीको यो वचन सुनेर ती रानीले अँध्यारो मुख लाएर भनिन्- हे महापुरुष मेरा सन्तान छैनन् सन्तान होऊन भन्नका लागि मैले तीर्थव्रत, धर्मकर्म गरे तर केही सीप लागेन । कर्मको लेखा केही गरेपनि मेटिदो रहेनछ ।

रानीका यी वचन सुनेर जोगीलाई निकै करुणा लागेछ र आफ्नो झोलीबाट एउटा बुटी झिकेर रानीलाई भने रानी ! यो बुटी म तिमीलाई दिन्छु, मनमा शङ्का नलिई तिमीले यो खानु । यो खाएपछि एकहप्ता भित्र तिमी गर्भवती हुनेछौ । त्यो गर्भबाट एउटा साह्रै राम्रो बालक जन्मनेछ तर तिमीले अहिले नै एउटा कबुल गर्नुपर्नेछ कि यो बालक सोह्र वर्षको उमेर हुँदा म फेरि आउने छु । तिमीले उसलाई मेरो जिम्मा लगाउनुपर्नेछ । जोगीको वचन सुनेपछि छोरो पाउन लागे भन्ने हर्षले गद्‌गद् भई पछि छोरालाई विदा दिंदा यस्तो सङ्कट पर्ला भन्ने केही विचार नगरी त्यस कुरामा मञ्जुर छ भनेर आफ्नो बुटी लिइन् । जोगी विदा भएर आफ्नो गन्तव्यतिर लागे । भोलिपल्ट राजाको आज्ञा लिई त्यो बुटी रानीले खाइन् र गर्भवती भइन् । दश महिनापछि अति राम्रो बालक जन्मियो । बालक जन्मिएपछि राजाको मनबाट सबै चिन्ताले विदा लिए । राजकुमार पनि दिन प्रतिदिन बढ्दै गए । राजारानी राजकुमारको व्यवहारबाट निकै खुशी थिए ।

उतातिर योगी भने जङ्गलको कुनामा बसेर वर्षमात्र गन्दथ्यो । जब सोह्रवर्षको खुडकिला युवराजले टेके “बम शङ्कर महादेव” भन्दै ढोकामा जोगी पुलुक्क देखा पर्न आयो । राजारानीको हजुरमा खबर पुग्यो । उनीहरुलाई ठूलो फसाद पऱ्यो । राजकुमारलाई दिई पठाउँ भने आफ्नो एकमात्र सन्तान नदिऊँ भने वाचा हारिने । योगीको श्राप आफ्नो कपालमा थाप्नुपर्ने । उनको निधारमा पसिना आएछ । त्यसैबेला मन्त्री आएर अर्को ठिटो दिई पठाउँ भन्ने सुझाव दिएछ ।

राजालाई यो कुरा साऱ्है मन परेछ र राजकुमारको भेषमा राजोल अर्के ठिटो पठाएछन् । बाटोमा जोगीले थाहा पाइहाल्यो । अनि उसले पुनः दरबारमा फिर्ता ल्याएछ र

राजालाई सक्कली राजकुमार नदिए श्राप दिन्छु भनेछ । राजा वाध्य भएर राजकुमारलाई आर्शिवाद दिएर विदा गरेछन् र आफूहरु पनि मुर्छा परेछन् ।

जोगीले राजकुमारलाई बाटामा कुन बाटो जाने भनी प्रश्न गरेछ । लामो बाटो सुरक्षित छ, छोटो बाटोमा बाघ, भालुको डर हुन्छ भन्दा राजकुमारले डरको पर्वाह नगरी छोटो बाटो भनेछ । साँच्चीकै राजकुमार रहेछ भन्ने जोगीलाई लागेछ अनि खुशी साथ अगाडि बढेछन् । राजकुमार पनि कत्ति नडराई जोगीको पछिपछि लागेछन् ।

जाँदाजाँदा एउटा कुटी र मन्दिर भएको ठाउँमा आइपुगेछन् । जोगीको वासस्थान त्यही रहेछ । अनि जोगीले राजकुमारलाई मेरो कुटी यही हो तिमीले मेरो शिष्य बनी टहल गर्नुपर्नेछ भन्यो । जोगी बिहान पूजाआजा गरी खाना खाइ मन्दिरमा ताल्चा मारी निस्कन्थ्यो । कता जान्थ्यो । यताउता पत्तो नै हुँदैनथ्यो । राजकुमारलाई जङ्गलमा एक्लै नियास्रो लाग्न थाल्यो ।

एकदिन राजकुमारले जोगीले मन्दिरमा के राखेको छ, पत्ता लगाउनु पऱ्यो भन्ने सोचले जोगी बाहिर गएको बेला साँचा राखेको ठाउँ पत्ता लगाएर राजकुमारले मन्दिरको ढोका खोलेछन् । मन्दिर भित्र कालीको मूर्ति देखेर नमस्कार गरेछन् । भित्रभित्रको दृश्य अचम्म लाग्दो रहेछ । दाहिनेपट्टि भित्तामा सातवटा मानिसका टाउका झुण्ड्याइएको अवस्थामा देखेछन् ।

ती टाउका राजकुमारतिर हेरेर खितित हाँसेछन् । किन हाँसेको भनी सोध्दा भोलि अष्टमीमा जोगीले तिमीलाई भोग दिन्छ भनेछन् अनि बाँच्ने उपाय बताएछन् । त्यसपछि राजकुमारलाई रातभरी निद्रा परेनछ । भोलिपल्ट जोगीले उनलाई मन्दिरमा बोलाएछन् । पहिले देवीको पूजा गरेछन् अनि देवीलाई साष्टाङ्ग प्रणाम गर भनेछन् । राजकुमारले आफ्नो योजना मुताविक महाराज ! पहिले हजुरले गरेर देखाइदिनु पऱ्यो भनेछन् र जोगीले लौ हेर भनी कालीका पाउँमा परेछन् यही मौका छोपी राजकुमारले खड्कद्वारा जोगीलाई टुक्राटुक्रा पारिदिएछन् ।

अनि जोगीको रगत भित्तामा झुण्ड्याएका टाउकामा छर्किएछन् । यसबाट उनीहरु ब्युतिएछन् र नयाँ जीवन पाएकामा राजकुमारलाई धन्यवाद दिँदै घरतर्फ लागेछन् । अनि साहसी राजकुमार पनि दरबारमा बुबाआमालाई साह्रै चिन्ता पऱ्यो होला भनी दरबार फर्किएछन् । राजारानी पनि आफ्नो छोरालाई सकुशल फर्किएको देखेर खुशी भएछन् ।

# ११. महाराज मणिचुड

एकादेशमा एउटा अत्यन्त धार्मिक राजा थिए । उनको नाम मणिचुड थियो । उनी अत्यन्त ज्ञानी गुणी एवम् धर्मात्मा थिए । उनको कृति चारैतिर फैलिएको थियो । एक पटक उनलाई यज्ञ गर्न मन लागेछ र उनले यसको आयोजना पनि गरे । यज्ञमा टाढा टाढाका मानिसहरुलाई निमन्त्रण गरिएको थियो । विभिन्न देशहरुबाट ठूला–ठूला राजा महराजा एवं विद्वानहरु उक्त यज्ञमा  आएका थिए । तोकिएको शुभदिनमा यज्ञको शुभारम्भ भयो ।

राजाको पूरै परिवार यज्ञको काममा खटिएको थियो । आमन्त्रितहरुलाई बस्ने र खानपिनको राम्रो व्यवस्था मिलाईएको थियो । इच्छा भोजनको व्यवस्था थियो । जसले जुनकिसिमको भोजन अपेक्षा गर्दछ उसले चाहेको भोजन खान पाउने व्यवस्था थियो । यज्ञ स्थलमा ठूला ठूला विद्वानहरु बीचमा विभिन्न विषयमा शास्त्रार्थ हुन्थ्यो । उक्त सञ्चालन भई रहेको थियो । आमन्त्रितहरुको सङ्ख्या दिन प्रतिदिन बढ्दै थियो । श्रद्धालुहरुको भीड त्यतिकै बढिरहेको थियो । महाराज मणिचुड श्रद्धा भावका साथ यज्ञमा जुटेका थिए । उनको आदेश त्यहाँ आएका मानिसले जसले जे माग्दा जसले जे खान्छ जति खान्छ खान दिनु भन्ने थियो  ।

एकदिन यज्ञस्थलमा अचम्मको घटना घट्यो झ्वाट्ट हेर्दा मानसिक सन्तुलन विग्रीएको जस्तो विशालकाय भएको मानिस उक्त यज्ञस्थलमा आयो र धेरै भोक लोगेको छ भन्दै खान माग्यो । राजाका भण्डारेहरु पनि तुरुन्त भण्डारमा गए र भण्डारबाट चौरासी व्यञ्जन झिकेर ल्याए अनि उक्त व्यक्तिलाई दिए । तर त्यो व्यक्तिले भोजनतर्फ हेरेन । यो देखेर भण्डारेहरु हैरान भए । अनेकौं विन्ती गर्दा पनि त्यो व्यक्तिले उसलाई दिएको चौरासी व्यञ्जन खान स्वीकार गरेनन । के खान्छौ ? किन खाएनौ ? भनि सोध्दा म मास खान्छु, म राक्षस हुँ, मलाई माङ्साहारी भोजन चाहिन्छ । यो तिम्रो चौरासी व्यञ्जन भोजन चाहिँदैन भनेपछि त्यहाँ ठूलो खैलाबैला मच्चियो । मलाई मासु सहितको भोजन दिने भए देऊ नत्र तिमीहरुलाई श्राप दिन्छु भनेर जोर जोर सँग कराउन थाल्यो । धेरै मानिसले सम्झाए तर उसले मानेन आफ्नो आडान छाडेन । गर्दा गर्दा यो खबर राजाको कानमा पुग्यो । राजा ईश्वर भक्त थियो । अरुको आत्मा तृप्त गर्न उनले आफ्नो कर्त्तव्य सम्झन्थे । महाराज मणिचुड सरासर राक्षस भएको ठाउँमा गए र उसलाई सोध्न थाले तिमी के खान चाहन्छौ । उसले जवाफ दियो “ म खासु खान चाहन्छु, म धेरै दिन देखि भोको छु, यहाँ इच्छा

अनुसारको भोजन खान पाइन्छ भन्ने सुनेर आएको हुँ । यदि तिमीले मेरो इच्छा पूरा गरेनौ भने म तिमीलाई श्राप दिनेछु । " यदि राक्षसका कुरा सुनेपछि राजालाई ठूलो संकट परेछ अनि राजाले आफ्नै शरीरको मासु काटेर दिन तयार भएछन् ।

यो देखेर यज्ञमा उपस्थित मानिसहरु एवं राजपरिवारका सदस्यहरुमा ठूलो खैला बैला मच्चियो । राजपुरोहितहरुले यस्ता पागल व्यक्तिको श्राप लाग्दैन त्यसकारण यस्ताका कुरामा लाग्नु हुँदैन भन्ने तर्क दिए  तर राजाले कसैको सुनेनन् । छुरा हातमा लिएर उक्त राक्षसको अगाडि बसेर उनले आफ्नो शरीरको मासु काटेर राक्षसलाई दिन थाले । राक्षस पनि खुशी मानी, मानी खान थाल्यो ।

यो देखेर यज्ञ स्थलमा ठूलो कोलाहल मच्चियो, सबैजना रुन कराउन थाले तर राजाले कसैको सुनेन् । गर्दा गर्दा राजाको शरीरको सबै मासु सिद्धियो बाँकी टाउको र हाड मात्र रहयो अनि राजाले टाउको काट्नको लागि जब हतियार आफ्नो टाउकोमा राखे तब राजा मुर्छा भएर जमिनमा लडे । यो देखेर त्यहाँ सबै जना रुनकराउन थाले ।

त्यसको केही समयपछि आकाशवाणी भयो । "महाराज मणिचुड ! मैले तिम्रो परीक्षा लिएको थिएँ । तिमी ईश्वरका सच्चा भक्त रहेछौ । म तिम्रो भक्तिबाट प्रभावित भए । तिमीले ईच्छाएको फल प्राप्त गर्न सक्ने छौ ।"

यो आवाज अदृश्य स्थलबाट गुञ्जीयो यज्ञस्थल एक दिन स्तब्ध भयो । अनि भगवान स्वयम उपस्थित भएर आफ्नो कमण्डलबाट पानी छर्किनु भो र राजा व्युझिए र पहिलेका जस्तै भए त्यसपछि यज्ञस्थलमा खुशीयाली छायो र पुनः यज्ञ सुरु भयो । भगवान र राक्षस दुवै त्यहाँ बाट अर्न्तध्यान भए । यसरी महाराज मणिचुड आफ्नो प्रतिज्ञा एवं भक्तिमा सफल भए

# १२. गोरुको श्राप

एकादेशमा एउटा सुन्दर गाँउ थियो । त्यस गाउँमा एक वृद्ध आफ्नी युवा छोरी र बुहारीसँग निकै रमाइलोसँग दिनहरु बिताइरहेकी थिइन । उनी छोरी र बुहारीको बीचमा कुनै भेदभाव गर्दिनथिन् ।

दुवै नन्द भाउजू पनि साथी जस्तै थिए । आपसमा लडाई झगडा कहिल्यै गर्दैनथे । दुवै जनामा अन्तर यतिमात्र थियो कि बुहारीले आफ्नो काम इमान्दारितापूर्वक र मनलगाएर गर्दथी भने छोरीले जसोतसो फटाफट काम गर्ने हिसाबले गर्दथी । आमाले यस कुराको लागि उसलाई कयौं पटक भनेकी पनि थिइन् ।

एक पटकको कुराहो गर्मी मौसममा खेतमा जोत्दा जोत्दै गोरु थाक्यो । वृद्धले थाहा पाइन को गोरु तिर्खाएको छन तर घरमा गोरुलाई खुवाउनको लागि पर्याप्त पानी पनि थिएन । पानीको लागि गोरुलाई लगेर तलाउमा जानु पर्दथ्यो । तलाउ टाढा थियो । जेठ महिनाको मध्यान्नमा गोरुलाई तलाउ सम्म लगेर पानी खुवाउन आफैमा कठिन कार्य थियो ।

मध्यान्नको गर्मीमा छोरीलाई पठाउने या बुहारीलाई यस कुरालाई लिएर बृद्धा मुश्किलमा परिन । दुबै जना मध्ये कुनै एकलाई पढाउन उनलाई उचित लागिरहेको थिएन् । अन्त्यमा सोचविचार गरेर उनले एउटा युक्ति निकालिन । उनले बुहारी र छोरी दुवैलाई प्रलोभन दुखाउँदै भनिन् । "तिमीहरुले एक एक गोरुलाई पानी खुवाएर ल्याऊ र तिमीहरु मध्य जो पहिले पानी खुवाएर घर फर्कन्छ उसले स्वादिलो खिर खान पाउनेछ ।

खिरको नाम सुन्न बित्तिकै दुवैको मुखबाट पानी आयो छोरी र बुहारी दुबै आफ्नो गोरुलाई लिएर तलाउतर्फ गए । बुहारीले केही पनि नसोचिकन आफ्नो गोरुलाई तान्दै लगीरहेकी थिई । उता छोरीको खुराफाती दिमागले कठिन कार्यबाट बच्ने कुनै उपाय खोजी रहेकी थिई । अन्त्यमा केही सोचेर उसले भाउजूलाई दुवैजना अलग अलग बाटोबाट जाने भनेर भनी ।

"हेरौं भाउजू तलाउमा पहिले को पुग्छ " सोझी भाउजूले उसको कुरा मानी । छोरीलाई त घरमा बनेको स्वादिष्ट खिरको याद आइरहेको थियो । उसलाई तलाउसम्म जान मन नै लागिरहेको थिएन । ऊ सोच्न थाली जनावर पनि कहिल्यै बोल्न सक्दैन । कसले थाह पाउँछ कि मैले गोरुलाई पानी खुवाएँ या खुवाँईन । आमालाई भनिदिन्छु की

मैले गोरुलाई पानी खुवाएर आई सके । यो विचार मस्तिष्कमा आउने वित्तिकै अगाडि पछाडि केही नसोचिकन उसले गोरुलाई घरतर्फ मोडी । विचरा तिर्खाएको गोरु पानी नपिइकन घरतर्फ जान थाल्यो । छोरीलाई देख्ने बित्तिकै आमाले प्रसन्न भएर सोधिन छोरी ! गोरुलाई पानी पियाएर ल्याइस ?

" हे आमा ! " भन्दै ऊ सीधै खिर तर्फ लम्की र मीठो मान्दै खिर खान थाली ।

किलामा बाधिँएको तिर्खाएको गोरुले उसलाई मजाले खिर खाएको देखीरहेको थियो । तर बोली नभएको हुनाले गोरुले केही भन्न सकेन । पानी तिर्खाले ब्याकूल गोरुको प्राण पखेरु उड्नै लाग्यो । मर्नै बेलामा उसले केटीलाई श्राप दियो, "जसरी तइले मलाई पानीको लागि सताइस त्यसरी नै सृष्टि पर्यन्त त पनि काकाकूल पँक्षी बनेर थोपा थोपा पानीको लागि सताइनेछस् । "

यति भन्ने बित्तिकै केटी गोरुको श्रापले त्यही समयमा नै काकाकूल पँक्षी बनी र पानीको लागि सताइन थाली तलाउ पोखरीहरु पानीले भरीएका थिए तर उसले तिनीहरुमा रगत नै रगत देखीरहेकी थिई । त्यही बेला देखि ऊ आकाश तर्फ हेर्दै कराई रहन्छे पानी देऊ, पानी देऊ ।

# १३. राजा वीरभद्र

एकादेशमा वीरभद्र गरेक राजा थिए । उनको दरबार विशाल थियो र राज्यको सीमाना चारै तिर फैलिएको थियो । राजा साहसी हुनुको साथै चलाख पनि थिए । उनको शक्ति बाट छिमेकी राज्यका राजाहरु त्रशित थिए । सबै देशवासीहरु सुखी रहन भन्ने उनको चाहना थियो । यसका लागि उनले सके सम्म प्रयास पनि गर्दथे । उनको दरबारमा एक जना चलाख मन्त्रि थिए । उनी निर्णय गर्ने क्षमतामा माहिर मानिन्थ्ये  यही क्षमताका कारण उनलाई राजा वरभद्रले मन्त्रि नियुक्त गरेका थिए । उनी अन्य मन्त्रिहरु भन्दा चलाख मानिन्थ्ये । उनलाईराजाले हिड्दा सधैं सँगै लगेर जान्थे  । मन्त्रीको एउटा थेगो थियो । उनीहरेक कुरामा 'जे भयो बेस भयो' भन्दथे ।

एक समयको कुरा हो । उनको देशमा छिमेकी राज्यले आक्रमण गर्‍यो । लडाई धेरै दिन सम्म चल्यो । दुबै तर्फ ठूलो क्षति पनि भयो । लडाईंमा बीरभद्रको जीत भयो तर उनी घाइते भए र उनको औंला काटियो ।

औला काटिए पछि राजा दुःखी हुँदै मन्त्रि सामु गएर भने मन्त्रि ! मेरो त औला काटियो । मलाई धेरै पीडा भईरहेको छ । चलाख मन्त्रिले राजाको काटिएको घाउलाई हेरी सके पछि आफ्नो थेगो दोहोर्‍याउँदै भनेछन् "महाराज ! 'जे भयो बेस भयो' " आफ्नो औंला काटिदा पनि बेस भयो भन्ने मन्त्रिको मुखबाट सुन्दा राजालाई सार्‍है रिस उठ्यो अनि राजाले त्यसै झोकमा मन्त्रीलाई सम्पूर्ण जिम्मेवारी बाट हटाउँदै दरबारबाट निकालिदिए ।

समय बित्दै गयो युद्धको घाउ पनि पुरिदै गयो । त्यसको केही समय पछि राजालाई सिकार खेल्न मन लागेछ अनि विश्वासिल सिपाहीहरुलाई साथमा लिएर सिकार खेल्न गए । सिकार खेल्ने क्रममा उनीहरु घना जङ्गल भित्र पसे, भित्र जाँदा जाँदा त्यहाँ राजा  र सिपाहीहरुको बीचमा बिछोड हुन गयो ।

राजाले बाहिर निक्लने बाटो विराएर धेरै वेर सम्म जङ्गलमा भौतारिरहे । यसै क्रममा उनको भेट राक्षसको एउटा हुलसँग हुनपुग्यो । राजा भयभित भएर भाग्न खोजे तर उनको कुनै उपाय लागेन । अन्ततः उनी राक्षसको फन्दामा परे । राक्षसले उनलाई मन्दिरमा लगेर गए मन्दिर अगाडि पानीको तलाउ थियो । वरिपरि बाह्रै महिना फल्ने फुल्ने विरुवाहरु थिए ।

वातावरण कोलाहलमय थियो । राजालाई बलि दिनको लागि मन्दिर अगाडि लगियो । राजाका कपडाहरु फुकाली उनको शरीरमा कही कतै घाउ चोट त छैन । शरीरमा कुनै खोट त छैन भनेर । उनको शरीरमा हेर्दा एउटा हातको औला काटिएको भेटियो ।

यस पछि यो त खोटी रहेछ भनेर उनलाई बन्धन मुक्त गरियो । यसरी राजा वीरभद्र औला काटिएको कारणले ठूलो कालबाट बच्न सफल भए अनि राजा सरासर आफ्नो घरबार तर्फ लागे । उनलाई औंला काटिएको दिनको याद आयो । मन्त्रीले ‘जे भयो बेस भयो ’भनेको सम्भीए त्यस पछि मन्त्रिले त राम्रै भनेको रहेछ ।

मैले कुरा नबुभ्रेर उसलाई दण्ड दिएको रहेछु भन्ने उनलाई लाग्यो र उनले आफ्नो सिपाहीहरुलाई बोलाएर तुरुन्त उक्त चलाख मन्त्रीलाई खोजेर दरबारमा हाजिर गराऊ भन्ने आदेश दिए । फलस्वरुप उनलाई दरबारमा हाजिर गराइयो । त्यसपछि राजाले सबै वृतान्त मन्त्रीलाई सुनाए अनि उनलाई पुनः मन्त्रीपदमा नियुक्त गरे ।

# हात्ती प्रेमी राजा

एकादेशमा एउटा प्रतापी राजा थिए । उनी विद्वान हुनुका साथै धनी पनि थिए । उनको राजधानी देशको सुन्दर ठाउँमा थियो । दरबार वरिपरि मौसम अनुसार फल्ने फूल्ने विरुवाहरु थिए । नजिकबाट कलकल आवाज निकालेर नदी बग्दथ्यो । दरबारको नजीकमा विभिन्न किसिमका देवी देवताका मन्दिरहरु थिए । दरबार वरिपरिको वातावरण अत्यन्त शोभायमान देखिन्थ्यो ।

राजाले आफ्नो दरबारमा विभिन्न किसीमका पशुपन्छी पालेका थिए । तीमध्ये सबैभन्दा प्यारो पशु हात्ती थियो । त्यही हात्तीमा चढेर राजा हिडंडुल गर्दथे । उनले हात्तीलाई यती सम्म माया गर्दथे कि कसैले हात्ती मरेको समाचार ल्यायो भने त्यसलाई मृत्युदण्ड दिने घोषणा समेत गरेका थिए ।

समय विल्दै गयो । राजाको नोकरचाकर हरुले हात्तीको पालन पोषण राम्रोसँग गर्दै थिए । राम्रो हेरचाह गर्दा गर्दै पनि एकदिन हात्ती मऱ्यो । हात्ती मरेपछि सुसारेहरुको विचमा खैलाबैला मच्चियो । अब यो खबर राजा सम्म कसरी पुऱ्याउने किनकि जसले यो खबर ल्याउँछ त्यसलाई मृत्युदण्ड दिने घोषणा राजाले पहिले नै गरिसकेका थिए ।

खबर नदिँदा पनि नहुने दिँदा पनि मृत्युदण्डको भागीदार भइने यो भयले उनीहरुलाई साऱ्है सतायो । अन्त्यमा एउटा बुढो सुसारेले म जान्छु र राजालाई यसको वृत्तान्त भन्दछु भन्यो । अनि सबै सुसारेहरु उसको भनाईबाट सहमत भए ।

अनि बुढो सुसारे सरासर दरबारमा गएर राजाको अगाडि विन्ती विसाउन थालयो "महाराज ! हात्तीले हिजो देखि खाना खाँदैन यताउता पनि चन्दैन र सास पनि फेर्दैन । बुढो सुसारेका कुरा सुनेपछि राजाले भने के भयो ? हात्ती मऱ्यो अनि बूढो सुसारेले भन्यो सरकार हात्ती मऱ्यो भनेर त हजुर आफैले भन्नु भयो । त्यसमा मेरो को दोष यो कुरा राजालाई पनि ठीकै लाग्यो अनि राजाले हात्ती मरेकोमा दुःख मनाउ गर्दै बूढो सुसारेको बोल्ने कलाको प्रशंसा गर्दै उसलाई विदा गरे ।

यसरी बोल्ने कलाको कारणले बूढा सुसारेले आफू र आफ्ना साथीहरुलाई राजाले दिने दण्ड बाट बचाउन सफल भयो ।

# १५. संगतको परिणाम

धेरै पहिलेको कुरा हो, नेपालको पूर्वी तराई क्षेत्रमा एउटा ठूलो जमिन्दार थियो । ऊ सँग प्रशस्त जमिन थियो । उसले आफ्नो घरवरिपरि प्रशस्त रुख विरुवा लगाएको थियो । घर नजिकमा माछा पोखरीहरु पनि थियो । जमिन्दार पशु प्रेमी थियो ।

उसले आफ्नो घरमा धेरै किसिमका पशुपन्छी पालेको थियो । उसले पालेका पशुहरु मध्य उसको सबैभन्दा प्यारो जनावर बाँदर थियो । जमिन्दार कतैबाट आउने बित्तिकै पहिले बाँदरलाई आफ्नो काखमा राख्थे अतिमात्र अरु प्राणीलाई हेर्दथे । एवम् रितले उनको दैनिकी अगाडी बढी रहेको थियो ।

एक दिन गर्मीको समय थियो जमिन्दार दिउँसोको टन्टलापुर घाममा बाहिरबाट आएका थिए । अहिलेको जस्तो बिजुली पँखाको व्यवस्था त्यसबेला थिएन । त्यसैले जमिन्दारले बाँदरलाई पँखा हम्कन लगाएर आफु आराम गर्न थाले । थाकेको हुनाले उनी भुसुक्क निदाए । गर्मीको समय भएको हुनाले बाँदरले जमिन्दार को नजिक बसेर पंखा हम्की रहेको थियो । त्यसै समयमा एउटा झिँगा  बारम्बार आउने र जमिन्दारको नाकमा बस्न थाल्यो । बाँदरले उक्त झिँगालाई बारम्बार  नाकबाट हटायो तर झिँगा बारम्बार आउन थाल्यो त्यसपछि बाँदरलाई धेरै रिस उठ्यो अनि उसले झिँगालाई काट्ने योजना बनायो । अनि उसले सानो तरवार हातमा लियो । झिँगा पुनः जमिन्दारको नाकमा बस्यो । बाँदरले मौका यही हो भनेर झिँगा माथि तरवार प्रहार गर्‍यो । संयोग झिँगा उड्यो । झिँगालाई केही पनि भएन तर उसले प्रहार गरेको तरवारले जमिन्दारको नाक काटियो ।

अनि जमिन्दारको शरीर रगतम्य भयो अनिमात्र जमिन्दारलाई थाहा भयो बाँदरको संगतको परिणाम के हुन्छ भनेर रिसको आवेगमा उसले बाँदरलाई मार्नको लागि लखेट्यो तर भेटाउन सकेन जङ्गलमा बस्ने बाँदर जङ्गलतिर नै लाग्यो ।

## १६. फूटको फल

एकादेशमा एउटा विशाल जङ्गल थियो । जङ्गलको मध्यभागमा एउटा विशाल जङ्गल थियो । त्यसको वरिपरि विभिन्न किसिमका जङ्गली जनावर एवम् पशुपँक्षी बस्द्थे । त्यही तलाउमा एउटा मारुण्ड नामको चरो पनि बस्दथ्यो उसका दुईवटा टाउका थिए तर पेट भने एउटै थियो । एक दिन त्यो चरो नदी किनारमा डुल्दै थियो । डुल्दा डुल्दै अमृत भ्कै मीठो फल भेटायो । खुशी हुँदै उसले त्यो फल खायो । फल निकै मीठो थियो ।

उसले सोच्न थाल्यो, "यस्तो अमृत जस्तो मीठो फल त पहिले कहिल्यै खाएको थिईन । निश्चित नै मेरो भाग्यले यो फल मलाई पठाईदिएको हुनुपर्दछ ।"

पहिलो मुखले यस्तो कुरा गरेको सुनी दोश्रो मुखले भन्यो –"भाई ! यदि यो त्यति धेरै मीठो छ भने थोरै दिएर मलाई पनि यसको स्वाद चखाउ न । "

यो सुनेर पहिलो मुखले भन्यो "ए दाइ हाम्रो पेट त एउटै छ । आखिर सबै जाने त त्यही पेटमा नै हो । फेरि बेग्ला बेग्लै खाएर के फाइदा ? यस भन्दा त म यही उचित सम्भन्छु कि मैले खाएर जति यो बाँकी छ त्यो हामी आफ्नी प्रियसीलाई दिऊँ यसबाट ऊ पनि खुशी हुनेछ । यति भनेर उसले बाँकी रहेको फल आफ्नी पत्नीलाई दियो ।

त्यो फल खाएर पत्नी एकदमै खुशी भई । अनि आफ्नो पतिप्रति विशेष प्रेमभाव व्यक्त गर्न थाली तर त्यसै दिन देखि त्यो दोश्रो मुखे उदास रहन थाल्यो ।

केही दिनपछि दोश्रो मुखले एउटा विषफल भेट्टायो त्यो देखेर उसले पहिलो मुख जसले अमृत फल भेटाएर पनि एक्लै खाएको थियो । उसलाई भन्यो "हेर ! आज मैले यो विषफल भेटाएको छु, त्यस दिन तैले मेरो अपमान गरेको थिइस् । आज त्यसको बदला लिनेछु । "

प्रथम मुखले भन्यो – " मुर्ख ! यो खायो भने त हामी दुबै मर्छौं । " तर दोश्रो मुख प्रति यसको कुनै प्रभाव परेन् । उसले त्यो फल खायो । अनि फेरी त्यही भयो जो नहुनु थियो । त्यो पन्क्षीको मृत्यु भयो ।

# १७. पश्चाताप

एकादेशमा एउटा व्यापारी बस्दथ्यो । ऊ निकै धनी थियो तर अत्यन्तै लोभी थियो । सम्पत्तिले भरिपूर्ण भए पनि उसले कसैलाई कुनै किसिमको सहयोग गरेका थिएनन् । अरुलाई दान दक्षिणा त परैजाओस उनी आफैले न राम्रो लुगा लगाएका थिए । यतिसम्म कि पैसा खर्च हुन्छ भनेर उनी विहे नै नगरिकन एक्लै बसेका थिए । उनको ध्यान खाली कसरी सम्पत्ति जोडन सकिन्छ भन्नेमा नै केन्द्रित थियो ।

त्यसो त व्यापारी जाँगरिला र परिश्रमी पनि थिए । उनले घरमा एउटा कुकुर र एउटै घोडा पालेका थिए । कुकुर र गधा अति नै असल र इमान्दार थिए । कुकुरले व्यापारीको घरको रेखदेख जिम्मा पाएको थियो । उसले आफ्नो कर्तव्य ठानी घरमा कोही अपरिचित व्यक्ति ठानी घरमा कोही अपरिचित व्यक्ति आउने बित्तिकै भोकिहाल्थ्यो जसका कारण नयाँ –नौलो मान्छे त्यो व्यापारिको घरमा जान हत्तपत्र सक्दैनथे, डराईहाल्थे ।

घोडा भने भारी बोकेर बजार आउने जाने गर्थ्यो । व्यापारी बुढाका सम्पूर्ण सरसमान उसले नै ओसार पोसार गर्नु परेको थियो । घोडाले पनि यसलाई आफ्नो जिम्वेवारी ठानी इमान्दारपूर्वक कार्य गरेको थियो ।

कुकुर र घोडा बीच अत्यन्तै राम्रो मित्रता थियो । तिनीहरुमा पनि एकले अर्कालाई परेका बेला सहयोग गर्थे । उनीहरुको मित्रता देखेर व्यापारी बूढा पनि साऱ्है खुशी थिए । उनीहरुकै इमान्दारिता र लगनशीलता ले गर्दा ती व्यापारी अपार धनी भएका थिए । व्यापारीलाई भने आफू यति धनी भएको यिनै कुकुर र घोडाले भन्ने सोच्न सम्म पनि फुर्सद थिए । त्यसैले कुकुर र घोडाले व्यापारीबाट त्यति राम्रो जस पनि पाएका थिएनन् ।

बूढो व्यापारी अत्यन्तै लोभी एवम् कन्जुस भएकोले आफुले मीठा– मसिनो कहिल्यै नखाएपनि पेटभरि खाना भने खान्थे । तर आफ्नै घरमा पालिएका कुकुर र घोडा चाहिँ पेटभरी खान दिँदैनथे । व्यापारीको यो नियति भोग्नुपर्दा पनि कुकुर र घोडा चुप थिए । उनीहरुले केही बोलेकै थिएनन् ।

एक रात व्यापारी बूढा खानपिन गरी चाँडै ओछ्यानमा सुत्न गए । थकाईले होला, त्यो रात व्यापारी चाँडै नै निदाएछन् । उता कुकुर र घोडालाई भने आधा पेट भोकै रहेकोले थकाई लागे पनि निद्रा परेको थिएन । रात छिप्पिँदै गएको थियो । बाहिर चकमन्न अँध्यारो थियो । त्यो रात कृष्ण पक्षको रात थियो । यही मौका छोपी सोही रात व्यापारीको घरमा फोरेर चोरहरु भित्र पसे ।

चोरहरुले व्यापारीको घर भित्र यत्रतत्र छ्यामछुम गर्न थाले व्यापारी चाहिँ मस्त निद्रामा थिए । उनी फ्वाँ–फ्वाँ गर्दै घुरिरहेका पनि थिए । कुकुर र घोडाले भने चोरहरुका सबै क्रियाकलाप नियाली रहेका थिए ।

मालिकको यत्रो सम्पत्ति चोरिन लाग्दा पनि कुकुरले कुनै प्रतिक्रिया जनाएको थिएन । त्यो देखेर घोडाले कुकुरलाई चाँडै भुकेर मालिकलाई उठाउने भन्यो । तर पेटभरि पनि खान नदिने अविवेकी र कन्जुस मालिकको धन बचाउन आफू नभुक्ने कुरा गऱ्यो । अनि कुकुरले इमानदारिता पालना गरेन, बेईमानी गऱ्यो भन्दैमा आफूले पनि बेईमानी नगर्ने विचार गरी घोडा आफै बेस्सरी कराएर सुतेको मानिसलाई उठाउने प्रयास गऱ्यो । घोडा कराएपछि व्यापारीको निद्रा एक्कासी भङ्ग भयो ।

बेसमयमा निद्रा खुलेको झोकमा जुरुक्क उठेर व्यापारीले घोडाको ढाड नै भाँचिने गरी लौरोले बेस्सरी हिर्कायो । व्यापारीको कुटाईले शिथिल बनी घोडा त्यहीँ ढल्यो । त्यतिबेला सम्म चोरहरु भागिसकेका थिए । यो कुरा व्यापारीलाई पत्तै भएन ।

# १८. अल्छीको भाग्य

एकादेशमा एक जना गरिब मानिस बस्दथ्यो । ऊ बलियो बाङ्गो र मोटो घाटो थियो । तर ऊ काममा भने सधैं ठग्दथ्यो । ऊ एक नम्बरको अल्छी थियो । कसैले कुनै काम अह्रयो भने सकेसम्म नगरेर टारिरहन्थ्यो । उसको यस्तो अल्छी स्वभावले गर्दा मानिसहरु उसलाई मन पारउँदैनथे । यही कारणले ऊ दिन प्रतिदिन गरिब र दरिद्र हुँदै गईरहेको थियो, संगै साथका साथीहरु भने दिन दिन  सुखी र एकमानको बन्दोबस्त राम्रो हुँदै गएको थियो ।

यसरी संग साथीहरुको बन्दोबस्त भएको तर आफ्नो अवस्था भने विग्रिँदै गएको देखेर ऊ रात दिन भाग्य र ईश्वरलाई गाली गरिरहन्थ्यो – "म माथि मात्र भाग्यले अन्याय गऱ्यो । नत्र संगैका साथीभाई भने सुख पाउनु,मैले मात्र दुःख पाउनु किन ? यो सरासर म माथि भाग्यको अन्याय हो । " उसको यस्तो कुरा सुनेर वरिपरिका मानिसहरु उसलाई सम्झाउँथे – "ए बाबै  तँ भाग्यलाई मात्र किन दोष दिन्छस ? भाग्यले के गर्ने ? भाग्य भयो भनेर डोकोमा दुहेको दूध अड्छ र ? दूध अड्याउन त गाबमै दुहुनु पर्छ । तै पनि खालि भाग्यलाई दोष नदिएर आफ्नो जीउले सक्दो काम गर् न । "

तर त्यो अल्छी भने भाग्यलाई मात्र सरापिरहन्थ्यो –"होइन, मलाई भाग्यले नै अन्याय गरेको हो । नत्र भाग्यले दिऊँ भने हुन नसक्ने के छ र ? " यसरी रातदिन त्यो अल्छीको सराप सुन्दा सुन्दा देवता हैरान भए ।

'लौं हेरौं त यो अल्छीले आफ्नो भाग्यलाई कसरी थामेर राख्दो रहेछ ? भन्ने विचार गरेर एक दिन राति उनले त्यस अल्छीलाई सपना दिए – "ए अल्छी तैँले भनेको ठीक हो ! भाग्यले दिऊँ भने नसक्ने के छ ? तर तँसँग तेरो भाग्यले साँच्चै अन्याय गरेको थियो । अब उसको बुद्धि फर्क्यो । ऊ अब तँ माथि खुशी भएको छ । त्यसैले उसले तँलाई सुन दिने निश्चय गरेको छ । भोलि विहान ठीक ६ बजे विष्णुमती खोलामा तेरो भाग्यले सुन बगाएर पठाउने छ । त्यतिबेला तँ गएर एक गाग्री पानी र एक बोरा बालुवा बोकेर ल्याउन सकिस भने तँ धनी हुनेछस् ।"

यस्तो सपना देखेर त्यो अल्छी विउँभ्यो अनि भोलि त सुनको भारी पाएर म खुबधनी हुने भएँ भन्ने खुशीले आफ्ना छिमेकीहरुलाई यो खबर सुनाउँदै हिँडयो ।

उसका कुरा सुन्नेहरु यो बहुलाएछ भनेर हाँस्न थाले । ऊ पनि भोलि त धनी भईहाल्छु, धनी भएपछि नाना झन्झट आईपर्छन् । भने जस्ता गरी सुत्न पाइँदैन, आज एक दिन मजसँग सुतौं भन्ने मनमा विचार गरेर त्यो रात मजासँग सुत्यो । भोलिपल्ट विहान छ बज्नु भन्दा अगाडि नै उसका आँखा खुले । ऊ झटपट एउटा गाग्री र एउटा बोरा लिएर खोलातिर गयो । तर बीच बाटोमा पुगेपछि उसले एउटा बडो नरम घाँस भएको छहारी देख्यो ।

अल्छी त ऊ छँदै थियो र धनी हुने छटपटीले उसलाई राति राम्रो निद्रा पनि परेको थिएन । त्यस्तो नरम घाँसको विछ्याउनमा एकछिन सुतेर गए के होला त ? समय पनि भएको छैन, एकछिन अघि र पछिको कुरा त हो भन्ने विचार गरेर ऊ छहारीमा पल्टियो र एक छिनमा भुसुक्क निदायो ।

त्यसपछि आँखा खुल्दा त घाम झलमल्ल लागिसकेको रहेछ । हत्त र पत्त नजिकैको बोरा र गाग्री टिपेर ऊ खोला तिर दुगऱ्यो । खोलामा पुगेर झटपट पानी र बालुवा लिएर घर आयो । घरमा ल्याएर खन्याएर हेर्छ त सुनको सट्टा बालुवा र धमिलो पानी मात्रै पायो । यो देखेर ऊ सार्है दुःखी भयो । त्यस बेला उसको छिमेकको अर्को गरिब हतारिँदै आएर भन्यो – "भाइ तिमी मलाई आज भाग्यले सुन दिन्छ भन्थ्यो ; सुन त मलाई पो दियो । आज बिहान ६ बजे खोलामा पानी लिन गएको त पानीको सट्टा एक गाग्रो सुन पो पाएँ ।

छिमेकको त्यस्तो कुरा सुनेर अल्छी आफ्नो भाग्यदेखि रिसले आगो भयो – "यस्तो बेइमान ईश्वर । मलाई सुन दिन्छ भनेर झुक्याएर अर्कालाई सुन दिने । मलाई बालुवा र मैलो पानी दिने । यस्ता पापी ईश्वर । "

यसरी सराप्दैं ऊ सुत्यो । अनि राति सपनामा उसलाई ईश्वरले भने –" मूर्ख ! तैंले अल्छीले गर्दा आफ्नो भाग्य गुमाईस । समय र मौका एकै पटक आउँछ त्यसलाई छोप्न सक्नुपर्छ । तँ जस्त अल्छीले बालुवा र मैलो पानी बाहेक के पाउँछस् ?

# दाङ जिल्लाको नक्सा

